१५०७२

१९९-यौटा ठट्टा



कमल दीक्षित

DOMS
Definate

विमोचित

१५०७३

१९९चौटा ठट्टा

(रोटरीका)

रोटेरियन
कमलेमणि दीक्षित

पाटन रोटरी क्लव
ललितपुर

NON-COMMERCIAL

१९९चौटा ठट्टा (रोटरीका)

लेखक: रो. कमलमणि दीक्षित

प्रकाशक: पाटन रोटरी क्लब,
नारायणी होटल, ललितपुर ।

चित्रहरू: कुन्द दीक्षित

संस्करण: पहिलो २०५४ असार

मूल्य: (पाटन रोटरी क्लबको
कल्याणकोषलाई सहयोगार्थ)
रू. १००

मुद्रक: जगदम्बा अफसेट प्रा. लि.
ललितपुर ।

फोन: ५२१३९३, ५३६३९०

फ्याक्स: ५२९०१३

199 Jokes (of Rotary)

by: Rtn. Kamalmani Dixit

Published by: Rotary Club of Patan
(Dist 3290) Nepal, June 1997

भूमिका-प्रकाशकीय

रोटरीका प्राय: सबै क्लबले आफू आफ्ना मातहतमा भए-गरेका कुराको अभिलेख राख्ने प्रचलन छ । ती स्वभावत: थरी-थरीका हुन्छन् । शुरूशुरूमा 'रोटरी क्लब अफ् पाटन'का हामी त्यति नियमित र सफल हुन सकेको देखिन्न । वर्ष बित्दै जाँदा, केही समय यता, हामी नियमितरूपले आफ्नो साप्ताहिक मुखपत्र प्रकाश गर्नमा सफल भएका छौं । यदा-कदा सीमाले नेटो काटे पनि, साधारणतया, यो पत्र- "ललितधारा" दुइ पृष्ठको हुन्छ र हरेक साता हुने मीटिङ्को चुस्त विवरण यसमा पाइन्छ । यो, एक किसिमले हाम्रा साप्ताहिक बैठकका कार्यविवरणको बही (Minute Book) हो भने हुन्छ । बैठकमा छलफल भएका कुराहरूको विवरणबाहेकै यसमा "रोटरी ज्ञान" बारे प्रशस्त खुराक पाइन्छ । यसबाहेक, यसमा अर्को एउटा नियमित स्तम्भ पनि हुन्छ त्यो हो "एउटा ठट्टा"को प्रकरण जसलाई "ललितधारा"को खास विशेषता मानिन्छ । चाख लिई पढ्ने जोसुकै व्यक्तिलाई पनि यसबाट प्रशस्त मनोरञ्जन मिल्ने हुनाले "ललितधारा" हातमा पर्नासाथ जसको पनि आँखा पहिले पछिल्लो पृष्ठमै पुग्छ । यो कहिलेकाहिं पेट मिची-मिची हाँस्नु पर्ने हुन्छ भने कहिलेकाहिं ठट्टा आफैं तिर सोझ्याइएको पनि अनुभव हुन्छ ।

मिहिन तरीकाले मर्मभेदी टुक्का जोडी हरेक साता

यस्तो ठट्टा उब्जाउनु सहज-सजिलो वा सुगम तवरले पाइने कुरा होइन । नेपाली पारामा कुँदी ठेट हिमाली पाइन चढाइएका यी ठट्टाहरूको श्रृंखला तयार पार्ने अदम्य बुता भएका हाम्रा वरिष्ठ रोटेरियन, सिद्धहस्त लेखक कमलमणि दीक्षितलाई वीणावाहिनी देवी सरस्वतीको विशेष वरदान मिले जस्तो छ । यी मनोरञ्जनात्मक ठट्टाको प्रवाहमा कहिल्यै गतिरोध आउँछ आउँदैन यसै भन्न सकिन्न, तर भगवानका कृपाले "ललितधारा"का सम्पादकका यी धारावाहिक ठट्टाको मुहान कहिल्यै सुक्नजाने छैन भन्ने हाम्रो दृढ आशा एवं भरोसा छ । त्यस्तै होओस् ।

तर वितेका केही वर्ष भित्रै हामीसंग यस्ता ठट्टाको संगालो यति भैसकेछ । तिनलाई दिगो जीवन दिने कुनै उपाय नगरे यत्रो परिश्रम र उपादेयता त्यसै खेरा जाने हुनाले यिनको संकलनलाई पुस्तकाकारमा राख्न पाए रोटेरियन बाहेकै अरु साधारण पाठकलाई समेत फाइदा हुने थियो । तर पुस्तक छाप्ने कसरी र कसका सामर्थ्यले ?

यसैबीच, "ललितधारा"का सम्पादकबाटै रोटरी क्लब अफ् पाटनका नाममा प्रकाश गर्ने तर क्लबको कुनै आर्थिक दायित्व नपर्ने र प्रकाशक भैदिए बापत् ५०० थान पुस्तक क्लबलाई नि:शुल्क दिने कुराको, अन्दाजै नगरिएको, प्रस्ताव आयो र विनायास प्राप्त भएको यसकिसिमको नाम पनि हुने दाम पनि पाइने कीर्तिपुञ्जलाई रोटरी क्लब अफ पाटनले सहर्ष अंगाल्यो सहस्र धन्यावाद दिदै ।

बिनामोल हातलागेको यो अनमोल चीज पाठकहरूका समक्ष उपस्थित छ। हाम्रो यो प्रयास कतिसम्म सफल भयो भन्ने कुरा पाठकवर्गको अभिरुचिमा भर पर्छ। मन परेछ भने हामी अवश्य प्रोत्साहित भएर अघि-अघि बढ्ने छौं।

यस पुस्तिकाको बिक्री वितरणबाट उठेको रकम रोटरी क्लबको परोपकार कार्यमा लगाइनेछ तापनि यो प्रयत्नबाट पाइएको सारा जश "ललितधारा"का दिलदार सम्पादकलाई जानेछ।

यो त भयो रोटरी क्लबका अध्यक्षको हैसियतले प्रकाशक भएर भनिने कुरा। तर ठट्टैठट्टाको पुस्तिका हुनाले, मौकापाएका बखत, एउटा व्यक्तिगत ठट्टाको पनि कुरा गरी हालूं।

मेरो पुस्तक 'नी' को भूमिका लेख्दा कमलमणिले मन फुकाएर आफ्नो कलमलाई बाइपंखी रफ्तार दिएको पाइन्छ, किन रे भने बिनापैसा आफ्नो गाथा छपाएर निजी ख्याति बढाउन पाइयो रे भनेर। त्यसैले, अहिले अनुकूल परेका बखत, सित्तैमा पाऊ भन्दैमा तीन माना चूके चाट्नपट्टि नलागेला पनि केही त तितो-मिठो म पनि भनिहालूं।

कमलमणि र विष्णुप्रसादका बीच सहपाठीका हैसियतले सम्बन्ध स्थापित भई खारिएको विक्रम सम्वत् १९९७ को वसन्तदेखि हो। कथा लामो छ। बितेका ५७ वर्षमा सधैं दिव्य वसन्तको बहार रहेन; वर्षा, हेमन्त, शिशिर आदिले आफ्नो प्राकृतिक पालो पुऱ्याए। फलस्वरूप,

हाम्रो पारस्परिक बोली-व्यवहारमा अनौठोपन अजरामर भएर लुकेको हुनपुग्यो । हामीले गरेको "झगडा" हामी बल्झिएको "वाक्युद्ध" इत्यादि देखे-सुनेर कति केही बेर अलमल्लमा पर्छन्, कोही 'नचाहिने व्यक्तिगत कुरामा के लठारिइरहेको' भन्छन्, कोही "केटाकेटी बुद्धिका बुढाहरू" भन्छन्, अनि कोहीभने "यी कुकुर-बिरालाझैं सधैं यस्तै हुन्" भनेर पन्छिइन्छन् । हरेक "गाली-गलौच"मा वा "ऐ -झगडा" मा अन्तर्निहित केही हास्य, केही व्यंग्य, केही स्नेह, केही घनिष्टता, केही खसो र धोद्रो भएर पनि परस्परमा तानिने चुम्बक भएको चाहिं आपनै घरका परिवारले पनि सहजै बुझ्दैनन् । भने यदा-कदा भेट हुने अरू साथि-भाइले कसरी बुझुन् ? त्यसभन्दा पनि हाम्रो आनी-बानी नपाएका अरु भनौं- खास गरेर ठेट नेपाली भाषामा दखल नभएकाहरूलाई त हाम्रा ठट्टा-कुराहरू बुझ्न गाह्रो पर्ने नै भयो, रुर्को लाग्ने नै भयो ।

यस्तो गन्थन जति लेख्तैगए पनि हुन्छ; तर मलाई के लाग्छ भने हाम्रो बानी-बेहोरा, परिवारिक परिस्थिति, पढाइका विषय, पेशा इत्यादि कतिपय कुरा फरक-फरक भएपनि कसो-कसो आत्मियता वा घनिष्टताको तन्तु नतुहिईकन सन्ताउन्न साल बितेभने अब बाँचिने केही वर्षमा के पो भइहाल्ला त ! त्यसैले कमलमणिका लागि एउटा ठट्टा पनि हालिहालूं–

आफैंले मनखुसी बटुलबाटुल पारेर गुँथेका ठट्टाको मालामा रोटरी क्लबको प्रकाशकीय महक छर्की लटकाउन पाए इज्जतको बासना फैलने थियो भन्ने प्रलोभनमा

परेर आफ्नै प्रेसमा आफैंले पैसा लगाएर छापेका १००० प्रतिमध्ये आधा बुजो मात्र रोटरीलाई दान दिने रे भनेपछि माथि उद्घोषित "दिलदार वदान्यता" एवं "उदार हृदय" भित्र अलिकति कंजुस्याई पनि लुकेको रहेछ भन्ने लाग्न थालेकोछ मलाई ! हजारै प्रति रोटरीले पाएको भए सम्पादकजीको पूर्ण गुणगानका साथै परोपकारको थैली पनि त डब्लिने थियो भनेर यहाँनिर भनिहालू कि ?*

अध्यक्ष, रोटरी क्लब अफ पाटन, ललितपुर
२०५४ साल जेठ ३० गते

**यो भूमिका– प्रकाशकीय छापिने प्रेसमा गैसकेपछि कमलमणिजीले, मेरा यिनै वाक्यबाट प्रभावित भएर होला, यस किताबका छापिएका एक हजार प्रति नै हाम्रो क्लबलाई उपहार गर्ने विचार गर्नुभएछ । उहाँको यो उदारताले अब क्लबले आफ्नो अक्षय कोषमा कममा पनि एकलाख रुपियाँ थप्न सक्ने भयो । त्यसैले दीक्षितजीलाई माथि टक्राइएको धन्यवादको राशी पनि डब्ल्याउनै पर्ने भयो । अतः म आदर्श रोटेरियन श्री कमलमणि दीक्षितलाई क्लबका तर्फबाट पुनः यथायोग्य धन्यवाद अर्पण गर्दछु ।*

–वि. प्र. धि.
बैशाख, असार १५ गते

यो किताप नै एउटा भयङ्कर ठट्टा हो । 'कालो अक्षर' देखि 'सग्लो अक्षर'सम्म लेख्ने, अनि 'बुइगल' देखि 'सुन्दरानन्दको रामयण' सम्म सम्पादन गर्ने कमल दीक्षितले यति 'तल ओर्लेर' हो कि यति 'माथि उक्लेर' ख्यालठट्टा जम्मा गर्न थाल्नुलाई निकै ठुलो ठट्टा नभनेर के भन्नु ?

त्यतिमात्र होइन आफुले 'गणेश' भएर लेखिमात्र दिएको अथवा 'कृष्ण' भएर जतातैबाट स्यमन्तक 'चोर्दै' ल्याई थुपारेका वस्तुलाई स्वाट्टै आफ्नो पारी आफूलाई 'लेखक' भनिटोपल्नु पनि एउटा कुटिल ठट्टा नै होइन र ? यस कार्यलाई ठट्टा नभन्ने हो भने यसलाई अरु अर्को कुनै नाम दिनुपर्छ होला । त्यसो नगरौं !

पाटन रोटरी क्लबको मुखपत्र साप्ताहिक बुलेटिन "ललितधारा"को सम्पादक भएर मैले गत ३/४ वर्षदेखि काम गर्दै आएको छु । अध्यक्ष विश्वकान्त मैनालीदेखि सागर शमशेर, विजय वज्राचार्य, तीर्थमान शाक्य हुँदै ऐले विष्णुप्रसाद घिमिरेजीसम्म आइपुग्दा पनि मैले सम्पादकको भारी बिसाउन पाएको छैन । 'भारि बिसाउन' भनेर त यहाँ मैले आफ्नो भाउ बढाउन खोजेको मात्र हो, वास्तवमा यो सम्पादन गर्ने अभिभारा कसैले मबाट खोसिदेला भनेर म 'त्राहिमाम्' छु । मलाई यो बुलेटिन

छापेर निकाल्ने नशा नै लागिसकेको छ, लागू पदार्थ खाएजस्तो भएको छ भनेर मैले सकार्नु पर्छ होला अब त !

रोटरिका पत्रपत्रिकामा, आर. आइ. को 'द रोटरियन' लगायत सबैतिर रोटरी ज्ञान र रोटरी सम्बन्धी सूचनाहरूका अतिरिक्त हांसो ठट्टालाई पनि ठाउँ दिएको देखेकाले मैले "ललितधारा"मा पनि पुछारमा एउटा दुइटा ठट्टा हाल्ने हिम्मत गरें । त्यो साथीहरूले चाख लिएर पढेको र मनपराएको देखेपछि त्यसलाई निरन्तरता दिन म लागें । तर सधै भनेका बेलामा ठट्टा कहाँ पाउनु ? त्यसो हुँदा म यताउता 'हात साफ' गर्न थालें । कैले रोटरीकै विभिन्न पत्रपत्रिकाबाट कैले, 'रिडर्स डाइजेष्ट' जस्ता लोकप्रिय पत्रिकाहरूबाट र कैले चाहिं यस्तै 'ठट्टामजाक'का किताबहरूबाट समेत 'जोक'हरू चोरचार गर्ने गर्नुपऱ्यो मैले "ललितधारा" मा भर्न । यस्ता ठट्टाहरू जोर्न कैलेकाहिं हाम्रै क्लबका साथीहरूले पनि सघाउनु भयो, जानाजानी कैले र कैले नजानी नजानी ! यसरी दशतिरबाट चोरेर, सोरेर, जोरेर जम्मा पारेको किताबमा लेखक भनेर नाम राख्न मलाई सङ्कोच लागेको हो पैल्नेबाट त । संपादक भन्नु पर्छ भन्ने लाग्याथ्यो । तर संपादक लेख्ता त लेखक भनेको भन्दा पनि ठूलो ठट्टा हुँदो रहेछ । पुछारमा सही गर्ने मन्त्रीलाई भित्र्याउँदा (नं. ७५) अथवा

'पेट दुस्स' हुने नानीलाई धामीकहाँ पुऱ्याउदा (नं. १७०) के संपादन गरें भन्नु मैले ? वरू नेपाली वातावरण सिर्जना गर्न, अथवा नेपाली जनजिब्रो फटकार्न चाहिं मैले केही अक्षर कोरेकै छु, केही शब्द जोरेकै छु। त्यसैले ठट्टा भए पनि लट्टा नपरून्जेल म यसको लेखकै हूँ भन्ने दावी गर्दै गर्दै।

अलिकति थप ठट्टा यसको भूमिका-प्रकाशकीय लेखक रोटरियन अध्यक्ष विष्णु प्रसादजीले गर्नु भएको छ भनूँ। किनभने विष्णुप्रसाद धितालजीले आफ्नो पुस्तक 'नी' निकाल्दा मबाट भूमिका लेखाउनु भयो– ऐले मेरो यस किताफको भूमिका उहाँ नै लेख्दै हुनुहुन्छ। परिचय उहाँ दिदै हुनुहुन्छ। यो पनि परिस्थितिको एउटा ठट्टा या विधिको विडम्बना नै होइन त ?

तर, धितालजीको भूमिका-प्रकाशकीय चाहिं ठट्टा होइन। त्यो गुरुगम्भीर विषय हो। तपाईंहरू स्वयम् पढिहेर्नुस्। अरू के भन्ने ?

कदी

१. एकजना श्रीमान् र श्रीमतीको घरखर्चको कुरालाई लिएर जहिले पनि ह्याकह्याक ठूकठूक परिरहन्थ्यो । एकदिन श्रीमान्लाई रिझाउन भनी श्रीमतीले भनिन् "मैले हजूरले भनेको जस्तै धेरै पैसा खर्च नगरेर एक हजार रूपियाँ आफ्नो ब्याङ्कमा हालिदिएं ।" पतिदेव खूब दंग परे । भने- " हो कि होइन त ? पैसा बचाउन त्यति गाह्रो हुँदोरहेछ त ?" फुर्केर पत्नीले भनिन्- "गाह्रो हुँदोरहेनछ बचाऊँ भनेपछि ! मैले ती तिनुपर्ने बिल जति सबै च्यातेर फालिदिएँ, अनि त हजार रूपियां उब्रिहाल्यो !"

☆ ☆ ☆ ☆

२. दुईजना मित्रहरूको भेट भएछ अलि धेरै दिनपछि । अरू भलाकुसारी गरिसकेपछि एउटाले सोधेछ "यार, त्यो तेरो भाइ थ्यो नि, एउटा जागीर खोज्दैथ्यो । त्यो के गर्छ ऐले हँ ?"

अर्कोले जवाफ दिएछ "ए ! त्यो ? केही पनि गर्दैन अब त सरकारी जागीर पाइहाल्यो नि त्यसले !"

☆ ☆ ☆ ☆

३. एकजना सन्त महात्मालाई एकजना तरूनी भक्तिनीले एक दिन प्रश्न गरिछन् " महात्मन् स्त्री जातिले ओठमा लाली लाउनुहुन्छ कि हुँदैन हजूर के आज्ञा हुन्छ ?" महात्माले भन्नुभाएछ "

सुन्दरी, कोहीकोही यसलाई पाप ठान्दछन्, कोही कोही चाहिँ यो केही होइन लाए हुन्छ भन्दछन् । म भने यस विषयमा मध्यममार्ग अवलम्बन गर्छु, दुवैतर्फको आधा आधा कुरा मान्छु र भन्छु- दुवै ओठमा नलगाएर एउटा ओठमा मात्र लगाए केही हानी छैन !"

☆ ☆ ☆ ☆

४. एकजना निकै बोलिरहनुपर्ने सज्जन रहेछन् । चिन्ने नचिन्ने जोसँग पनि उनलाई कुरा नगरी नहुने ! एकैछिन बसमा भेटेको या हवाईजहाजमा भेटेका मान्छेसँग पनि उनी पुरानो साथीसँग जस्तै कुरा गर्न थाल्दा रहेछन् । एकदिन त्यस्तै परेछ तर उनले समातेका मान्छे चाहिं त्यति रसिक रहेनछन् । यी सज्जनले सोधेका कुरा जति उनी हां हूं मात्र भनी जवाफ दिंदारहेछन् । कुरै कुरामा यी बकबके सज्जनले भनेछन् 'मलाई मेरो स्वास्नीको खूबै माया लाग्छ । म त उनलाई असाध्यै प्रेम गर्छु । तपाई नि ?' भनेर सोधेछन् । यी महापुरुषलाई सारै शोक चलेछ, भनेछन्- "मैले तपाईको स्वास्नीलाई देखेको सम्म छैन, के प्रेम गर्नु ?"

५. एकजना रोटेरियन सज्जन रहेछन् । अत्यन्त पत्नीपरायण । उनका अर्का रोटेरियन नै मित्र रहेछन्– उनीचाहिं उति पत्नीपरायण होइनन् । उनीहरू बीचमा आफ्नो परिवारकै बारेमा कुरा हुँदोरहेछ धेरै जसो । एकदिन पत्नीपरायण मित्रले भनेछन्– "आफूले भएगरेका सबै कुरा म सधैं आफ्नी पत्नीलाई भन्ने गर्छु ।"

उनको सत्यवादिताको प्रशंसा गर्दै अर्कोले भनेछन्– "राम्रै गर्नु हुँदोरहेछ । तर त्यो के ठूलो कुरो भयो र ? मैले जस्तो गर्नुपर्छ– म त भएगरेका बाहेक नभएका नगरेका कुरा पनि भन्ने गर्छु मेरी पत्नीलाई ।"

☆ ☆ ☆ ☆

६. लडाइं चलिरहेको रहेछ । यताकाले पनि उताकाले पनि मार्ने समाउने धुन्ने काम त्यत्तिकै जोडतोडले गर्दै रहेछन् । लडाइं नै हो, कैलेकैले केही छिनलाई युद्धविराम पनि हुन्थ्यो । त्यस्तै 'युद्धविराम'को मौकामा सेतो झण्डा लिएर उताका केही सैनिक यता आएछन् । यताका कमाण्डरले सोधेछन्– 'के चाहियो ?' उताका सैनिकले फूर्तिसाथ सलाम

ठोकेर जवाफ दिएछन् "हामी केही साटा-साट गर्ने प्रस्ताव लिएर आएका छौं, सर" कमाण्डरले अचम्म मानेर सोधेछन् "के साट्छौ ?" सैनिकले उत्तिकै फूर्तिसँग जवाफ दिएछ "हजूर तीनचार केस बियर दिनुस्, हामीले थुनेका हजूरका दुई जना जनरललाई हामी फर्काइदिन्छौं !"

☆ ☆ ☆ ☆

७. हाम्रो राष्ट्रिय खेल जस्तो भएको 'पप्लू' का प्रेमी दुई जना मित्रहरू रहेछन्– तारे र टिल्के। सधैं खेल्नुपर्ने, कैले हार्ने कैले जित्ने। एकदिन दुई जनाको खाल भिन्दाभिन्दै ठाउँमा परेछ। भोलिपल्ट तारेको टिल्केसँग भेट भएछ। तारेले साधेछ– "हिजो त तेरो भाग्य निकै चम्केको थियो रे यार ! सांच्चै हो ?"। निचोरिएको निबुवा जस्तो अनुहार लगाउँदै टिल्केले जवाफ दिएछ–"मेरो भाग्य हिजो चम्केकै थियो भन्नुपर्छ। हिजो खेल खतम भएपछि तल ओर्लें, भऱ्याङनिर कुनचाहिँले हो दुई रुपियाँको नोट खसालिराखेको रहेछ। त्यो पनि नपाएको भए त मैले हिंडेर घर आउनुपर्ने !"

८. आफ्नो छोरी माग्न आउने एउटा केटाको सबै कुरा सुनिसकेपछि धनी बाबुले भनेछन् "हुन त हुन्छ, म छोरी दिन्छु तिमीलाई । तर तिमी उसको खर्च बेहोर्न सकौला के ? उसको बढखर्चीले मेरो त नाकमा दम पारिदिसकेको छ, तिमी कसरी भ्याउंछौ ?"

लाटो जस्तो लाग्ने त्यो केटाले भनेछ "त्यसो भए यसो गरूँन हजूर, हजूरको र मेरो दुवैको आमदानी छुवायपचाय मिलाऊँ न, अनि त सकिएला नि ।"

☆ ☆ ☆ ☆

९. एकजना बडा वकीलसाहेब रहेछन् । तर कैलेकाही भावनामा बगेर बोल्दा रहेछन् । एक दिन अदालतमा बहस शुरू हुँदा 'श्रीमान्' भनेर आरम्भ नगरी भुलेर उनले 'सज्जनवृन्द' भन्नपुगेछन् । उनको जिरह सकिएपछि एकजना उनका मित्र वकीलले उनलाई उनले गरेको गल्ती औंल्याइदिएपछि उनी तुरून्त माफी माग्न खडा भएछन् । भनेछन् "अघि मैले गल्तीले हजुरलाई 'सज्जन' भन्नपुगेछु, म क्षमा चाहन्छु, श्रीमान् !"

☆ ☆ ☆ ☆

१०. एकजना साधु रहेछन् । सधैं परोपकार गरी हिंड्ने । एकदिन एकजना महिलाले उकालीमा सकीनसकी

एउटा (ग्राम) बाबागाडी ठेल्दै जाँदै गरेको देखेर आफ्नो स्वभावअनुसार मद्दत गरी ती महिलाको 'ग्राम' लाई उनले सकीनसकी ठेल्दै माथि पुऱ्याइदिएछन् । अनि खुइय्य गरेर भनेछन्– "तपाईको नानीको मुख पनि हेरूँन एकपटक" । अचम्म मान्दै महिलाले भनिछन् "नानी रे ? कहाँको नानी हुनु ? यसमा त मैले मेरो खसमले धोक्ने जाँडको घैंटो पो बोकेर ल्याएकी !"

☆ ☆ ☆ ☆

११. एकजना रहेछन् अहम्मान्य, आफ्नै तारीफ गरिरहनु पर्ने व्यक्ति । साथी-भाइहरूलाई दिक्क पार्दा रहेछन्– जैले पनि आफ्नै बारेमा बोल्दा बोल्दा । एकदिन त्यस्तै बोर गरेर भनेछन्– "म कुनै ठूलो काम गर्न चाहन्छु तर त्यो हुनुपर्छ पूर्ण स्वच्छ र सफा काम । के गर्ने होला खोई !" उनको भनाइ सुनेर आजीत भएका एकजनाले सल्लाह दिएछन्– "सफा र ठूलो काम गर्ने होइन ? यसो गर्नुहोस् न । हाम्रा ज्ञवालीजीको चितवनमा थुप्रै हात्तीहरू छन्, एक दिन तिनीहरूलाई मलीमली नुहाइदिनुहोस् । हात्तीहरू ठूला त हुँदैहुन्छन्, नुहाएपछि स्वच्छ र सफा पनि हुन्छन् । त्यसै गर्नोस् ।"



१२. एकजना शौकिन शिकारी रहेछन् । पानीहाँस हान्ने ठूलो सोख रहेछ उनको तर सफलता चाहिं निकै कम प्राप्त हुँदोरहेछ । एक दिन त्यस्तै 'ट्रिप' मा जाँदा एकजना साथी पनि पछि लागेछन् । बन्दूक गोली-गठ्ठा, खानेकुरा सबै बोकेर उनीहरू टौदहका किनारमा पुगेछन् । सौभाग्यवश दहमा एक जोडा पानीहाँस पनि देखिएछन् पौडिरहेका । हस्याङ-फस्याङ गर्दै शिकारीले बन्दूक सोझ्याइहालेछन् । साथै गएका मित्रले हत्तपत्त सम्झाएछन् "होइन यार, तिमीले त बन्दूकमा गोली भरेकै छैन ।" शिकारीले ऊँकिएर भनेछन् "तिम्रो बाजे हाँसले पर्खिरहन्छ मैले गोली भरुञ्जेल !"

☆ ☆ ☆ ☆

१३. एकजना वकीलसाहेब रहेछन् । उनी महिलाहरूको पारपाचुकेका मुद्दा धेरै लिंदारहेछन् । जिताउँदा पनि रहेछन् । एकपटक त्यस्तै पाखे खालकी एकजना आइमाईको केस लिएका रहेछन् उनले । अदातलमा बहसको दौरान महिलाको बयान लिंदा उनले सोधेछन्

"भन्नुस् त राममायाज्यू तपाईंलाई तपाईंका श्रीमान्ले सधैं निर्दयताले पिट्नुहुन्थ्यो ?" राममायाले नबुझेर सोधिछन् 'केले भन्नुभो ?' वकीलसाहेबले अर्थ्याउँदै फेरि सोधेछन्– 'निर्दयताले पिट्नुहुन्थ्यो ?' राममायाले रूञ्चे अनुहार लाएर भनिछन्– "हो हजूर त्यत्ले पनि पिट्थ्यो कैलेकाही, तर धेरैजसोचाहिं हातैले पिट्थ्यो ।"

१४. यस पटक पनि एकजना वकीलकै कथा पऱ्यो । बिचरा वकीलसाहेबको प्राक्टिस उस्तो चल्दो रैनछ । जेनतेनले गुजारा गर्दा रहेछन् । तर प्राक्टिस रुन् रुन् घट्दै जांदा तल्लम् भएछन् । रोग लाग्यो, औषधि भएन । मरेछन् । दाहसंस्कार गर्ने खर्चसम्म पनि रहेनछ । र साथीभाइहरूले दया गरेर चन्दा उठाउन थालेछन् – दाहसंस्कारलाई । सय-सय रूपियाँ एकजनाबाट उठाउँदै रहेछन् । एकजना न्यायाधीशकहाँ पुगेछन् र सय रूपियाँ बक्सन्छकि भनी अनुरोध गरेछन् । न्यायाधीशज्यू वकीलपीडित थिए क्यारे, वकीलहरूको पेशैदेखि क्षुब्ध रहेछन् । दाहसंस्कारलाई सय रूपियाँ चन्दा माग्नेको सुनेर भनेछन्– 'एकजना वकीलको दाहसंस्कार गर्न सय रूपियाँ ? ल, यो एक हजारको नोट लेऊ र उसका साथी अरू नौ जनालाई पनि ल्याएर सामूहिक दाहसंस्कार गरिदेऊ !"

१५. यसपालि एउटा नर्सिङ होमको कथा । एकजना बिरामी रहेछन् । निकै बिरामी भएर भर्ना भए तापनि राम्रो सेवाशुश्रुषाले तङ्ग्रिदै गएछन्, राम्रो हुँदै आएछ । अनि उनको रसिकता पनि बढ्न थालेछ । त्यहाँ रहिछन् एकजना किनै राम्री नर्स । काममा पनि राम्री, जिउडाल रूपरंग सबै राम्रो । हाम्रा रसिक मधौरू उनलाई मन पराउन थालेछन् । एक दिन आँट गरेर नर्सलाई भनेछन् "सिष्टर, म तपाईंलाई प्रेम गर्छु । मलाई त निको भएर अस्पताल छोड्न पनि मन छैन ।" नर्सले प्रसन्न मुद्रामा रसिकराजलाई भनिछन् 'धन्दै नमान्नुस् । तपाईंले निको भएर अस्पताल छाड्नै पर्दैन । तपाईको डाक्टर साहेब छन् नि, उनी पनि मलाई प्रेम गर्छन् र उनले आज बिहान तपाईंले मेरो हात समाएर माया गरेको देखिसकेका छन् !"

☆ ☆ ☆ ☆

१६. आज सम्पादकज्यूहरू र एउटी लेखिकाको कथा । एकजना सम्पादक एकजना नवलेखिकासँग जागीरका लागि अन्तर्वार्ता लिँदै हुनुहुँदो रहेछ । त्यस सिलसिलामा उहाँले सोध्नुभएछ– तपाईंले यसअघि कतै केही लेख्नुभएको थियो ?" मैयाँले भनिछन्– "थिएँ हजूर एउटा रसीलो आत्मकथा लेखेर त्यो

फलानो साप्ताहिकमा पठाएकी थिएँ" त्यो सुनेर सम्पादकज्यूले भन्नुभएछ– "खोई मैले त त्यो पढेको सम्झना छैन पक्कै पनि सम्पादकले त्यो लेख तपाईंलाई फिर्ता पठाइदिए होलान्" । लेखिकाले अलि लाज मानेर जवाफ दिइछन् "होइन हजूर, लेख त छापिएन। तर त्यो लेख पढेपछि सम्पादकज्यू मलाई भेट्न भनेर स्वयं काठमाडौंवाट पोखरा पाल्नुभएको थियो !"

☆ ☆ ☆ ☆

१७. एकजना श्रीमान् रहेछन्, आफ्नी श्रीमतीलाई असाध्य माया गर्ने । तर नगदनारायणलाई पनि उनी उत्तिकै माया गर्दारहेछन् । उनकी श्रीमतीले चाहिं कुकुर पालेकी रहिछन् अत्यन्त मायालु पाराले । त्यो कुकुरले बच्चा पाएको रहेछ– सारै राम्रो रहरलाग्दो छाउरो । ती श्रीमान्का एकजना साथीलाई त्यो छाउरो खूब मन परेछ । एकान्तमा लगेर उनले भनेछन् । "तिम्री श्रीमतीको त्यो छाउरो मलाई देऊ म तिमीलाई पाँच सय रूपियाँ दिन्छु" । श्रीमान्ले भनेछन् "कहाँ हुन्थ्यो दिन ! त्यो दिएँ भने त मेरो श्रीमती रुँदारुदै मर्नेछ ।" साथीचाहीले रुञ्चे अनुहार लाएको देखेपछि उनले फेरि भनेछन्– "ल भैगो अर्को पाँच सय थपिदेऊ मलाई, त्यसपछि जेहोस् उ रुदै मरे पनि मरोस् !"



।८. (सराप परेर भ्यागुतो भएको कुनै एक विचरोलाई अर्को कुनै तन्नेरी तरुनीले म्वाइँ खाइदियो भने भ्यागुताको जुनी छुटी ऊ सांस्कृतिकमोजिमको हुन्छ भन्ने अंग्रेजी दन्त्यकथामा आधारित छ यो ठट्ठा ।)

दुईजना अलि उमेर पुगिसकेका साथीहरू टहल्दै रहेछन् जगलको छेउमा । एउटा दुंगोमा बसेर एउटा थसुल्ले भ्यागुतो ट्वार गर्दै रहेछ । त्यो ट्वारट्वार अलि भिन्नै पाराको लागेर ती दुई जनामध्येको एउटा बूढाले अलि नजिकै गएर कान थापेछन् । अब त भ्यागुता राम्रैसंग मानिसले झैं बोल्न थालेछ ! भनेछ– 'तपाईले मलाई म्वाइँ

खाइदिनु भयोभने म एउटी तरुनी भैदिन्छु ।' यो सुनेर बूढाले त्यो भ्यागुतीलाई टिपेर खल्तीमा हालेछन् । त्यो सबै सुनी देखिरहेका अर्को बूढाले 'किन म्वाइ खाएर तरुनी नबनाइदिएको ?' भनी यिनलाई सोधेछन् । ती पहिला बूढाको जवाफ यस्तो थियो– "अहिले यो मेरो उमेरको मान्छेलाई तरुनीभन्दा एउटा बोल्ने साथीको आवश्यकता छ । बोल्ने भ्यागुतो पाएपछि मलाई अरू के चाहियो ?"

☆ ☆ ☆ ☆

१९. एकजना पट्ठा खूब ठाट्टिएर फूर्तिसाथ झिल्के मोटर चलाइरहेथे । मोटरको स्पीड अलि बढ्तै थियो क्यारे– गस्ती प्रहरीले समातिहालेछ । पुलिस इन्स्पेक्टर र ती पट्ठा बीचमा भएको कुराकानी निकै रोचक थियो । यस्तो:–

इ.– क्या हो साहेब, यस्तो ठाट्टिएर यत्रो स्पीडमा हिंड्ने !

पट्ठा– इन्स्पेक्टर साहेब, यसको कारण म बताउँछु ।

इ.– अब बरगीखानामा एकै दिन कुर्चा खानुस्, अनि हाकिमसाहेबलाई बताउनोस् ।

प.– होइन इन्स्पेक्टरसाहेब, मेरो कुरा त सुन्नुहोस् ।

इ.– म तपाईंका कुरा सुन्दिनँ यस्तो भीडमा

यस्तरी छिटो मोटर चलाउनेको सबै कुरा हाकिमसाहेबलाई सुनाउनुहोस् । तर के सुनाउनु होला ! आज त हाकिमसाहेब बग्गीखानामा सवारी नै हुन्न । तपाईको केश भोलि पेश हुन्छ । आज त उहाँको छोरीको बिहे छ ।

प.– हो इन्स्पेक्टरसाहेब त्यही कुरो त म भन्न खोज्दै थिएँ । त्यै बिहेमा जन्ति जान कुदेको म ! दुल्हो हुने नै मै हुँ । के गर्नु !"

☆ ☆ ☆ ☆

२०. एकजना सज्जनको कुरा गरूँ । उनी अलि भक्कभकाउँदा रहेछन् । उनले आफ्नो छोराको जन्मोत्सवमा एउटा चरा उपहार दिने निधो गरेछन् र चराहरू बेच्ने पसलमा पुगेछन् । उनको र त्यहाँका पसलेका बीचको कुराकानी यस्तो भएछ–

सज्जन– त-त तपाई स-सबै कि-कि-सिमका च-चरा रा-राख्नुहुन्छ ?

पसले– हजूर यहाँजस्ता चरा पनि छन् मर्जीहोस् ।

स.– म-म-मलाई ए-एउटा सु-सु-सुगा देखाउनोस् त ।

प.– यो लिनोस् हजूर फष्ट क्लासको छ ।

स– यो-यो रा-रा-राम्रो बो-बोल्छ ?

प.– हजूर, यसले हजूरभन्दा पनि राम्रो बोल्न सकेन भने म पैसै फिर्ता टक्रचाउँछु ।

२१. एउटा कथा छ एकजना नवोदित गायिकाको। अलिअलि शास्त्रीय संगीतको अभ्यास त गर्दिरहिछन् विचरी, तर भगवानले गला उति सुरिलो दिएको रहेनछ ! उनलाई भने ठूलो गायिका बन्ने महत्त्वाकांक्षा रहेछ। त्यसैले एकपटक उनी नारायणगोपालकाहाँ पुगिछन् र भनिछन्– 'हजूरले मेरो गाना सुनेर मलाई आशीर्वाद दिनुहोस् ।" नारायणगोपालले उनले गाएको एकाध गाना सुनेपछि गम्भीर भएर भन्नुभएछ– "मैयाँ तिमी छिट्टै विहे गरेर घरजम गर, मेरो आशीर्वाद छ।"

☆ ☆ ☆ ☆

२२. एउटा नयाँ ठट्टा। एकजना कम्प्युटर बेच्ने फूर्तिवाल सेल्समयान एउटा नयाँ कार्यालयका हाकिमकहाँ पुगेछन् । आफ्नो कम्प्युटरको गुणको बखान गर्दै उनले भनेछन्– "हजूर यसले जस्तो प्रश्न सोध्ने पनि जवाफ तुरून्त दिन्छ ।" हाकिमसाहेब ठटचौला रहेछन्। उनले कम्प्युटरलाई एउटा प्रश्न सोधे इच्छा गरेछन्। कम्प्युटरको कीबोर्डमा प्रश्न थिचेछन्– "मेरा पिताजी अहिले कहाँ हुनुहुन्छ ?" कम्प्युटरले एकैछिन हम्हुम् गरेर जवाफ छापेछ– "तपाईका पिता अहिले नारायणी नदीमा च्यापिटङ गर्दै हुनुहुन्छ।" हाकिमसाहेबले हांस्दै भनेछन्– गलत, मेरा पिताजी अहिले स्वर्गे भएको दश वर्ष भइसक्यो'।

सेल्समयान कतिपनि आत्तिएनछन्, भनेछन्– " होइन हजूर यो कम्प्युटरले बुझेन, प्रश्न अलि अर्कै पाराले गरूँन ।" हुन्छ भनेर हाकिमसाहेबले फेरि प्रश्न ठोकेछन्–"मेरी आमाका श्रीमान् अहिले कहाँ हुनुहुन्छ ?" तत्काल जवाफ छापिएछ– "तपाईंकी माताश्रीका श्रीमान् त स्वर्गे भइसक्यो । तर तपाईंका बुबाचाहिं अझै नारायणी नदीमा च्यापिटङ नै गर्दै हुनुहुन्छ ।"

☆ ☆ ☆ ☆

एकजना धार्मिक प्रवचन गर्ने विद्वान् हुनुहुन्छ । उहाँका प्रवचनहरू राम्रा भएपनि लामै हुन्छन् । त्यसैले श्रोताहरू उहाँसँग विरक्त हुन्छन् कैलेकाही । एकदिन श्रीमद्भागवत् कथाबारे बोल्दै भगवान्का दशैं अवतारको विशद व्याख्या गर्दै हुनुहुंदो-रहेछ उहाँ । मच्छे, कच्छे, बराह नृसिंह अवतार बताउँदैमा डेढघण्टा बितिसकेछ । बामनको पालो पुग्दा उहाँले आफ्नो श्रोतापट्टि फर्केर सोध्नुभएछ– "अब भन्नुस् बामन अवतारलाई म कहां बसालूँ ?" यो सुनेपछि उम्न लागेको एकजना सज्जनले उभिएर भनेछन्– "यी यहाँ मेरो आसनमा बसालिदिनुहोस्, मचाहिँ अब हिंडे ।"

२४. शहरभन्दा बाहिर एउटा सानोतिनो गर्लैंचा उद्योग चलाएर बस्ने एकजना भलाद्मी रहेछन् एकदिन साँझ उनले आफूकहाँ काम गर्ने एउटा कान्छा भन्ने युवकले फ्याक्टरीको लालटिन बोकेर बाहिर निस्केको फेला पारेछन् अनि हपार्दै भनेछन्– "हैन एक कान्छा यो लालटिन बोकेर कता जान लागेको यसबेला ?" कान्छाले अलि लाज मान्दै कान कनाएर भनेछ– "हजूर, मायापीर्तिको कुरो हजूर के भन्नु !" मालिकले अलि झोकिएजस्तो गरेर ठट्टा गरेछन्– "हैन ए, माया पीर्तिको कुरामा पनि लालटिन चाहिन्छ ? हाम्रो जवानीमा त हामीहरू अँधेरैमा भेट्थ्यौं !" कान्छाले अझ सानो स्वरमा जवाफ टक्र्याएछ– "हो हजूर, त्यसैले त नजर होस्न हजूर कस्ताको फेला परिवक्सियो" !

☆ ☆ ☆ ☆

२५. एकजना साहूजी रहेछन्– पैसाले अत्यन्त धनाढ्य तर, शिष्टाचार र नम्रतामा भने अलि गरीबै रहेछन् उनी । नचाहिंदो फूर्ति ढाँचालाई कत्ति पनि मन नपराउने एकजना अर्का डाक्टरसाहेब रहेछन् निकै नाम चलेका । ती दुईजनाको एकदिन जम्काभेट हुनपुगेछ । हाम्रा साहूजीलाई आराम

नभएर यी डाक्टरसाहेबलाई घरैमा बोलाएको रहेछ। उहाँहरू दुईजनाका बीच भएको वार्तालापको एउटा सानो अंश सुनौं –

डाक्टरसाहेब (प्रसन्न मुद्रामा)– ओहो साहूजी, नमस्ते के भएको हो तपाईलाई ?

साहूजी (साविकबमोजिम ठुस्सिएर)– कुन्नि के भएको हो जाँच्ने काम त तपाईको पो ! मलाई सोध्ने हो ?

डाक्टरसाहेब कत्ति पनि मुख नबिगारी, केही नभनी बाहिर जान लागेछन् । त्यो देखेर साहूजीले रिसाएर सोधेछन्–'होइन मलाई नजाँची कता जान लागेको ?'

डाक्टरसाहेबले उस्तै प्रसन्न मुद्रामा जवाफ दिएछन्– म एकजना साथीलाई लिएर आउँछु किनभने उनी मात्र सक्छन् बिरामीलाई केही पनि नसोधी रोगको निदान गर्न। उनी भेटिनरी डाक्टर हुन् नि !"

☆ ☆ ☆ ☆

२६. अदालतमा एकदिन। एकजना सरकारी अधिवक्ता न्यायाधीशसामू मुद्दा पेश गर्दै हुनुहुन्थ्यो। भन्नुभयो "श्रीमान् फलानो मुद्दाका सिलसिलामा मैले अभियुक्त रामबहादुरलाई बन्दिप्रत्यक्षीकरणमा त्याई

यहाँ हाजिर गराएको छु ।" अदालतको दर्शकहरू बस्ने ठाउँमा हुनुहुन्थ्यो एकजना सज्जन । उहाँले आफू नजिकै उभिरहेका एकजना अर्का श्रोतालाई बिस्तारै भन्नुभयो– "अचम्म लाग्छ मलाई यी अधिवक्ताहरूको कुरा सुन्दा ! अघि भरखर मैले देखेको त्यो रामबहादुरलाई पुलिस भ्यानबाट ओरालेका– यहाँचाहि यिनी नामै नसुनेको कुन्नि केमा पो ल्याएँ भन्छन् बा !"

☆ ☆ ☆ ☆

२७. एकजना सज्जन रहेछन् तर पटकै रस नभएका अरसिक । एकजना तरुनीसँग बाटामा कहिलेकाहीँ जम्काभेट हुँदोरहेछ । धेरै पटक यसरी देखादेख भइसकेपछि एकदिन भेट हुँदा ती तरुनी उनलाई हेरेर मुसुक्क हाँसिछन् । भोलिपल्ट पनि त्यस्तै भयो । पर्सिपल्ट चाहिं हाम्रा ती सज्जन पनि हाँसेछन् । त्यति मात्र होइन । उनले बोलेछन् पनि । भनेछन् : 'एक पटक त्यस्तै गरेर फेरि हाँस्नुस् त !" नानी मख्ख परि छन् । गाला र कान रातै पारेर लाज मानी उनी फेरि मुस्कुराइछन् । अनि, हाम्रा सज्जन त हाँसिका हाँस्यै ! बल्लबल्ल, उनको बोली फुटेछ– "क्या गजब ! हो रहेछ ! हाँस्दाखेरि त तपाईं ख्याक्कै खरायो जस्तै देखिनुहुँदो रहेछ !"

२८. पहाडका एकजना मुखियाबाको कथा हो यो । आधुनिकताले अलिकति छोएका तर 'दास' नबनाइसकेका रहेछन् उनी । अलिकति शहरिया ढाँचाले छोएछ । घरमा घडी राख्नुपर्‍यो, नाडीमा घडी पनि भिर्नुपर्‍यो । उनले त्यतिसम्म चाहिं गरिपुऱ्याएका रहेछन् । तर दम दिनुपर्ने घडीहरू दम दिन बिर्सिएपछि बन्द भइहालेछन् । एकदिन ऊर्ल्याँस्स भए उनी । कुनै घडी पनि चलेका छैनन्, के गर्ने ? रुट्टपट्ट एकजना हरुवालाई बोलाएर भनेछन्– "ए गोबे, जा जा त्यो तल सदर मुकामसम्म गएर कति बजेछ हेरेर आइज त !" गोब्रेले भनेछ, "मुखियाबा एउटा घडी दिनोस्नत म गएर भिलाएर ल्याउछु ।" मुखिया पड्केछन्– "ए जाबा, किन चाहिन्छ घडी ? गएर कति बजेछ लेखाएर ल्याउँन सक्तैनस् ?"

☆ ☆ ☆ ☆

२९. अमेरिकामा संसारभरिका गोप्य कुरा खोजीनीति गर्ने एउटा संस्था छ– एफ. बी.आई. भन्ने । त्यसले अरूतिरका बाहेक आफ्नै देशका पनि ठूलाठूला मान्छेका भित्रीभित्री कुरा खोजेर प्रेसिडेण्टलाई दिंदोरहेछ । तर प्रेसिडेण्ट केनेडी यस्ता कुरापट्टि चासो देखाउंदा रहेनछन् । एक

पटक त त्यस संस्थाका अध्यक्ष आफैले राष्ट्रपति केनेडीलाई भेटेर एकजना राजदुतका बारेमा जाहेर गरेछन् । भनेछन् "फलानो देशमा भएका हाम्रो फलानो राजदुतलाई एकजना ठूलै मान्छेले आफ्नो स्वास्नीको बेडरूमबाट निस्कँदै गरेको फेला पारेर खूब गोदेछन् । यो त ठीक भएन, इत्यादि ।" अध्यक्षको कुरा सुनिसकेपछि राष्ट्रपति केनेडीले यसो भने रे– "विश्वास गर्नुस्, अबदेखि राजदुत छान्दा त्यसरी पकडाउ नपर्ने, छिटोछिटो काम गर्न सक्ने मान्छे छान्ने कोशिश गरिनेछ ।"

☆ ☆ ☆ ☆

३०. एकजना वकिलसाहेब रहेछन् । पेशा उति चल्दो रहेनछ र साहूहरू बढ्दै गएछन् । एउटा त्यस्तै रिन दिने साहू 'रिन तिर, नभए ब्याजै मात्र भए पनि देऊ' भन्न आउँदा रहेछन् बीचबीचमा । एकदिन फेरि आएछन् र धर्ना कसेछन् । स्पष्टै छ, हाम्रा वकिलसाहेबसँग रकम केही थिएन त्यसैले साहूले केही गर्न सकेनन् । पछि आजित भएर भनेछन्– म भोलि फेरि आउँछु । वकिलसाहेबले प्रसन्न भएर भनेछन्– "हुन्छ हजूर, जरूर आउनोस् वरु दुई पटक आउनोस् । छिमेकीहरूमा धाक जम्छ, मेरो प्याक्टिस खूब चलेको छ, 'क्लाईण्ट'हरू खूब धाउँछन् भन्ने त पर्छ ।"

३१. पहाडको एकजना लाटोलाटो खालको पाखेले बल्लबल्ल जिल्लाका माननीयको भनसुनबाट एउटा कार्यालयमा पिउनको जागीर पाएको रहेछ । हाकिमसाहेबलाई मन्त्रीजी र सचिवजीहरू कहाँ चाकरीमा दौडँदै फुर्सत नहुने, अड्डामा हाम्रा पाखे महोदय दिनभरि जस्तो एक्लै पर्दारहेछन् । एक्लै बस्ताबस्तै उनलाई हाकिम नै आफैं हुँ जस्तो लाग्न थालिसकेको रहेछ । घरि घरि आइरहने फोनमा पनि अब उनी फूर्तिसाथ बोल्न थालिसकेका रहेछन् । एकदिन अकस्मात् उनका हाकिम आएर पड्केछन् । "पाखे, फोनमा कुरा गर्ने सोमत छैन ? बिहान फलानासाहेबलाई के भनिस् तैंले ? ल, अब तुरून्त उहाँसँग माफी मागिहाल् नत्र जागीर खलास् ।"

पाखेजीको जोश एकै छिनमा ठण्डाराम भयो । उनले थर्थउँदो हातले फोन मिलाए । उताबाट हेलो भनेपछि भबभकाउँदै भने– हजूर मैले बिराएँ । बिहान मैले हजूरलाई 'मरीजा' भनेछु । हजूर, मेरो ठूलो भूल भयो" । उताबाट "अब के त ?" भनेर सोधनी भएछ । अनि डराई डराई उनले भनेछन् "हजूर नमरिवक्सियोस् ।"

३२. हाम्रो पहाडतिर पनि अचेल विकासे बड्गुरहरू निकै सप्रिएका छन् । हेलम्बु क्षेत्रमा गाउँलेहरूलाई यिनले निकै विकास त्याइदिएका छन् । बड्गूरले त्याइदिएको विकासलाई टेवा दिन पेम्वा लामाले टुरिष्ट लज पनि चलाएका रहेछन् । धेरै पैसा खर्च गर्न नसक्ने पश्चिमा टुरिष्टलाई उनले राम्रै सेवा दिइरहेका रे'छन् । दुई चार दिनदेखि एकजना कुइरे उनको 'गेष्ट' भएर बसेको रहेछ । उनीसित निकै हिमचिम भएका हुँदा उनीहरू टुटेफुटेको अंग्रेजीमा निकै बात मार्दा रहेछन् । एकदिन कुइरेले सोधेछ– होइन पेम्वा यो तिम्रो ठूलो चाहिं बड्गुर छ नि, यत्ले मलाई निकै पछ्याउँछ मेरो कोठामा पनि आइरहन्छ, मलाई मन पराएछ कि क्या हो ?

पेम्वाले भनेछन्– केको मन पराउनु नि ! उसको खोरमा तिमी सुतिरा'छौ त्यसैले घरीघरी आइरहन्छ क्या !

१३. "नानी, तिमी कसकी छोरी ?"

"म पापाकी छोरी"

"ए, तिमी मामाकी छोरी होइनौ ?"

"होइन, अदालतले मलाई पापाको जिम्मा लगाएको छ नि !"

☆ ☆ ☆ ☆

१४. "तपाईंलाई हात हेर्न आउँछ ?"

"हात हेर्न त उस्तो आउँदैन, तर अस्ति शनिबार दिउसो, मिसेज रिजालको हात हेर्ने मौका परेको थियो, तुरून्तै भनिदिएँ– तपाईंकोत भाग्य खुल्ने आँटेको छ है !"

"कसरी भन्न सक्नुभयो त त्यस्तो तपाईले ?"

"आः किन नसक्नु ? उहाँका हातमा तीनोटा एक्कै एक्का थिए त !"

☆ ☆ ☆ ☆

१५. एकजना निकै चोथाले बजै रहिछन् । दुर्भाग्यवश छोटै विरामीपछि उनका श्रीमान् खसेछन् । विरह-व्याकुल बजैले, अनि गोरखापत्रमा श्रीमान्को फोटोसहित एउटा शोक-विज्ञापन छपाइछन् । यस्तो–

"प्रियतम, हाम्रा फेरि भेट नहुञ्जेलसम्म तपाईं स्वर्गमा शान्तिसँग बस्नुस् ।"

३६. एकजना निकै राम्री मैयाँ रहिछन् । उनमाथि धेरै जना आसक्त परेका रहेछन् तापनि एकजना त पागलै भएर लागेका 'मजनू' रहेछन् । उनी सधैं ती मैयाँलाई दिक्क पार्दारहेछन्– 'तिमीसित बिहे भएन भने म मर्छु भनेर ।' दुर्भाग्यको कुरा हो, ती मैयाँको बिहे अर्कैसंग भएछ । नभन्दै यी 'मजनू' उनको विरहमा सुर्ताउँदा सुर्ताउँदा मरेछन्– तर चालीस वर्षपछि !

☆ ☆ ☆ ☆

३७ एकजना खुट्टो खुच्याउँदै आएको बिरामीलाई देखेर क्लिनिकमा डाक्टरसाहेबले भन्नुभएछ– "ओ हो, आउनुस् आउनुस् तपाई बडो टाइममा आइपुग्नु भयो !" यो सुनेर बिरामीले भनेछन्– किन डाक्टर साहेब, आज पैसा ठ्याक्कै सिद्धिएको वेला परेछ कि क्या हो ?"

☆ ☆ ☆ ☆

३८. एकजना साहुनी रैछन् आफ्ना पतिको बिरामीबाट अत्यन्त चिन्तित । डाक्टरले बिरामीलाई जाँचि-सकेपछि 'कस्तो छ डाक्टरसाहेब ?' भनेर सोधिछन् । डाक्टरले भने– उहाँलाई पूर्ण आरामको जरूरत छ, चिन्ता पर्ने कुनै काम उहाँले गर्नु हुँदैन । साहुनीले भनिन्– 'के गर्नु र डाक्टरसाहेब, मैले

भनेको त उहां सुन्दै सुन्नुहुन्न–'

'डाक्टरसाहेबले खुशी हुँदै भने– 'अति उत्तम ! शुरूशुरूमा त्यत्ति मात्र गर्न सके पनि धेरै राम्रो हुन्छ । त्यसै गराउनुस् ।'

☆ ☆ ☆ ☆

३९. हाम्रो हगकंग बजारमा एकजना पहाडिया सज्जन कोट किन्न गएछन् । एउटा साधारण खाले रेडिमेड कोटको बयान गर्दागर्दा पसलेले उनलाई त्यो कोट किनाइछाडेछ । भोलिपल्टै ती सज्जन पुनः त्यो स्टलमा पुगेर भन्न लागेछन्– 'हरे के यस्तो धोत्रो कोट भिडाएको मलाई ? एकैदिन लाएको, यी: टाँक जति सबै फुक्ले !" पसलेले कोटलाई ओर्काई फर्काई खूब गौरसंग हेरेछ र हाँस्दै भनेछ– "आः हजूरले यो राम्रो कोट लाएको देखेर सबैले हजूरलाई लोभिएर हेरेछन्, त्यो देखेर हजूरको छाती नाप्लो जत्रो भएछ, अनि त टाँक्ले के भ्याउनु ? सबै चटाचट् भएछन् ! पर्खिबक्स्योस् म हजूरलाई यसभन्दा पनि राम्रो अर्को कोट दिन्छु । पैसा अलि बढी पर्छ त्यत्ति हो ।"

४०. एकजना श्रीमान् रहेछन् । एकदिन दिउसो उनले अफिसबाट आफ्नी श्रीमतीलाई फोन गरेर भनेछन्– 'भरे रातीको खानालाई मैले मेरो अफिसका साथी रामबाबुलाई पनि बोलाएको छु है !"

यो सुनेर आत्तिएर श्रीमतीले भनिछन्, 'मारि हाल्नु भो नि ! हेर्नुस्, कान्छीले आजै छाडेर गई, सानोको दाँत निक्लन लागेकाले दिसा गन्यागन्यै छ, मलाई पनि रुघाले गर्दा पारेको छ । कसो गरूँ !" श्रीमानले भनेछन्– "धन्दामान्नु पर्दैन, मलाई सबै थाहा छ, केही गर्नु पर्दैन । रामबाबुलाई एउटा पाठ पढाउनु छ । हिजोआज त्यो मूर्खलाई बिहे गर्ने धून चढेको छ । त्यसैले ।"

☆ ☆ ☆ ☆

४१. आफ्नी पत्नीको प्रेतात्मासँग कुरा गर्ने चाँजो मिलेछ एकजना बिधुरलाई एकदिन । 'कस्तो छ ?' भनेर सोद्धा 'खुशी छु' भनिछन् पत्नीले । 'मसँग भएको बेला भन्दा पनि सुखी छ्यौ ?" भनेर सोद्धा पनि उनले 'हजूर' भनिछन् । अचम्म मानेर पतिदेवले सोधेछन्– "साँच्चै ? तिमी अहिले कहाँ छ्यौ त" ? भनेर सोद्धा सुखी पत्नीले भनिछन्– 'नर्कमा छु, स्वामी !'

एकजना निरीह प्राणीलाई मुखमा बुजो कोचेर पाता कसेर रुखमा बाँधिराखेको रहेछ– चोरहरूले । उल्ले 'हुं..हुँ' गरेर कराएको एकजना बटुवाले सुनेछन् र नजिकै गएर उनको मुखको बुजो झिकिदिएछन् । "कल्ले गऱ्यो तिमीलाई यस्तो ?" भनेर सोधेछन् । "मोरा चोरहरूले हजुर, चार जना थिए मेरो सबै लट्टीपट्टी लिएर भागे" । "तिमी हलचल गर्न पनि सक्तैनौ त ? " भनेर बटुवाले फेरि सोधेछन् । "सक्तिनँ, कहाँ सक्नु, हात खुट्टा नै चलाउन सक्तिनँ" भन्ने उनको जवाफ सुनेपछि ती 'सज्जन' बटुवाले आफ्नो गुण जाहेर गरेछन् र त्यो बिचरोको नारीमा बाँकी रहेको एउटा घडी पनि फुकालेर हिंडेछन् ।

☆ ☆ ☆ ☆

एकजना जजसाहेबको इजलासमा एउटा कुखुरा चोरको मुद्दा परेछ । र साबित पनि भएछ । फैसला सुनाउनुभन्दा पहिले आफूलाई कौतुहल लागेको एउटा कुरा नसोधी न्यायाधीशसाहेबलाई चित्तै बुझेनछ र उनले भनेछन्– 'हैन रामबहादुर, मलाई राम्री बताऊ त, त्यसरी घरधनीको ऋयालै मुन्तिर, त्यो पनि त्यत्रो बडेमा भोटेकुकुर पालेका ठाउँबाट तिमीले त्यो कुखुरा त्यसरी

चोरेर त्याउन कसरी सक्यौ !" रामबहादुरले आफ्नै पाराका जवाफ दिएछ "यस्तो कुरो सोढ्दै नसोध् हाजुर् । त्यास्तो काम तोइले गर्नै साक्तैना । हाजूर्ले जे जे उपधो गार्नु छा– त्यै कुर्चीमा बासेर मात्र गार्, कुखो चोर्ने काम तोंबाट हुँदैन !"

☆ ☆ ☆ ☆

६४. एउटा कलेज (क्याम्पस) को कथा हो यो । फाइनल जांचको तयारी जोडतोडले चलिरहेको थियो । प्रोफेसरसाहेबले विद्यार्थीहरूलाई राम्री सम्झाउँदै बुझाउँदै अन्तिम लेक्चर गर्दै थिए । " भने: मैले सिकाउने कुरा सबै तिमीहरूलाई भनिसकें । अब तिमीहरूले आफैंले पढ्ने र मेहनत गर्ने हो । प्रश्नपत्रहरू पनि छापिन गैसके । अब जांचको दिन पर्खने मात्रै हो । अन्त्यमा कसैको केही सोध्नु छ भने सोधिहाल ।"

कसैले धेरै बेरसम्म केही बोलेनन् । अनि पछिल्तिर बस्ने एकजना विद्यार्थीले हात उठायो । त्यो देखी प्रोफेसरसाहेबले खुशी भएर भने– "स्याबास ! ल भन के सोध्नु छ ?" त्यो विद्यार्थीले सानो स्वरमा सोध्यो सर " प्रश्नपत्रहरू छाप्न कहाँ पठाएको छ ?"

४५. एउटा रहेछ भुत्याहा घर । भूत लाग्ने हुनाले राजीखुशीले कोही त्यहाँ बस्न चाहँदो रहेनछ । तर एक दिन एकजना त्यस्तै साहसी व्यक्ति म बस्छु भनेर आएछन् । त्यस घरको बूढो पालेले उनलाई ढोका खोलिदिएछ, तर आफू चाहिने भित्र पसेनछ । यो देखेर ती साहसी व्यक्ति पनि हच्केछन् । अनि आतिएर उनले पालेदाइलाई सोधेछन्– "होइन, यो घरमा उदेक लाग्दा कुनै घटना घटेका छन् ?" पालेले अलिकति पनि मुख नबिगारिकन जवाफ दिएछ– "हो, एक पटक पाँच वर्ष अगाडि होला त्यो दिन बिहानचाहिं, अघिल्लो दिन यहाँ बस्न आएका मान्छे जीउँदै बाहिर निस्केका थिए !"

☆ ☆ ☆ ☆

४६. एकजना सुधा विद्वान् रहेछन् । उनको सुधोपन देखेर, मान्छेहरू उनले नसुन्ने गरी उनलाई पानीमरुवा हुतीहारा या जोइटिङ्रे पनि भन्दा रहेछन् । उनको एउटो छोरो पनि रहेछ स्कूल जाने । एकदिन साँझ स्कूलबाट फर्केपछि छोराले बाबुलाई सोधेछ– "हैन बा, सत्य र विश्वासमा के फरक छ, मलाई उदाहरण दिएर सम्झाइदिनुस् । मैले स्कूलमा लेख्नु पऱ्या छ ।"

बाबुचाहिंलाई सत्य र विश्वासको फरक

त थाहा थियो तर उदाहरण दिन पर्दा अपठेरो परेछ । के उदाहरण दिने भनेर निकै बेर घोत्लिएपछि भनेछन्– "हेर् बाबु, तेरी आमा मेरी श्रीमती हो यो सत्य हो, साँचो कुरा हो। अनि तँ मेरो छोरा होस् यो चाहिं विश्वास हो, बुझिस् ?"

☆ ☆ ☆ ☆

४७. एकजना हाकिमसाहेब रहेछन् । उनी आफ्नो अड्डामा पाँच बजेसम्म बस्ता रहेनछन् । दुई तीन घण्टाअगाडि नै हिंड्दा रहेछन् । त्यही सिको गरेर अरू अफिसरहरू पनि हाकिमसाहेब निस्केपछि भाग्न थालेछन् । एकदिन एकजना अफिसरसाहेब त्यसै त्यसै गरी भागेका थिए, आफ्नो घर पुग्दा हाकिमसाहेबको मोटर आफ्नो ढोकाअगाडि पार्क गरिराखेको देखेछन् । अनि डराउँदै उनले बिस्तारै घरभित्र च्याएछन् । हाकिम साहेबलाई आफ्नी पत्नीसंग रसरंग गर्दै गरेको देखेर अफिसरसाहेब लुसुक्क अड्डा फर्केछन् । भोलिपल्ट सधैं कै सबैजना भाग्दा यी महापुरूष चाहिं आफ्नो कुर्सीमै बसिराखेछन् । त्यो देखेर एकजना साथीले भनेछ– "हैन यार, भाग्ने होइन ?" यो सुनेर यी सज्जनले भनेछन्– "जान्न यार, हिजो म रुण्डै फेला परेको हाकिमसाहबको !"

४८. हाम्रै पहाडतिरको एउटा सानु शरहको कुरा हो । वर्षाको बेला खोला बढेकाले बजारको डिलमन्तिर ताल परेको थियो । सजोगवश एउटा स्कूलमा पढ्ने केटो चिप्लिएर त्यो ताल परेको खोलाको रहमा खसेछ । अलिअलि मात्र पौड्न जान्ने त्यो केटो गुहार भनेर कराउँदै पानीमा डुब्दै उत्रदै गर्न थाल्यो । बजारका मान्छे दौड्दै आए, डिलमा उभिएर कराउन थाले । तर केटोलाई बचाउन पानीमा उत्रिने हुचाउ कसैको भएन । यत्तिकैमा एउटा मोटामोटा पाखुरा भएको ढाके ज्वाम्म पानीमा हाम फालेको देखियो । पौडी खेल्न उस्तो सिपालु ऊ पनि रहेनछ । भए पनि जसो तसो गर्दै केटोलाई समाएर पाखा लाउन ऊ समर्थ भयो । खोलाका डिलबाट बजारियाहरू सबै खुशी भएर ढाकेलाई धन्यवाद दिन थाले । ढाकेचाहिं धन्यवादबाट उति प्रभावित भएजस्तो देखिएन, केही नबोली टाउको मात्र हल्लाइरह्यो । अनि आखिरमा भन्यो– "धन्नेबात ता ठीकै छ्या । तर तिमेरूले मोलाई भान् ता, मोलाई पानीमा धाकेल्ने चै को हो !"

४९. अमृत काकाले कहिल्यै बिहे गरेनन् । प्रेम त धेरैलाई गरे उनले, तर बिहे कुनै केटीसँग हुन सकेनछ । भन्थे – "म छड्किन्यें मात्र, उम्लिन सकिनँ कैले पनि" । उनासी वर्षको उमेरमा आफ्ना पुराना प्रेमिकाहरू, सबैलाई भेटेर आउँछु भनी उनी काठमाडौंबाट हिडे । पोखरा, भैरहवा, नेपालगञ्ज, वीरगञ्ज विराटनगर, धरान, भद्रपुर, सबैतिर पुगे उनी । त्यहाँ फेला परे जति सबैलाई भेटेर आए । घर फर्केपछि ठूलो सन्तोषको सास फेरेर भनेछन् अमृत काकाले– "बा ! बा ! खूब बचेछु म ! हेर मेरा ती 'मितिनी'हरू त सबैजना विधवा भइसकेका रहेछन् ! केही गरी मैले तिमीहरूमध्ये कसैसँग बिहे गरेका भए के हुन्थ्यो !"

☆ ☆ ☆ ☆

५०. आज एक चोटि तपाईंहरूको कल्पना शक्ति जाँचिहेरूँ । एकजना रहिछन् रामी पठ्ठी मैयाँ । उनले उनको एकजना साथीलाई फेला पारेर भनिछन्– नरेन, तिमी मसित भित्र हिंड । नरेन उनको पछिपछि कोठामा आयो । उनले कोठाको ढोका लगाइन् अनि भनिन् "नरेन, मेरो कुर्ता फुकाल" आज्ञाकारी शिष्य जस्तै नरेनले कुर्ता फुकालेर राखिदियो । "अब त्यो सुरूवाल फुकाल"

भनिन् मैयाँले । नरेनले त्यो पनि फुकल्दियो । अब त्यो माथिको पनि तलको पनि भित्री लुगा फिक" नरेनले हाँ हूँ केही नभनी त्यो पनि फुकालेर राख्यो ।

अब के भयो होला ? तपाईं कल्पना गर्न सक्नुहुन्छ ? अहँ, तपाईंको कल्पना मिलेन ! त्यसपछि के भयो भने, नरेनले सबै लुगा उतारि सकेपछि ती मैयाँले रिसाएर भनिन्– "नरेन, आजलाई जे भो भो, अबफेरि तिमीले मेरा लुगा यसरी लाएर हिंडेको फेला पारें भने म सहनेछैन बुझ्यौ ?"

☆ ☆ ☆ ☆

५१. रमेश र रश्मीको विहा भएको सात वर्ष भैसकेको थियो । तर आफ्नै एउटा घर नभई बच्चा नपाउने उनीहरूको सल्लाह थियो । अब बल्लबल्ल दुई कोठा भएको एउटा सानो घर बनाउन उनीहरू सफल भएका थिए । सल्लाहअनुसारै अब रश्मीले पेट पनि बोकिसकेकी थिइन् । औंछानी लागेर उनी आज विहान वाक्वाकी गर्दागर्दै उठ्न सकेकी थिइनन् । अनि, चिया बनाउने काम रमेशको

परेको थियो । भान्छामा हिटरको पानी तातिसकेको थियो । तर रमेशले चियापत्ती भेट्टाउनै सकेन । भान्छा कोठाबाटै रमेश चिच्यायो– "होइन, चिया कहाँ राखेको छ ? फेल्नै पर्दैन नि !" रमेश कराएको सुनेर ओछ्यानबाटै रश्मीले जवाफ दिइन्– " होइन, कस्तो फेला नपर्नु ? अगिल्तिरै छ नि । त्यो तखतामा शन्ति घ्यूको पहेलो बट्टामा, कालो अक्षेरले 'सूजी' लेखेर राखेको छ नि, त्यसैमा छ । हेर्नुस् न ।"

☆ ☆ ☆ ☆

५२. एकजना डाक्टरसाहेब थिए । चिकित्सक होइन, पी. एच. डी. । उनी आफ्नो निकै मातृभक्त थु भन्ने धाक लगाउन खोज्थे बीचबीचमा । एकदिन उनले भने– "हाम्रो आमाले हामीहरू बाह्र जनालाई जन्माउनुभयो । अन्तिमपटक हाम्री कान्छी बहिनी जन्मेपछि चाहिँ हामीले आमालाई देवताको थान्कोमा राखेर थाल्यौं– पूजाकोठा सिंहासनमा राखेजस्तो गरी अलग्ग" । यति भनिसकेपछि अलि लाज मानेजस्तो गरी उनले थपे– " हो, त्यो आमालाई 'पूजा' गर्नाको मुख्य ध्येय चाहिँ बुवालाई आमाको नगीच पर्नै नदिनु थियो !"

५३. एउटा टलबक टल्किने कागजको राम्रो विदेशी पत्रिकामा एउटा विज्ञापन हेर्दै रहेछन् श्रीमान्जी बड़ो चाख लिएर । विज्ञापन थियो विदेशीनीहरूले पौडी खेल्दा लगाउने मसीनो कट्टु र माथिपट्टि छोप्ने 'बिकीनी' को । त्यति मात्र लगाएकी राम्री, हँसीली, तरुनी मिमलाई मख्ख परेर श्रीमान्ले हेरिरहेको देखेर उनकी अलि पुरानै खालकी श्रीमतीले भनिछन्– "छ्या ! कस्तो लाजै पनि नलागेको होला ! म त त्यस्ती देखिने भए घरबाट निस्कने नै थिइनँ ।" यो सुनेर रसिक श्रीमान्ले भनेछन्– "वजै, तिमी त्यस्तै देखिने भए म पनि यो घरबाट बाहिरसम्म निस्कने थिइनँ, सत्ते !"

५४. नेपालका पूर्वी सीमानामा बासिन्दाहरूको बिहावारी पारिपट्टिकाहरूसँग भइरहन्छ । त्यस्तै एउटा बिहेको कथा हो यो । सिलिगुडीतिरबाट १२/१५ ओटा मोटरको तांती लगाएर एउटा जन्ती पार्टी बिर्तामोड आउँदै थियो । काकरभिट्टामा भन्सार पास गराउनु थियो । भन्सारका हाकीमले सबै मोटर बालाहरूसँग सोध्दै गए– क्यै सामान त्याएको छ उपहार इत्यादि दिने ? भनेर । जन्ती दुलही लिएर त्यसैदिन फर्कने थियो । बिहेको सबै काम सिलिगुडीमै हुने हुनाले कसैले केही उपहार बोकेका थिएनन् । उनीहरू सबैले 'क्यै छैन' भनी सत्य कुरा भनिदिए । अन्त्यमा बेउला चढेको गाडी थियो । भन्सारका हाकीमले मोटरको ग्यालबाट मुख छिराएर भने– "बधाई छ तपाईंलाई शुभ-विवाहको" अनि अलि दिवक भएजस्तो गरी उनले थपे– "तर तपाईंले प्रेजेण्टहरू चाहिँ क्यै पाउने जस्तो छैन बिहेको उपलक्ष्यमा !"

☆ ☆ ☆ ☆

५५. एकजना सज्जन थिए– क्यै गरे पनि उनको चित्त बुझाउन सकिँदैनथ्यो । कुनै न कुनै खोट उनी जेमा पनि निकालिहाल्थे । एकपटक-दुईतीनजना

साथी मिलेर उनलाई दशरथ रंगशालामा एउटा ताइकोण्डो प्रतियोगिता देखाउन लगेछन् । खेलको प्रदर्शन उच्च कोटीको थियो । यसमा त उनले कुनै खोट देखाउन सक्तैन होलान् भन्ने मित्रहरूको सोचाई थियो । खेल सकिएपछि सोधे साथीहरूले फाइट कस्तो लाग्यो भनेर । मुख बिगारेर उनले भने "फाइट रे ! छ्या ! यस्तो पनि फाइट हुन्छ ? साँच्चै फाइट हेर्ने भए सञ्चरबार बेलुका मेरो घरमा आउनू, मेरो वाइफ र मेरो बीचको फाइट हेर्ने । सधैं सञ्चर बार सञ्चरबार बेलुका, बुझ्यौ ?"

☆ ☆ ☆ ☆

५६ श्रीमान्‌ले भरखरै एउटा बहुमूल्य उपहार दिएका थिए रजनी नानीलाई । उनी मख्ख परेकी थिइन् । त्यसले लाडिएर उनले लोग्नेका कुममा आफ्नो गाला दल्दै भनिन्– "हजूर जस्तो असल श्रीमान् त कसैका पनि हुँदैन होलान् । मलाई त किजुतजीले बिहे गरेर लैजानुभयो भने पनि म हजूर लाई बिर्सन्न ।" यो सुनेर श्रीमान् पनि फुर्किए । सोधे 'साँच्चै हो ? बिर्सन्नौ ? ' रजनीले लोग्नेका कुमबाट गाला नझिकिकनै जवाफ दिइन्– "पक्का बिर्सन्न हजूर ! उता गएँ भने पनि म हप्तैहप्ता हजूरलाई फोन गर्नेछु सत्ते !"

५७ चार वर्षको राजु स्वाँस्वाँ गर्दै दौडेर आयो र भन्यो– "आमा, आमा, काली कुकुनीले पाँचोटा बच्चा पाई तिनोटा छोरा दुइटा छोरी"।
आमाले हाँस्दै सोधिन् – " तीनवटा छोरा दुइटी छोरी भनेर कसरी थाहा पायौ बाबु ?"
राजुले भन्यो– "बुबाले भनेको । बुबाले सबै बच्चाको भुँडी हेर्दै बताउनुभयो, त्यहाँ लेखेर टाँसेको छ क्यारे !"

☆ ☆ ☆ ☆

५८ बिचरा रामप्रसाद बाजेलाई छट्टु, त भन्न मिल्दैनथ्यो तर हितोपदेश र पञ्चतन्त्रका कथा र पुराणहरू पढ्दा पढ्दा उनी प्रत्युत्पन्नमति अर्थात् अक्कल निकाल्न सक्ने चाहिं भएका थिए। एक दिन धार्के– नौबिसे आफ्नो घरतिरबाट काठमाडौं आउन लागेका उनी सांझ परिसक्दा पनि उनले कुनै बसमा ठाउँ पाउन सकेनन्। निकै बेर कुरेपछि बल्ल मुग्लिङतिरबाट खाली आएको एउटा ट्याक्सी फेला पारे र अनेक बिन्तिभाउ गरेपछि त्यसमा चढेर आउन सफल भए। थानकोटतिर आइपुगेपछि उनले गोजी छामे तर बटुवा थिएन त्यहां। त्यो त घरैमा छुटेछ। बाजेलाई छटपटी पऱ्यो, पैसा छैन अब के गर्ने भनेर । गुर्जुधारातिर आइपुगेपछि

उनलाई एउटा जुक्ति सुझ्यो र उनले पछाडिको सिटबाटै ड्राइभरसाहेबलाई गाडी एकपटक रोकिदिन अनुरोध गरे । ड्राइभरले किन के पऱ्यो ? भनेर सोधेपछि उनले भने– "एक बट्टा सलाई किन्नुपऱ्यो, हेर्नुस् त मेरो खल्तीबाट एउटा हजार रूपियाँको नोट सीटमन्तिर कहाँ खस्यो कहाँ, सलाई बालेर त्यो खोजूँ भनेर ।"

ड्राइभरले गाडी रोकिदियो, उनी ओर्लेर पसलतिर लागे । उनी फर्केर आउँदा ट्याक्सी त्यहाँ थिएन, उनले आशा गरे जस्तै ड्राइभरसाहेबले त्यो हजार रूपियाँको लोभले ट्याक्सी लिएर टाप ठोकिसकेको थियो ।

☆ ☆ ☆ ☆

५९ नुवाकोट रानीपौवाका रामबहादुर तामागले कुखुरा पालेका थिए । एक-दुई एक-दुई गर्दै बढाउँदै जाँदा उनले विकासे कुखुराको राम्रै जमात बनाइसकेका थिए । त्यसैले उनले काठमाडौंको एउटा रेष्टुरांमा हप्तैहप्ता कुखुराको फुल सप्लाई गर्ने अडर पाएका थिए । व्यापार राम्रै चलेको थियो । नेपाल टीभीमा ग्रामीण कार्यक्रम सञ्चालन गर्ने एउटा टोली त्रिशूली नुवाकोट घुमेर फर्कंदा रामबहादुरको कुखुरा फारममा पनि पुग्यो । टोलीले

उनका सफलतावारे उनलाई धेरै कुरा सोध्यो। उनले पनि सबै कुरा खुलस्त मनले भने। अन्त्यमा टोलीनेताले उनलाई सोधे– "रामबहादुरज्यू, तपाईंको यो फार्म एकलासको छ तैपनि तपाईंका कुखुराहरू, फुलहरू चोरिदा रहेनछन्। तपाईंका छिमेकीहरू सबै असल सज्जन रहेछन् होकि ?" रामबहादुरले भने– "हो, हाजूर साप्पै जाना आसल साज्जन हुनुहुन्छा।" अनि टोलीनेताले सोधे– "त्यो तपाईंको भित्तामा ठडाइराखेको त्यो भरुवा बन्दुक किन त ?" रामबहादुरले सोझो पाराले जवाफ दिए– "त्यै ता हाजूर व्हाँहारूलाई आसल साज्जन पारिराख्न भारिराखेको नि त्यो ता !"

☆ ☆ ☆ ☆

६० हालै भएको संसदीय उपचुनावको कथा हो। नाम उनको रामबहादुर हो भनूं। त्यस क्षेत्रका मतदाताहरूले दुवैथरी विरोधी उम्मेदवारहरुलाई संगै उभ्याएर भाषण गर्न लगाएका थिए। रामबहादुरका विपक्षी उम्मेदवारको नाम (भनूं) हरिबहादुर थियो। हरिबहादुर आफूलाई अति धार्मिक प्रवृत्तिका देखाउन खोज्थे र उनले भाषणमा पनि अति बढ्तै धर्म र नैतिकताका कुरा गरे। भाषणका अन्त्यमा उनले उपस्थित जनसभालाई

प्रश्न गरे, तपाईहरूमध्ये कोको स्वर्ग जान चाहनुहुन्छ ? हात उठाउनु होस् ।" करीबकरीब सबै जनाले हात उठाए । रामबहादुरले उठाएनन् । त्यसपछि हरिबहादुरले सोधे– 'अब भन्नुस् कोको नरक जान चाहनुहुन्छ ? हात उठाउनोस् ।" कसैले पनि हात उठाएनन् । रामबहादुरले पनि हात उठाएनन् । अनि अलि गिज्याए जस्तो गरी हरिबहादुरले भने 'रामबहादुर जी स्वर्ग पनि जान चाहनुहुन्न, नरक पनि जान चाहनुहुन्न । उहाँ कहाँ जान चाहनुहुन्छ कुम्नि ।" यति सुनेपछि रामबहादुर बिस्तारै उठे । माइकमा गएर उनले भने– 'महिला तथा सज्जनवृन्द, म कहाँ जान चाहन्छु तपाईहरूलाई भन्दिऊँ । म संसदमा जान चाहन्छु ।"

नभन्दै, रामबहादुर छानिएर संसदमा पुगे नै ।

☆ ☆ ☆ ☆

६१ एफ. ए. ओ. का अफिसरहरू साह्रै सज्जन हुन्छन् रे ! एकपटक एकजना त्यस्तै अफिसर एफ. ए. ओ. को कुनै प्रोजेक्ट हेर्न अफ्रिकाका एउटा मुलुकमा गएका रहेछन् । त्यहाँ धेरै पानी परेकाले उनी सदर मुकाममा फर्कन सकेनछन् र त्यही फारममा रात बिताउन बाध्य भएछन् । सुत्ने कोठा एउटा मात्रै र त्यहाँ खाट पनि एउटै

मात्र रहेछ । फार्मको मालिक पनि बाहिर हुनाले मालिकनी मात्र रहिछन् । परिस्थितिका बाध्यताले यी अफिसर र ती महिलाले एउटै खाटमा रात काटेछन् तर एफ. ए. ओ. का अफिसरहरू सधैं सज्जनै हुने हुनाले त्यस रात कुनै अप्रिय घटना भएनछ ! भएपनि यो अ-घटना त्यस इलाकामा सबैलाई थाहा भइहालेछ । यस कुराको त्यहां निकै चर्चा पनि हुँदोरहेछ ।

एकदिन त्यतैको एउटा डेयरी फार्मको एउटा राम्रो साँडेलाई लिएर डेयरीका मालिक भेटेनरी डाक्टरकहां पुगेछन् । डाक्टरले साँढेको के समस्या पऱ्यो ? भनेर सोधेछन् । डेरीका मालिकले भनेछन् 'यो साँढे पनि एफ. ए. ओ. को त्यो अफिसर जस्तै भयो, क्यै पनि गर्न सक्तैन !'

☆ ☆ ☆ ☆

६२ एउटा गुरुकुलका एकजना विद्वान् र अत्यन्त सज्जन प्राध्यापक कुलपति रहेछन् । उनको सच्चरित्र र धार्मिक निष्ठाले गर्दा आश्रमका सबैजना उनलाई स्वामीजी भन्थे । स्वामीजी श्री रामका पनि परम भक्त रहेछन् । उनको रामभक्तिबाट प्रभावित भएर एकदिन आश्रममा हनुमानजी प्रकट भएछन् र स्वामीजीलाई भनेछन्– "भक्त बालक, तिम्रो

रामभक्तिबाट म प्रसन्न भएँ, भन के दिऊँ तिमीलाई ? अतुल सम्पति, सुदीर्घ जीवन या अनन्त ज्ञान के चाहिन्छ तिमीलाई भन, एकथोक म तिमीलाई दिन्छु ।"

स्वामीजीले एकक्षण पनि नविचारिकन भनेछन्- "अनन्त ज्ञान दिनुहोस् प्रभु मलाई ।" तथास्तु भनी हनुमान अन्तर्ध्यान भएछन् । तत्काल ज्ञानज्योतिले उनको मुखमण्डल उज्यालो भयो उनलाई भूत, भविष्य र वर्तमानका सबै कुरा छर्लङ्ग भएछ अनि उनी हेन्याहेन्यै भएछन् । यो देखेर उनका वरिपरि बसेका चेलाहरूले सोधेछन्– "के भयो गुरुदेव ? क्यै शिक्षा, अर्ति पाऊँ गुरुदेव ।" स्वामीजीको वाक्यै बन्द जस्तो थियो– उनले यत्ति मात्र भन्न सकेछन् "मैले धनसम्पति नै माग्नुपर्ने रहेछ !"

☆ ☆ ☆ ☆

६३ टेलिफोनका खम्बाहरू गाड्न ठेक्का दिएको रहेछ दूर सञ्चारले दुईथरी समूहलाई । दिनभरि काम गरि सकेपछि सांझ हाकिमले एउटा समूहलाई सोधेछन्, कतिओटा खम्बा गाड्यौ भनेर । उनीहरूले भनेछन् बीसओटा हजूर । हाकिम खुशी भएर भनेछन् "स्याबास" । अनि अर्को समूहलाई सोधेछन् त्यही

प्रश्न । जवाफ– "दुईटा हजूर" । हाकिमले अचम्म मान्दै प्रश्न गरेछन् "होइन उनीहरूले बीसओटा गाइन सक्ता तिमीहरूले दुइटा मात्र कसरी ?" ज्यामीहरूले एकमुखले जवाफ दिएछन्– "हजुरले उनीहरूले गाडेको खम्बा त हेर्नू– आधाभन्दा बढ्ता त बाहिरै देखिन्छन्, हामीले गाडेको हेर्नुस्, क्यै देखिन्छ बाँकी ?"

☆ ☆ ☆ ☆

६४ जगदम्बा अफसेटमा कम्पोजिटर गणेशकुमार श्रेष्ठले ललितधाराको कम्पोज करीब-करीब सिध्याएछन्, अलिकति भर्नलाई 'म्याटर' पुगेनछ । उनले सम्पादककहाँ आएर भनेछन्– "मलाई एउटा ठट्टा दिनुस् अलिकति पुगेन ।" सम्पादकको मूडअफ भएको बेला परेछ । उनले रिसाएर भनेछन् "जाऊ मसँग ठट्टासट्टा क्यै छैन, लट्टा पार्न नआऊ ।"

त्यस दिन 'ललितधारा' ठट्टा नै नबोकिकन निस्केछ । यो पनि ठट्टा नै हो !

☆ ☆ ☆ ☆

६५ आठवर्षको श्यामुले पेट दुख्यो भनेर कराएछ । उसकी आमाले भनिछन्– "बाबु तिम्रो पेट खाली छ त्यहाँ केही पनि छैन त्यसैले दुखेको हो, ल यो खाऊ" भनेर तयारी चाउचाउ खान दिइछन् । नभन्दै पेट दुखेको बिसेक भएछ !

भोलिपल्ट श्यामुको क्लासमा सरले

भन्नुभएछ– आज म पढाउन्न, तिमीहरू हिजैको पाठ घोकिराख । मेरो टाउको दुखिराखेको छ म आँखा चिम्लेर बस्छु ।

सरको टाउको दुखेकोमा श्यामुलाई दुःख लागेछ र उसले सरको नजीकै गएर भनेछ– "सर, मेरो आमाले भनेको तपाईंको टाउकोमा केही पनि छैन, त्यसैले दुखेको रे सर, टाउकोमा केही हाल्नुस्न सर ।"

☆ ☆ ☆ ☆

६६ एउटा त्यस्तैत्यस्तै परिवार रहेछ । गरीब पनि, अपराध कर्ममा लागेको पनि । लोग्नेले पनि स्वास्नीले पनि विभिन्न अपराधबापत् कति चोटी जेलयात्रा पनि गरिसकेका रहेछन् ।

एकपटक लोग्ने भरखर जेल काटेर आएको रहेछ । स्वास्नीचाहिं चोरी गर्न जानै लागेकीले लोग्नेलाई 'भात पकाइराख्नू भनेर गइछ । ऊ फर्केर आउँदासम्म घरमा चुल्हो पनि जोरेको रैनछ । किन भनेर सोद्धा लोग्नेले भनेछ– "दाउरा कांचो रहेछ । सलाई घोट्ता-घोट्तै सकियो ।" यति सुनेपछि स्वास्नी पड्किछ– "त्यस्तो अर्कोको घरमा आगो लगाएकोमा भनेर सजाय काटेर आयौ, यहांचाहिं जाबो आफ्नै घरको चुल्हो पनि बाल्न सक्तैनौ, थुइक्क ।"

६७ एउटा थियो गंगटो, एउटी थिई गंगटी । दुवै अविवाहित अनि दुवै विवाहयोग्य उमेरका ....

यो कथा अगाडि बढाउनुभन्दा पहिले नै एउटा कुरा स्पष्ट पार्नु । गंगटाहरू सोझो हिंड्दैनन् । दाहिने–बायां लतारिदै, जँड्याहा मान्छे हिंडे जस्तो गरी हिंड्छन् ।

तर अचम्म भएछ त्यस दिन । गंगटीले देखिछ यो तन्नेरी गंगटो त सोझो हिंडिरहेछ, मान्छे हिंडेजस्तै ! उल्ले विचार गरी– "म जस्तो राम्री गंगटीका लागि यही नै हो योग्य वर ! कस्तो गजबको प्राणी रहेछ !" नभन्दै, चाँडै नै उनीहरूको बिहे पनि भैहाल्यो ।

बिहे भइसकेपछिचाहिं गंगटीले देखी उसको पोइ त सोझो हिंड्दैन, अरू गंगटा झैं लतारिएरै हिंड्छ । उसलाई दिक्क लागेर एकदिन उसले आफ्नो पोइलाई भनी नै हाली– "तिमी बिहेअगाडि त सोझो हिंड्थ्यौ, अहिले के भयो र लतारिन थाल्यौ ?"

गंगटाले जवाफ दिएछ: "सधैंभरि त्यसरी सोझो हिंड्न रक्सी कहाँ पाउनु ? बिहे गर्ने बेला पो तिमीलाई फकाउन त्यति ढाँचा पारी हिंडेको !"

६८ कम्युनिष्ट सरकार भएका पूर्वीय यूरोपका मुलुकमा सरकारका मुख्य मान्छेका बारेमा ठूलठूला ठट्टाहरू प्रचलित हुन्थे भन्ने कुरा हाम्रा त्यता पढ्न गएका विद्यार्थीहरू फर्केर आएपछि भन्थे । नेपालमा पनि एमाले सरकार गठन भएपछि तत्काल प्रधानमन्त्रीका बारेमा त्यस्तै ठट्टा चल्न थालेको सुनिन्छ । एउटा नमूना हेरौं :–

प्रधानमन्त्री मनमोहनले पार्टीहरूमा अलिकति सिभास रिगल लगाइसकेपछि एकजना कमरेडको कुममा ढ्याम्म हान्दै एकदिन भन्नुभयो रे– "बुऊनुभो कमरेड, हाम्रो नेपालमा अहिले राजा पनि सम्वैधानिक म पनि सम्वैधानिक छु । मैले पनि पार्टीले तयार पारेर दिएको कागज मात्र पढ्न पाउँछु, अरू थोक बोल्न पाउन्न !"

☆ ☆ ☆ ☆

६९ कृष्णप्रसादवाजे कसैलाई पनि भनिबिराउँदैनथे । रुन् आइमाईहरूलाई त उनी जैले पनि मीठा कुरा गरेर नै रिझाउँथे । आजसम्म उनले कुनै आइमाइलाई नराम्री भनेर चित्त दुखाएका छैनन् भन्ने उनको बयान थियो । यो सुनेर एकदिन एकजना महिला उनलाई जाँच्न आइछन् र भनिछन्– "बाजे, तपाई मलाई पनि राम्री नै

भन्नुहुन्छ त ?" बाजेले ती महिलालाई राम्री हेरेछन्, उनको थ्याच्च परेको नाक, छ्याकले बिगारेको मुख र कुम्रो डल्लो पारेजस्तो कान सबै देखेपछि बिस्तारै भनेछन्– "नानी, तपाईं पनि स्वर्गबाट झरेकी परी नै हुनुहुन्छ सांच्चै, खालि मायिबाट झर्दा पृथ्वीमा तपाईंको मुख्वैले टेक्न पुगेछ त्यो तपाईंको दोष हो र ?"

☆ ☆ ☆ ☆

७० एकजना साधुनी रहिछन् चाहिंदो भन्दा बढी खोजीनीति गर्दै हिड्ने । सबैको आत्मशुद्धि गर्छु भन्ने उनलाई घमण्ड रहेछ । त्यसैले उनी अदालतहरू, पुलिसका खोरहरूमा पुग्दिरहिछन् । समाजसेवी हुन् भनेर हाकिमहरूले पनि उनलाई कैदीहरूलाई भेट्न ओर्ने छुट दिएका रहेछन् । त्यस्तै एकदिन उनी धुलीखेल-जेलमा पुगिछन् । एउटा कैदी रातारात आंखा पल्टाएर रिसउठ्दो अनुहारले उनलाई हेर्दै रहेछ । साधुनीले बडो माया गरेजस्तो गरी सोधिछन् "होइन भाइ, रक्सीकै लोभले त तिमी यहांसम्म आइपुगेका होलाऊ नि, होइन ?"

कैदीले झन् मुख बिगारेर भनेछ, "रक्सीका लोभले रे ? आशै नगर वजै । यहाँ त एकथोपा सुंघ्न सम्म पनि पाइन्न, जाऊ !"



७१ एउटा चित्र प्रदर्शनी (आर्ट ग्यालेरी) रहेछ सुविधाका लागि हामी काठमाडौं उपत्यकाकै भनूं । त्यहां बीचबीचमा राम्रा नराम्रा चित्रहरूको प्रदर्शनी भइरहँदो रहेछ । राम्राभन्दा नराम्रा चित्रहरू धेरै प्रदर्शन गरिंदो रहेछ क्यारे– एकजना कलापारखीलाई त्यो ग्यालेरीसंग निकै रिस उठेछ र उनले एक दिन आफ्नो रिस पोखेछन्– कसैले नदेख्ने गरेर ।

त्यस ग्यालेरीको ढोकैमा ठूलाठूला

अक्षरमा "कुकुर लिएर भित्र नजानुहोस्" भनेर लेखेको रहेछ । ती कलापारखी सज्जनले त्यो लेखेको मास्तिर अलि साना अक्षरमा केही लेखेर गएछन् । अब त त्यो सूचना यस्तो पढिंदो रहेछ–

"आफ्नो कुकुरमाथि दया गर्नुहोस्, यस्ता चित्र हेर्न उसलाई बाध्य नपार्नुहोस् । कुकुर लिएर भित्र नजानुहोस् ।"

☆ ☆ ☆ ☆

७२ एउटा त्यस्तै-त्यस्तै क्लब रहेछ । त्यहाँ साँझमा थुप्रै साथीभाइ रमाइलो गर्न जम्मा हुँदा रहेछन् । एकदिन मिष्टर राम अँध्यारो मुख लगाएर झोक्राएर रक्सी नखाई बसिरहेको देखेर मिष्टर श्यामले 'के भयो यार ?' भनेर सोधेछन् । मिष्टर रामले अफिसमा सबै काम गोलमाल भएको, सबैसँग झगडा परेको कुरा इत्यादि बताएछन् । मिष्टर श्यामले त्यो सुनेर भनेछन्– "म त यार त्यस्तो परेको वेला जान्छु र मेरी श्रीमतीलाई गम्लङ्ग अंगालो हाल्छु र लामो चुम्बन लिन्छु अनि सबै ठीक हुन्छ । तिमी पनि त्यसै गरन ।" यति सुनेपछि उत्साहित भएर मिष्टर रामले सोधेछन् "हो त ? म पनि त्यसै गरूँ त ? तर अहिले तिम्रो श्रीमती कहाँ होलिन् ?"

७३ एकजना नवयुवती डाक्टरसाहेब रहिछन् विवाहिता र सानासाना दुईजना छोरीकी आमा । उनलाई ती दुई जनाले नाकमा दम पर्दा रहेछन् चकचक गरेर, झगडा गरेर र भन्या नमानेर । एकदिन छोरीहरूले साह्रै दुःख दिएकोले आजीत भएकी उनले विराटनगरमा आफ्नी आमालाई फोन गरेर भनिछन्– "ममी, आमा भएर घर गर्न यत्ति दुःख हुन्छ भन्ने थाहा पाएकी भए म केटाकेटी छँदा हजूरलाई यस्तो दुःख दिने थिइन । के गर्नु त्यो वेला थाहा भएन !"

☆ ☆ ☆ ☆

७४ साधारणत मार्क्सका विचारधारामा दीक्षित भएका विद्वान्हरू भगवान्मा विश्वास गर्दैनन् । तर अब भगवान्मा विश्वास गर्ने मार्क्सिस्टहरूको संख्या बढ्दै गएको छ । नेपालमा पनि ईश्वरवादी मार्क्सिस्ट बन्धुहरू फाट्टफुट्ट देखिन थालेका छन् । त्यस्तै एकजनाका बारेमा भनिन्छ एकदिन उहाँ सपरिवार दक्षिणकाली पुग्नुभएछ, र भगवतीलाई ढोग्दै भन्नुभएछ– "म कहाँकहाँ पहाड अनकण्टार को मान्छे तपाईका कृपाले यसरी अलिअलि गर्दै माथिमाथि आइपुगें । मलाई झण्डावालसम्म तपाईले बनाइदिनुभयो । धन्यवाद छ । तपाईले त मलाई

यतिसम्म गराउनुभयो, मैले भने अहिलेसम्म तपाईलाई केही गरेको छुइन, अब भन्नुस् भगवती, म तपाईका लागि के गरिदिन सक्छु ?"

☆ ☆ ☆ ☆

३५ हाम्रो देशमा मात्र होइन हाम्रो जस्तै अविकसित या विकासशील अन्य देशमा पनि यस्तो हुन्छ। त्यसैले लाज मान्ने काम छैन। तर सिंहदरबारका बरण्डाभा चल्ने गरेको एउटा किस्सा यस्तो छ।

एकजना नयाँ संसद मन्त्री भएर आउनुभएछ– हाम्रै अविकसित देशको पनि अतिअविकसित सूदूरको जिल्लाबाट। पढ्ने लेख्ने बेला गोठालापात र वनजंगल गर्दै बितेछ– अक्षर उस्तो खार्न पाउनुभएको रैनछ उहाँले चुनाव लड्नेताका बल्लबल्ल सहीसम्म गर्न सिकाइएको रहेछ उहाँलाई। जित्नुभयो, आउनुभयो र मन्त्री हुनभयो। अब पऱ्यो फसाद। फाइल पढ्नुपऱ्यो, तोक लगाउनुपऱ्यो, सही गर्न पऱ्यो। के गर्ने भनेर मन्त्रीज्यू छटपटाउनु भएको देखेपछि उहाँको सचिवले निवेदन गरेछन् "हजूर म हेरेर पढेर सब ठीक पारेर फाइल पेश गर्दिन्छु हजूरले त्यहाँ पुछारमा बाहुली दस्तखत मात्र गरिदिनुहोस्योस्न।" नभन्दै, फाइल त्यस्तै भएर मन्त्रीज्यूको टेबिलमा आइपुग्यो। सबै कुरा

ठीक भएको भन्ठानेका सचिवजीको फोनको घण्टी बज्यो, मन्त्रीजीको रहेछ, मर्जी भएछ "होइना अए सचिवज्यू, कहाँ गर्ने मैले सही ? यहाँ त कतै पुछार नै रहेनछ खोई !"

☆ ☆ ☆ ☆

७६ परिवार नियोजनको एउटा घागडान सेमिनार भइराखेको रहेछ एउटा जिल्लाको सदर मुकाममा । राम्रै टीए डीए खाएर एकजना परिवार नियोजन-विशेषज्ञ भएर पुगेका रहेछन् डा. कुईकेल त्यस सेमिनारमा । राजधानीबाट उद्घाटन गर्न गएका मन्त्रीज्यूले उद्घाटन र भाषण सकेर पिलेनमा फर्किसकेपछि विषयसमितिको बैठक बसेछ । गाउँगाउँबाट आएका साधारण कृषकहरू टेबिलको रिङ्गै मेचमा बसेका थिए । डाक्टरसाहेबले आफ्नो विद्वत्ता देखाउँदै फर्माए – "हाम्रो जनसंख्या अत्यधिक मात्रामा बढ्दै गएको छ । हेर्नुस्, हाम्रो देशमा एउटी महिलाले प्रत्येक ६।६ घण्टामा एउटा बच्चा जन्माउँछे । यस्तो अवस्थामा जनसंख्या घटाउन के गर्ने लौ तपाईंहरू नै भन्नुस्" जवाफको निम्ति डा. कुईकेल एकैछिन अडे । टेबुलको पुछार बाट डराईडराई एकजनाले हात उठाएको देखी डाक्टरसाहेबले उत्साहित हुँदै भने "भन्नुस्, भन्नुस्

चौधरीजी ।" चौधरीले धक मान्दैमान्दै बिस्तारै भने "हजूरहरू के गर्नुहुन्छ कोनि, म भए त सबभन्दा पहिले त्यो आइमाईलाई नै खोजेर ल्याएर थुन्ने थिएँ जल्ले ६।६ घण्टामा एउटा बच्चा जन्माउँछिन् ।"

☆ ☆ ☆ ☆

७७ हाम्रै तराईको एउटा कथा हो यो पनि । आँपका गछियाका एकएक रूखको हिसाब गरेर बगैंचा नै ठेक्कामा बेचिएको हुन्छ आँपका फूल लागेदेखि नै । अनि त्यस्ता बगैंचाको रखवारी गर्न ठेकदार ले पाले राखेको हुन्छ । त्यस्तै पाले र आँप चोर को यो कथा हो– एकदिन आँप-पालेले एउटा केटोलाई भैंवाट आँप टिप्दै झोलामा हाल्दै गरेको फेला पारेछ । र समातेछ । अनि पाले भन्दोरहेछ– "पख्, तँलाई तेरा बाबुकहाँ लगेर गोहारउँछु, हिड्" केटो भन्दोरहेछ– "मेरो बा घर मा हुनुहुन्न, कहाँ जाने त्यसै" । त्यो सुनेर पालेले सोधेछ, "कहाँ गएका छन् त तेरा बाबु ?" केटोले चोरी औंलाले माथितिर देखाइदिएछ र भनेछ – "ऊ त्यहाँ माथि रूखमा !"

☆ ☆ ☆ ☆

७८ सिउसिउ राजाको पालाको जस्तो खटारा मोटर गाडी थियो रामबाजेको । कतिपल्ट बेच्न खोजे उनले त्यसलाई, तर कल्ले किन्ने त्यस्तो थोत्रो गाडी ? त्यही चलाएर हिंड्थे रामबाजे, यताउता

जादाँ पनि । एकदिन उनी बनेपा जादै थिए । सांगानिर एउटा तगारो थियो, नयाँ भडक-कर असूल गर्न । उनले गाडी रोके अनि त्यहाँ उभिराखेका मान्छेलाई के हो भनेर ईशाराले सोधे । उसले भन्यो 'बीस रूपैयाँ' । तुरुन्तै रामबाजेले भने "बीस रूपें मात्रै ? ल भैगो, लैजाऊ" विचरा बाजेले भन्ठानेछन्– त्यो सडक-करको ठेकेदारले उनको खटारा किन्ने भयो !

☆ ☆ ☆ ☆

७८ विष्णुबाजे जस्ता थिए उनकी नोकनी पनि उस्तै र हिछ । एकदिन बाजेले नोकनी गंगीलाई एक रूपियाँ दिएर चिठी छाड्न हुलाकमा पठाएछन् । "यो रूपियाँको एउटा टिकट किन्नू त्यो यो चिठीमा यहाँनिर यसरी टाँस्नू अनि चिठी हाल्ने ढ्वाडमा खसाल्नू" भनेर उनले बेलिबिस्तार लाएर गंगीलाई अराउन उनी चुकेका थिएनन् । तर गंगीले एक घण्टापछि फर्केर आएर एक रूपियाँ बाजेलाई नै फिर्ता दिइछ । विष्णुबाजे रुसंग भएछन् र सोधेछन्– 'होइन, चिठी खसालिनस् कि क्याहो ?' गंगीले जवाफ दिइछ "किन नखसाल्नु बाजे ? खसाले नि ! तर म बाठी मान्छे, यो रूपियाँ चाहिं बचाएर ल्याएं । त्यहाँ अरूहरू पनि चिठी खसाल्दै रहेछन् मैले सबैका आँखा छलेर सुटुक्क खसालिदिएँ टिकट नटाँसेको कसैले पत्तै पाएन, बाजे !"

७९ दुईजना रोटेरियनहरू छन् एकजना पूर्वका अर्का पश्चिमका। तर अचम्म हेर्नुस् दुवै जनाको समस्या एकैनासका रहेछन् अर्थात् दुवैजना रहेछन् पत्नी-पीडित। कसरी ? यसरी–

एकजनाले आफ्नी सेक्रेटरी नै बिहे गर्न पुगेका रहेछन्। तर उनी दुःखमनाउ गर्दारहेछन्, क्लबमा, 'हेरन, म त सेक्रेटरीलाई नै बिहे गरेपछि अफिसमा जस्तै यसो गर उसो गर भनेर अराउन पाउँला भन्ने लागेको थियो। घर पुगेपछि त ऊ नै पो मलाई अराउँछे यस्तो उस्तो भनेर !"

अर्काचाहिंको गुनासो यस्तो **थियो, "मैले** बिहे गर्दा, मैले खाना बनाउने, **कोठाचोटा** सफा गर्ने इत्यादि कामबाट फुर्सत पाउँला भनेर यो स्वास्नी बिहे गरेको थिएँ। दुर्भाग्य हेरन, मेरी स्वास्नी हुनेले पनि त्यही झन्झटबाट मुक्ति पाइन्छ कि भनेर मलाई बिहे गरेकी रहिछ। क्या फसाद !"

☆ ☆ ☆ ☆

८० एकजना हाम्रा मित्र छन्, उनी एउटै गल्तीलाई कहिल्यै पनि दोहराउँदैनन्। हरेक दिन उनी नयाँ-नयाँ गल्ती गर्छन्।

अर्का एकजना छन् उनका बारेमा के भनिन्छ भने जन्मेकै दिन उनले एउटा चमत्कार

गरे रे– उनी मरेनछन्, बाँचेछन् । कसरी बाँचे कसैलाई थाहा छैन रे !

अनि एकजना महिला छिन्– एकपटक उनी सौन्दर्य प्रतियोगितामा भाग लिन गइछन् । प्रतियोगितामा उनले जित्न त सकिनन् तर थुप्रै जना सौन्दर्य-प्लाष्टिक-सर्जनहरूले उनीमाथि आफ्नो आफ्नो हातको खुबी देखाउन उनलाई 'अफर' दिएछन् ।

अनि, अर्का एकजना छन्, उनको नाम चलेको छ आपतविपतबाट पटक्क नआत्तिने भन्नेमा । जत्रो ठूलो आपत्ति र विपत्ति पनि उनी सहन सक्छन् रे, तर अर्कामाथिको !

☆ ☆ ☆ ☆

८१ देवीजीलाई फूलको सौख छ भन्ने त जगविख्यात छ । तर उहाँले आफ्नै सन्तानलाई भने यस सौखमा सहभागी बनाउन सक्नुभएन । छोराछोरी फूलप्रेमी नभएपछि उहाँ फूलको जादू नातिनातिनामा चलाउने प्रयासमा हुनुहुन्छ, घूस खुवाएर भएपनि । नातिनी हिमाले उहाँसँग जीन्स मागेकी छ । एउटा नातिले रोलर स्केट, अर्कोले ढाइँढाइँ खेल्ने– मेसीनगन । कान्छो नातिको फर्मायस ललिपप र चकलेटको छ । देवीजीले सबैलाई हुन्छ

दिन्छु भन्नुभएको छ । तर त्यो किन्ने पैसा उहाँले आफ्ना प्याराप्यारा गुलाफका बोटको गमला-मन्तिर लुकाइदिनुभएको छ । भन्नुहुन्छ– 'हिमा, तिम्रो पैसा 'ब्लूमुनको' गमलामा छ ।' नातिहरूको पैसा कुनै 'क्विन एलिजावेथ'मन्तिर कुनै 'आइसवर्ग'का मन्तिर र कुनै 'नेपोलीयन'को गमलामा छन् । उनीहरू आफैंले त्यो खोजेर पत्ता लगाउनुपर्छ । देवीजीका एक सय पचास गमला सबै उचालेर हेर्नुभन्दा ती ती नामका फूलहरू कितापमा हेरेर चिन्नु नाति नातिनीलाई सजिलो लाग्यो । उनीहरूले पैसा पनि पाए, देवीजीका फूलमा उनीहरूलाई रुचि पनि जाग्यो । क्या जादू !

☆ ☆ ☆ ☆

८२ यसपटक चुनावको बूथ सर्धै जस्तो स्थानीय स्कूल भवनमा नभएर खुला चउरमा पाल टाँगेर बनाएको रहेछ । टाटेपाटे रंगको सर्कसको जस्तो पालमा मतपेटिका राखेको देखेर भोट दिन गएकी एकजना अधबैंसे महिलाले आपना श्रीमान्लाई सोधिछन्– 'होइन हजूर, हेर्नुस्न यस्तो सर्कस जस्तो ठाउँमा भोट खसालेर जितेको मान्छे पनि सांसद हुनसक्छ र ?' पत्नीको अज्ञानतामा हाँस्दै श्रीमान्ले भनेछन्–

"धत् लाटी, कुन् ठीक भयो नि हामीले छानेर पठाएका मान्छेहरू संसदमा पुगेपछि सर्कसमा जोकरजस्तै भएर कराएको, उफ्रेको देखेकी छैनौ र ?"

☆ ☆ ☆ ☆

८३ पोके– मेरो एउटा छोरा डाक्टर, अर्को इञ्जीनियर, साहिंलो चाहिं पाइलट भएको छ ।

बोके– कान्छो नि, पोके दाइ ?

पोके– हेर न, मोरोले केही नपाएर कपाल काट्ने सेलून खोलेको छ । बेइज्जत नै गरिदियो मेरो । तर के गर्नु ? घरको खर्च उसैले धानेको छ !!

☆ ☆ ☆ ☆

८४ हुम्लातिरका एकजना मतवाली खस सज्जन रहेछन् कैले हवाईजहाज नचढेका । एकपटक त्यस्तै परेछ र उनले काठमाडौं जानु परेछ, सके पञ्चायतको कुनै मिटिङ थियो । उनले पर्सिपल्टको बैठकमा काठमाडौं पुग्नै पर्ने भएछ । जसरी भएपनि नेपालगञ्जसम्म त उनले 'पिलेन' नगए पर्सिको मिटिङमा नभ्याउने भएछन् । रामराम भन्दै उनी नेपालगञ्ज उत्रेछन् । पिलेनबाट ओर्लेपछि त्यसका 'पाइलट' चालकलाई तीन चोटी नमस्कार गरेर भनेछन्– "हाजू, हाजूलाई दुई पाटाक धन्नेवात धन्नेवात छा ।" विमानचालक जिल्ल परेछन् । किन दुई पटक ? तपाई अहिले एकै पटक मात्र

यो जहाजमा चढेर आउनुभा हैन र ?" ती सज्जनले भनेछन् " हो हाजू, ऐले यो पैले पटक चाडेकु र यो पाछिल्लो पाटक पनि चाडेकुले दुइ पाटाक धन्नेवात् हो, हाजू ।"

☆ ☆ ☆ ☆

८५ कुनै जिल्लामा एकजना बडो सशक्त प्रशासक बडाहाकिम हुनुहुँदोरहेछ । उहाँको हजामतका लागि एउटा ठेकिएको खानदानी नाउ आएर नियमित तबरले सेवा गर्दोरहेछ । आपनो सेवाक्रम जारी रहेकै बखत, नाउहरूको कुरा– गफ गर्ने प्रकृति हुनाले कहिले काँग्रेसीको कुरा गर्दोरहेछ अनि बडाहामकिम बडो जाग्नुहुँदो रहेछ । काँग्रेसीको कुरा गरे, खानदानी जागीर जाने डरले कहिलेकाही कम्युनिष्ट (कहिले वामपन्थी मात्रै कहिले प्रचण्ड वामपन्थी) को बयान गरेर किस्सा कहानी सुनाउँदो रहेछ । बडाहाकिमसाहेब त झन् फुलेल । 'ए बाबा, अब त भएन' भनेर अर्को दिन मानव अधिकारीको घतलाग्दो गफ सुनाउन पुगेछ– धन्नै जागीरै स्वाहा नभएको । हजामको मुराद बुझ्न नसकेर एक दिन सिपाहीहरूले उसलाई समातेर निर्घात गोदेछन्– काग्रेसी वा कम्युनिष्ट-वामपन्थी वा अराजकतावादीसा कुनचाहि किसिमको अराष्ट्रियतत्त्व हो भन्ने निराकरण गरी जाहेर गर्नका लागि । हजामले ती तीनै कुराको इन्कार

गरेपछि र कुटाइ खपिनसक्नु भएपछि डराइ-डराई भनेछः हजूर मैले तीनथरीमा जोसुकैको कुरा उप्काए पनि बडाहाकिमसाहेब बडो नाराज हुनुहुन्छ र गर्धन खुब फुलाइबक्सन्छ र गाला पनि उचालिन्छन्– कपालका रौं ठाड्ठाडा भएर उठ्छन् र मलाई हजामत गर्न बहुतै सजिलो हुन्छ हजूर !

☆ ☆ ☆ ☆

अस्तिको अङ्कमा हाम्रा उपाध्यक्ष 'भाइस' प्रेसिडेण्टसाहेबले हालेको हजामको कथा सबै रोटेरियन साथीहरूले अत्यधिक मन पराएको सुनेर यस बबुरा सम्पादकले पनि हजामहरूकै कथा हाल्न खोज्नथाल्यो । तर केही फेला परेन– यस्तो लिखुरे पिलन्धरे कथाबाहेक :–

एउटा हजामको सेलून रहेछ, त्यहाँ एउटा भुस्याहा कुकुर नित्य बसिरहँदो रहेछ । एउटा त्यहाँ आइरहने ग्राहकलाई उकुसमुकुस भएछ र सोधिहालेछ–

"हजामजी, यो कुकुर त तपाईलाई खूब मन पराउँदो रहेछ जैले पनि तपाईकै छेउमा बसिरहँदो रहेछ, होइन ?" यो सुनेर हजामले खैनी थुक्दै स्पष्टीकरण दिएछ– "कस्तो छ कि हूजूर मैले कपाल काट्दा कैलेकाहीं कैंचीले कसैको कान पनि चटाकसे काटिएर पर्छ त्यही झरेको कानको टुक्रालाई खान पर्खेर उहाँ कुकुर बसिरहनु भएको छ, हूजूर ।"

८७ एउटा हिसी नपरेको मान्छेले एकजना राम्री तरुनीलाई सोधेछ– "मैले तपाईंलाई एकपटक चुम्बन गर्न खोजें भने के दिनुपर्ला तपाईंलाई ?" तरुनीले सटाक्सँग जवाफ दिइछ- "क्लोरोफार्म !"

☆ ☆ ☆ ☆

८८ एकजना ठूलो धार्मिक प्रवक्ता हुनुहुन्थ्यो । अत्यन्त राम्रो भाषण गर्नुहुन्थ्यो । धर्म के हो र कसरी गर्नुपर्छ भन्नेमा उहाँ एक दुई घण्टा त्यसै प्रवचन दिन सक्नुहुन्थ्यो । उहाँको आवाज बुलन्द भएकाले उहाँलाई 'माइक' को पनि आवश्यकता पर्दैनथ्यो ।

एकदिन त्यस्तै जोशमा उहाँ भाषण गरिरहनु भएको थियो । निकै बेर भइसकेको थियो । एउटी भक्तिनी आमाको काखमा रहेको बच्चा रुन थाल्यो, पण्डितजीसँग प्रतिस्पर्धा गर्ला जस्तो गरेर । त्यसले बिचारी आमाचाहिं बच्चालाई बोकेर बाहिर जान लागिन् । त्यो देखेर दयालु पण्डितजीले भन्नुभयो– "पर्दैन आमा, बाहिर जानु पर्दैन तपाईंको बच्चाले मलाई केही अपठेरो पारेको छैन वस्तुस् ।" एकैछिन बच्चाकी आमा अल्मलिइन् बसूँ कि नबसूँ भएर । तर बाहिर जाने नै निधो गरिछन् । उनले भनिन् "अपठेरो बाजेलाई होइन, यसैलाई पो परेको छ त बाजे कराएर ।"

८९ राती अशोक सिनेमा हलमा एउटा रसिलो नेपाली फिल्म हेरिसकेर घर आएपछि हाम्रै साथी एकजनाकी अधबैंसे धर्मपत्नीले लाडिएर श्रीमान्‌लाई सोधिछन्– "हजूर पनि मलाई त्यो राजेश हमालले गरेजस्तै गरेर किन माया गरिसिन्न ?" हाम्रा मित्रले अलि ठर्किएर जवाफ दिएछन् "कस्तो कुरा ! तिमीलाई थाहा छ त्यति गर्नलाई त्यो राजेशले कति पैसा लिन्छ ?"

☆ ☆ ☆ ☆

९० एउटा स्कूल रहेछ त्यहाँ अनेक थर-जातका विद्यार्थी रहेछन् । एकदिन गुरुमाले भनिछन्– "यहाँ मैले यो आँप राखेकी छु । म एउटा प्रश्न सोध्छु, जल्ले सबभन्दा राम्रो जवाफ दिन्छ त्यसैलाई यो आँप दिन्छु । भन त यो संसारमा सबभन्दा ठूलो मान्छे को हो ?

रामलाल चौधरीले भनेछ– 'परशुनारायण चौधरी' ।

हरिविक्रम थापाले भनेछ– 'सूर्यबहादुर थापा' ।

विश्व शाक्यले भनेछ– 'सूर्यबहादुर शाक्य' ।

कृष्णबहादुर खपाङ्गीले चाहिं भनेछ– 'भानुभक्त आचार्य' ।

स्पष्टै छ, गुरुमाले प्रसन्न भएर कृष्णबहादुरलाई

नै त्यो आँप दिइन् । अनि सोधिन् "होइन कृष्णबहादुर, तिमीले कसरी यसरी भानुभक्तको नाम लियौ ? अचम्म लाग्यो" । कृष्णबहादुरले भनेछ "मिस, हुन त मलाई गोरेबहादुर खपाड़ी नै संसारभरको सबभन्दा ठूलो मान्छे हो भन्ने थाहा छ, तर लेन-देनको कुरा पऱ्यो । मैले उसको नाम लिएर आँप हात लगाउन सक्तिनथें, त्यसैले ।"

☆ ☆ ☆ ☆

९१ आज फेरि एउटा स्कूलकै कथा हालूँ । यो स्कूलचाहिं काठमाडौंकै एउटा इङ्लिस मिडियमको बोर्डिङ स्कूल थियो । त्यहाँ विद्यार्थीहरूलाई सोमत, 'एटिकेट' पनि सिकाइन्थ्यो । र हरेक कुरा अंग्रेजीमै गर्नुपर्थ्यो । एकदिन त्यहाँ भएको एउटा क्लासको सानो एउटा कुरा नेपालीमै यहाँ बताऊँ । मिसले चञ्चले एउटा केटालाई भन्नुभएछ– "रामु त्यसरी कराएर ठूलो आवाजले हाँस्नु हुदैन, नराम्रो सुनिन्छ !" त्यो सुनेर अत्यन्त नम्र भएर रामुले भनेछ "मिस मैले त त्यसरी हाँस्ने विचार गरेकै थिइनँ । म त श्यामको पछिल्तिर पुच्छर टाँसेको देखेर बिस्तार मुस्काउन मात्रै खोज्दै थिएँ– कसरी कसरी त्यो हाँसो त फुटेर पड्केछ, आई याम सरी मिस !"

९२ एकजना भुक्तभोगीले एकदिन आफ्नो क्लबमा आएर फुई लगाएछन्– "आज मेरो दाँतको डाक्टरकहाँ जाँदा अत्यन्त रमाइलो दृश्य देखें– त्यहाँ त हाम्री बिरामी बस्ने मेचमा हाम्रो डाक्टरसाहेब पसारि एका छन्, अनि उनको मुखमा अर्को डाक्टरले खोतल्दै छ ! बडो मजा आयो !"

☆ ☆ ☆ ☆

९३ जे देखिन्छ त्यसमा विश्वास नगर्नुहोस् तपाईंहरू पनि । नपत्याए यो कथा सुन्नुस् ।

एउटा कुत्रेराम्रे माग्ने रहेछ– हैदैं टीठ लाग्ने । उसले यही नारायण होटेलकै पारिपट्टि सडकमा एकजना भलाद्मीलाई रोकेर "एक रूपियाँ दिनुस् न हजूर" भनेछ । भलाद्मी राम्रै सज्जन रहेछन् माया गरेर भनेछन्– "धत्, माग्नु पनि हुन्छ ? बरु यो झोला बोकेर मर्सिंग हिड म तिमीलाई पाँच रूपियाँ दिन्छु ।" यो सुनेर गजबक परेर त्यो कुत्रे माग्नेले भनेछ : "पाँच रूपियाँ दिन्छु रे ? लौ तपाईं मेरो पछि मात्रै लाग्नुस्न म नै तपाईंलाई भरे दश रूपियाँ दिउँला !"

☆ ☆ ☆ ☆

९४ आज एउटा राजनीतिक ठट्टा गरूँ । बेलाइतमा ल्वायड जर्ज अर्थमन्त्री थिए । त्यसबेला

रावर्ट स्कट दक्षिणी ध्रुवको अभियानमा जान र कमको जोहो गर्दै थिए र उनी ल्वायड जर्जकहाँ पुगेछन् । ल्वायड जर्जले उनलाई एकजना कुनै धनी मान्छेकहाँ जान र अनुरोध गर्न भनेछन् । स्कट ती सज्जनकहाँ पुगेर आएछन् । ल्वायड जर्जले "केही पाउनुभयो ?" भनेर सोधे । जवाफमा स्टकले यसो भने–

"मैले उहाँलाई भेटें र कुरा गरें । उहाँले तत्काल मलाई एक हजार पाउण्ड दिने वचन दिनुभयो । तर हजूरलाई पनि त्यो टीममा सामेल गरेर लैजान सकेभने उहाँले मलाई पचास हजार पाउण्ड उठाइदिने आश्वासन दिनुभयो । अरु उहाँ त मलाई एक लाख पाउण्डसम्म उपलब्ध गराइदिन तयार हुनहुन्छ तर त्यसका लागि मैले हजूरलाई उतै छाडेर आउनुपर्छ रे !"

हाम्रो नेपालको राजनीतिक फाँटमा यस्ता कथा बन्न सक्तैनन् ?

☆ ☆ ☆ ☆

९५ लोग्ने र स्वास्नी भनेका एक अर्काका लागि 'मोटर गाडी' जस्तै हुन् रे– शुरूशुरूमा यिनमा सबै कुरा राम्रा, लचक्क परेका र बास्ना आउने हुन्छन् रे, पछि-पछि हुँदै गएपछि भनेको त्यस्तै हो रे !

९६ एकजना डाक्टरसाहेब हुनुहुन्थ्यो सफल, सुपरिचित र सहृदयी। देशको नाम चलेका चिकित्सक भएकाले उहाँलाई पत्रपत्रिकाहरूले बीचबीचमा अन्तर्वार्ताका लागि दुःख दिइरहन्थे। एकपटक एउटा निकै लोकप्रिय साप्ताहिकले उहाँको लामो अन्तर्वार्ता छापेछ। उहाँको व्यक्तिगत जीवनका पनि धेरै कुराको उहाँले इमान्दारीसाथ जवाफ दिनुभएछ। त्यसपछि पत्रिकाले प्रश्न गरेछ उहाँलाई– "डाक्टरसाहेब तपाईको चिकित्साका क्रममा तपाईले कुनै सांघातिक भूल गर्नुभएको छ?" एकैछिन सोचेर डाक्टरसाहेबले जवाफ दिनुभएछ– "धेरै वर्ष पहिलेको कुरा हो, एकजना साह्रै धनी व्यापारीलाई औषधि गर्दा मैले दुई पटक मात्र 'भिजिट' गरेर उनलाई निको पारिदिएछु। त्यो चाहिं निकै ठूलो भूल रहेछ भन्ने पछिपछि बुझ्दै गएँ।"

☆ ☆ ☆ ☆

९७ एकजना कुशल गृहिणी रहिछन्। उनलाई आफ्नो पाकशास्त्र ज्ञानको निकै गर्व रहेछ। निकै किसिमका नौला-नौला परिकार पकाउन सक्छु भन्ने पनि उनको मान्यता रहेछ। एकदिन एउटा नौलो प्रकारको व्यञ्जन तयार पारिछन् उनले र श्रीमान्लाई प्रसन्न पार्न भनी

टेबिलमा सजाएर राखिछन् । श्रीमान्ले खोनेकोठामा आएर टेबिलमा राखेको खानेकुरा देखेपछि जिल्ल परेर सोध्छन्– "होइन नीरा, तिम्रो यो क्वाँटी कवाफमा यतिका खुर्सानीको धूलो कल्ले छरिदियो हँ ।" लोग्नेको कुरा सुनेर रुञ्चे मुख लगाएर आदर्श गृहिणी नीराले भनिन्, "हरे हजूर पनि के भएको ! यो क्वाँटीको कवाफ हो त ? यो त काजुको हलुवा पो बनाएकी मैले, अनि यो माथि छरेको पनि केशर पत्ती पो हो त, कस्तो आँखा हजूरको !"

☆ ☆ ☆ ☆

९८ एकजना अफिसर रहेछन्– हुम्लामा खटिएका । उनकी पत्नी रहिछन् भरखरै जस्तो सुत्केरी भएकीले काठमाडौंमै रहेकी । बल्ल दुई महीनाकी भएपछि उनी लोग्नेकहाँ जाने भइछन् । हुम्लाको प्लेन अढाई घण्टा लाग्ने टुइन अटरमा सानो बच्चालाई लिएर उनी उडिन् । आधुनिक थिइन् बच्चालाई आफ्नो दूध नखुवाएर बट्टाको दूध खुवाउँथिन् । गौचरबाट उड्नेभन्दा पहिले नै उनले दूध बनाई बोतलमा भरिसकेकी रहिछन् । तर प्रेसराइज नभएको हवाईजहाज १०।१२ हजार

फीटको उचाईमा उड्दा उनले बोकेको बोटलको दूध हिउँ जस्तै चीसो भइसकेछ । अब बच्चालाई कसरी खुवाउने ? उनले रुन्चे मुख लगाएर एयरहोस्टेजलाई सोधिन्– 'कसरी तताऊँ यो दूध' । हवईजहाजकी परिचारिका भुक्तभोगी रहिछन् भनिन्– 'त्यो दूधको बोतललाई आफूमान्तिर राखेर बस्नोस्, हामी सुर्खेतमाथि पुग्दा-नपुग्दै दूध ठीक्कको तातो हुन्छ । त्यसै गर्छन् अरू पनि ।'

☆ ☆ ☆ ☆

९९ एकजना सुँडेनी थिइन् हरिमाया । अब त उमेर निकै भैसकेर काम छाडिसकेकी थिइन् रे काठमाडौंमा बस्नुभन्दा गाउँमा वस्तु सस्तो हुने देखेर धादिङ वेसीमा आफ्नो भदाका घरमा बस्थिन् । एकपटक उनका भदाले दशैं किनमेल गर्न आउँदा फुपूलाई पनि शहर देखाउन ल्याएछन् । शहरमा उनले धेरै जनालाई भेटिन् जसको जन्मने क्रममा उनले मद्दत गरेकी थिइन् । एकजना थिए– निकै प्रौढ भइसकेका – रामप्रसाद । रामप्रसादलाई उनले भनिन् 'रामबाबु, तपाईको कति पटक हो कति पटक मैले थाङ्नो फेर्नुपरेको थियो" रामप्रसाद अब त कान पनि कम सुन्थे

भने "हो हरिमाया, अहिले त यहाँ सबै कुरा बदलिसक्यो; पहिले पहिले तपाईंले देखेका ठाउँ पनि अब त तपाईंले चिन्न सक्नुभएन होला, होइन ?"

☆ ☆ ☆ ☆

१०० पचास वर्ष नाघिसकेका थिए सुब्बा ऋषिबहादुरजी। तर चिटिक्क मिलेको लुगा लगाएर निक्कै ठाँट्टिएर हिंड्थे। पित्तले भुँडी नपल्टिएकोले छिटाछरिता पनि देखिन्थे र आफूलाई अरु निकै राम्रो छु भन्ठान्थे उनी। अनि, आइमाईहरू उनको रूप यौवन देखेर मरिमेट्छन् भन्ने समेत उनको घमण्डी धारणा थियो। एकदिन एउटा भोजमा गएका थिए। राम्रा लुगा लगाएका असंख्य सुन्दरीहरू पनि थिए त्यहाँ। धेरैले उनलाई चाख लिएर हेरेजस्तो लाग्यो उनलाई। निकै बेर यस्तो चलेपछि उनी अलि एक्लै परेको मौका पारेर एकजना तरुनी मैयाँले भनूँ कि नभनूँ जस्तो गरेको देखेर उनले प्रोत्साहित हुँदै भने– 'भन्नुस्न के हो ?' मैयाँ अन्कनाउँदै थिइन्, पछि रातोगाला पारेर बल्ल मुख फोरिन् उनले– "अङ्कल, तपाईंको सुरुवालको इजार खुण्डिएको छ !"

सुब्बासाहेब त 'फ्ल्याट' !!

१०१ हरिबाबु झोक्राएर बसिराखेका थिए । मित्र रमानन्द आउँदा पनि सधैं कैं हँसिलो भएर हात मिलाएनन् । बिहानैदेखि दारी खौरेर बास्ना आउने शेभिङलोसन लगाएर फूर्तिसाथ गुनगुनाएर बस्ने हरिबाबुको, आज ननुहाएको बासी अनुहार देखेर रमानन्द जिल्ल परे । सोधे– "हैन के भो ? घरकी बुढिया नै मरेजस्तो वैरागलाग्दो अनुहार लगाएर किन ज्याउरिरहेको ?" हरिबाबुले आँशु झर्लाजस्तो अनुहार लगाएर भने– "हेर्न, यो चिठी आएको । उसको स्वास्नीसँग मैले मेरो बसउठ र खेलवाड चटक्कै छाडिन भने मलाई छुटक्कै काट्छु भनेर लेखेको छ ।" स्थितिको गम्भीरता बुझेर रमानन्दले पनि सल्लाहकै रूपमा भने "छाड्देन त त्यस्ताको संगत, तँलाई कें नपुग्दो छ ?" अझ रुञ्चे आवाजमा हरिबाबु बोले "मोराले आफ्नो नाम त सही गरेको छैन, कुनचाहिंका स्वास्नीको संगत् छाडूँ म ? कसकससँगको उठबस कम गरुँ म ? तै भन् त ।"

☆ ☆ ☆ ☆

१०२ आधुनिक हावाले छोएका काँचै उमेरका एक जोडा पति-पत्नी थिए, प्रेमविवाह गरेर बाबु-आमाबाट पृथक भई बसेका । सानोतिनो जागीर थियो दुवैको, कुनै किसिमले इज्जत

धानेर बसेका थिए । एक दिन उनीहरूका बीच भएको कुराकानी सुनौं–

श्रीमान्– रजनी, आज भात नपकाऊ, हामी आज राती बाहिर होटेलमै खाऊँ ।

रजनीले दंग पर्दै भनिन्– हुन्छ । क्या मजा ! मैले सधैं त्यो मट्टीतेलको चूलोमा जोतिएको देखेर तपाईंलाई मेरो माया लागेछ, हो ?

श्रीमान्ले भने– "तिम्रो माया त जैले पनि लागेकै छ मलाई । आज चाहिं मलाई मेरो आफ्नो पनि माया लाग्यो– सधैं त्यो जुठो भाँडा कति मस्काइरहूं भनेर होटलमा जाऊँ भनेको ।"

☆ ☆ ☆ ☆

१०३ हातले काम गर्ने सिकर्मी डकर्मी या मिस्त्री जस्ता मान्छेमा पनि हास्यव्यग्यको प्रतिभा हुन्छ भन्ने हामी बुद्धिजीवी भैटोपलेकाहरू बिर्सन्छौं ! एउटा नमूना हेरौं । एकदिनको कुरा हो–

हाम्रै साथी एकजना कता मन्दिर जानुभएको थियो । दर्शनपर्सन सकी मोटरमा फर्केर आउँदा उहां ऋल्यांस्स हुनुभयो । मोटरको साँचो त मोटर मा भित्रपट्टि ताल्चामै हल्लिरहेको ! उहांले र उहांकी चल्तपुर्जा पत्नीले त्यो ढोकाको ताल्चा खोल्न धेरै कोशिश गर्नुभयो । तर सबै निस्फल । त्यहां

नजिकै एउटा ग्यारेज रहेछ । श्रीमान् पसीना बगाउँदै त्यहाँ पुग्नुभयो र आफनो दुर्दशा वर्णन गर्नुभयो । उहाँले दुःखकथाले एउटा मिस्त्रीको मन पग्लेछ र आफनो काम छाडी औजार बोकी ऊ उहाँसँगै मोटर भएठाउँ आएछ । एक बिता लामो एउटा सुइरो जस्तोले के कसो गरेर हो उल्ले ढोकाको ताल्चा सजिलै खोलिदिएको देखेपछि श्रीमान् पनि श्रीमती पनि एकदम प्रभावित हुनुभएछ । आफनो खुशी दबाउन नसकेर श्रीमतीले लाडिएर मिस्त्रीलाई भन्नुभएछ– "कस्तो गजबको औजार रहेछ तपाईको ।" अनि सोध्नुभएछ, "हाम्रो पर्समा राख्न हुने खालको सानोसानो त्यस्तै औजार पाइन्छ होला ?" प्रश्न सुनेर अलिकति पनि नहाँसी सजिलै जवाफ दिएछ मिस्त्रीले "पाइन्छ हजूर, किन नपाइनु ! त्यस्तो औजारलाई साँचो भन्छन् !"

☆ ☆ ☆ ☆

१०४ आजचाहिं एउटा डेण्टल क्लिनिकको कथा– निकै उमेर पुगिसकेका एकजना हाम्रा साथीको दाँतले दुःख दिएछ । दाँतको डाक्टरलाई देखाउँदा दाँत उखेल्नुपर्ने ठहरिएछ । बाहिर जतिसुकै वीर देखिएपनि हाम्रा मित्रको मुटु अलि काथर नै रहेछ । दाँत उखेल्नु पर्ने कुराले डराएर उहाँ आफनी

पत्नीका शरण पर्नु भएछ । भन्नु भएछ "बूढिया, मलाई त त्यो दाँत उखेल्ने भन्ने कुराले साह्रै डर लाग्छ । दाँत नउखेलूँ ।" बूढिया भुक्तभोगी हुनुहुँदो रहेछ भन्नुभएछ "आः क्यै पनि हुँदैन मैले कतिचोटि उखेलिसकें । चुप्पो लागेर राजहोस् अहिले डाक्टर साहेबले इञ्जेक्सन दिनुहुन्छ अनि दुखेको क्यै पत्तै पाइस्सिन्न ।" नभन्दै कुनै विघ्नबाधाविना नै उहांका दुइटा बंगारा छिकिएछन् । अपरेशनपछि एकैछिन उहाँलाई 'अब्जर्भेशन'का लागि अर्कै कोठामा लगी राखिएछ । त्यहाँ उहाँकी पत्नी उहाँलाई हेर्न जानुभएछ र भन्नुभएछ "दुख्यो त क्यै ? सित्तैमा डराएर !" इञ्जेक्सनको असरले हाम्रा लठ्ठिएका मित्र त इन्द्रलोक पुग्नुभएको रहेछ । आफ्नी 'बूढिया' लाई देख्ता पनि उहाँलाई रम्भा र उर्वशीलाई देखेजस्तै लागेछ । इञ्जेक्सनले लरबरिएको बोलीमा उहांले पत्नीलाई भन्नुभएछ– "यस्तो रमाइलो हुन्छ भन्ने थाहा पाएको भए त किन नाई भन्थे म ! आऊ बूढिया, मेरो दुखेकोमा गालामा एकपटक च्वाप्प म्वाई खाइदेऊ त, बिहेकै दिनमा जस्तो !"

☆ ☆ ☆ ☆

१०५ यो चाहिं एउटा कञ्जूस धनीको कथा हो सत्य हुन पनि सबने नहुन पनि । एकजना

साहूजी या सेठजी हुनुहुँदोरहेछ । बिरामी पर्नुभएछ । अनि उहाँले आफ्ना परिवारलाई वरिपरि बोलाएर भन्नुभएछ– 'हेर बाबु हो, मैले हाम्रो, घरको माथि बुईंगलमा एउटा ठूलो सन्दूस राखेको छु । त्यसमा मैले भा.रू. का नोटैनोट भरेर राखेको छु । खबरदार कसैले त्यो नछुनू । पछि मैले म 'माथि' जाँदा साथै लैजान राखेको रकम हो त्यो । तिमीहरूले त्यसमा लोभ नगर्नू ।" समय आयो कालले आएर उनलाई टिपेर लग्यो । क्रियाको कामसमेत सकिएपछि आमा छोरा सबै त्यो सन्दूक हेर्न गएछन्– सन्दूसमा नोट जस्ताको तस्तै प्याकको प्याक रहेछ– एउटा पनि झिकेर लगिएको रहेनछ । यो देखेर आमाचाहिंले भनिछन्– "हेर, मैलेत भनेकै थिएँ तिमीहरूको बुबालाई । जाँदा संगै लैजाने हो भनें, सन्दूसलाई माथि बुईंगलमा होइन, तल छिंडीमा राखिछाड्नुस् भनेर । मान्नु भएन । हेर, अब खाली हात जानुभयो, हरेशिव ।"

☆ ☆ ☆ ☆

१०६ एकपटक फेरि एउटा अधवैंसे जोडीको कथा । अधवैंसे उमेर पनि ऊण्डै नाघिसकेका रहेछन् हाम्रा यस कथाका नायक र नायिकाले ।
एकदिन राती संगै सुतिरहेका थिए, विहानीपख हुने बेला पत्नी चाहि ऊस्कदै उठिन् । अनि आत्तिदै

उनले रुकरुकाउँदै लोग्नेलाई उठाइन् र भनिन्– "होइन, हेरिस्योस्न भन्या– मैले कस्तो नराम्रो सपना देखें, सुनिस्योस्न" लोग्नेचाहिले रुक्दै सोधे– 'के सपना देख्यौ ?' पत्नीले बेलिबिस्तार लाउँदै भनिन् "कस्तो मुटु नै ढुकढुक भइरहेछ हेरिस्योस्न मैले सपना देख्या कस्तो भने म त तरुनै उमेरमा मरिछु !" यति सुनेपछि निन्द्रा बिग्रिएको शोकमा श्रीमान्ले भनिदिएछन्– "लौ लौ धन्दा नमान, अब तिमीले तरुनैमा मर्ने भन्ने त सपनामा देखेपनि हुँदैन, के पीर गरिराख्या ?" यति भनेर अर्कोपट्टि कोल्टे फर्केर उनी घुर्न थालेछन् !

☆ ☆ ☆ ☆

१०७ बस्तु-भाउ पाल्ने भएपछि तिनमा मान्छेलाई आत्मीयता बढ्दै जान्छ । त्यस्तै कुकुर, बिरालो, खरायो पाल्नेहरूको पनि हुन्छ । उनीहरू आफूले पाल्ने जन्तुलाई मान्छे जस्तै व्यवहार गर्दछन् । यसपटक त्यस्तै कुकुर पाल्ने सौखीन दुई जना साथीहरूको कुरा गरूँ ।

हरिबहादुर पनि रेशमबहादुर पनि कुकुरमा ठूला प्रेमी थिए । उनका घरमा जात-जातका कुकुर थिए । पोमेरियन, एल्सेसियन, डोबरम्यान, के के हो के के ।

रेशमबहादुरका घरमा कुकुरले बच्चा

पारेछ । तर यसपटक उनले कति जोगाउँदा जोगाउँदै पनि सकेका रैनछन् । कुकुनीले गल्लीको भुस्याहा कुकुरको वंशवृद्धि गर्ने भएकी रहीछ । हरिबहादुरलाई यो थाहा थिएन । रेशमजी पनि उनलाई यो थाहा नहोस् नै भन्ने पक्षमा थिए । एउटा बच्चा हरिबहादुरले लिने भएछन् । बच्चा लैजाने बेलामा त हरिबहादुरले सोधिहालेछन्– होइन रेशमजी यसको जात के हो ? रेशमलाई के भनूं के भनूं भएछ र उनले प्वाक्कै भनिदिएछन् "शाक्य हो शाक्य, धन्दामान्नु पर्दैन ।" रेशमजी आफू पनि शाक्यै थिए । हरिबहादुर आस्वस्त भए ।

☆ ☆ ☆ ☆

१०८ एकजना हाम्रा मित्रलाई प्रमोशन (पदोन्नति) को ठूलो रहर रहेछ । तर रहर रहरैमा उमेर पुगेछ र उनी रिटायर भएछन् । उनको यो प्रमोशन हुने धूनका बारेमा उनका छोराछोरी नातिनातिनालाई पनि सबै थाहा थियो । एकदिन पोखरावाट उनकी भरखर बिहे भएर गएकी नातिनीले फोन गरिछन्– "हजूर्वा, हजूरको प्रमोशन हुने भयो, मलाई आजै पक्का थाहा भो" । हजूर्बाले खुशी हुँदै सोधेछन्– "कहाँ प्रमोशन भो, नानी ? केमा प्रमोशन हुने भो कहृ भन् भन्" । अनि नातिनीले लाडिएर भनिछन् "घरैमा प्रमोशन हुने भो हजूर्बा, हजूर अब

हजूर्वाबाट चाँडै हजूर्-हजूर्बा होइस्सिँदैछ ।"

हिस्स पर्ने कि दंग पर्ने, हजूर्बालि ठेगानै गर्न सकेनछन् !

☆ ☆ ☆ ☆

१०९ हाम्रा एक मित्र थिए । आफ्नी श्रमतीको असाध्य माया गर्थे । एकदिन क्लबमा आउँदा ज्यादै दिक्क थिए । कसैसँग कुरा पनि नगर्ने, धुमधुम्ति बसेको देखी उनको अलि मन मिल्ने अर्का साथीले सोधेछन्– "होइन यार, के भो ? किन यसरी फ्रेक्किएर बसेको ?" धेरै कर गरेपछि उनले मनको बह पोखेछन्– "आज बिहानै मेरी पत्नी मसँग झगडा गरेर आमाकहाँ बस्न जान्छु भनी हिँडिदिई" । यो सुनेर उनका मित्रले भनेछन्– "के भयो त ? आफ्नै आमाकहाँ गएकी त हुन्, आइहाल्छिन् नि अलि दिनपछि ।" फन् रूञ्चे मुख लगाएर यी मित्रले भनेछन्, "त्यही त फसाद पऱ्यो, मेरी सासुजी पनि ससुरा बूढासँग ठुस्सिएर आफ्नो माइती, भदाको घरमा गएकी छन् रे । अब बिचरी मेरी स्वास्नीले कहाँ रात काट्छे होली, हरेशिव !"

☆ ☆ ☆ ☆

११० एउटा रसिक स्वभावका दम्पतिको कथा हालूँ यसपटक । बिहे भएको पचास वर्ष पुगेकाले उनका

छोराछोरी परिवार मिलेर भव्य स्वर्ण-विवाह-समारोह आयोजना गरेका थिए । समारोह सकिएपछि होटेलबाट घर आउँदा बूढाले बूढीलाई ठट्टैठट्टामा सोधे– "यो पचास वर्षका दौरानमा तिमीलाई एक पटक पनि मन बरालिएन ? मबाहेक अन्त कतै आँखा लगाउन मन लागेन" ? बुढिया पनि कम ठट्यौली थिइनन् । अलिकति सोचे जस्तो गरी उनले जवाफ दिइन्– 'हो कैल्हेकाहीं त्यस्तो विचार मनमा आउँथ्यो, तर त्यस्तो विचार आउनासाथ म एउटा चनाको गेडा, हाम्रो भान्छाको ओभन-मायिको एउटा सेतो सिसीमा खसालिदिने गर्थें अनि त्यस्तो विचार मनबाट भाग्थ्यो ।" बूढा गम्भीर भए । र घर पुगनासाथ उनी सोझै भान्छामा पुगे । नभन्दै त्यहाँ त्यस्तो एउटा सिसी रहेछ । खोलेर हेरे । भित्र चार-पाँच गेडा चना मात्र रहेछन्, उनलाई खूब सन्तोष भएछ । सिसी बोकेरै उनी कोठामा आए र हाँस्दै भने "यी यसमा त चार गेडा मात्र रहेछन् !" बुढियाको रसिकता अझ सकिएको रहेनछ उनले भनिन्– " ए त्यो ? त्यसो त मैले त्यसबाट दुई चार पटक बवाँटी बनाउन चना झिक्ने पनि गरेकी थिए नि ।"

१११ एउटा सानोसानो अखबार र त्यसका प्रकाशक सम्पादकहरूको कथा हालूँ यसपालि ।

'विश्वविख्यात' भन्ने भव्य नाउँ राखेर एउटा अखबार चलेको रहेछ । तर काम भने नाम जत्तिको ठूलो रहेनछ । जिनतिन चलिरहेको मात्र । सम्पादक भने पनि प्रकाशक भने पनि समाचारदाता भने पनि एकै जना रहेछन् । अनि एउटा पिउन-मेशिनम्यान । 'विश्वविख्यात' मा एकजनाले आफ्नो कुकुर हराएको र पाउने मान्छेलाई एक हजार पुरस्कार दिने विज्ञापन छाप्न दिएका रहेछन् । २।४ दिनपछि कुकुरका मालिकले त्यसबारे केही भयो कि भनी सोध्न फोन गरेछन् । पिउन कम-मेशिनम्यानले फोन उठाएर 'हल्लो' भनेछ । कुकुर-पाल्नेले सोधेछन्– "भेरो कुकुरको केही खबर पाइयो ?" यताबाट जबाफ गएछ– प्रकाशक, सम्पादक र रियोपोर्टज्यूहरू सबै जना त्यही कुकुर खोज्न निस्कनुभएको छ हजूर अलि पछि फोन गरिस्सेला ।"

☆ ☆ ☆ ☆

११२ एकजना हाम्रा साथी बूढा त होइन, तर आधा शताब्दी पार गरिसकेका पाका थिए । उनकी श्रीमती पनि त्यस्तै थिइन् । उनीहरूका बीच अब प्रेमका रसिला कुराकानीभन्दा पनि घर-गृहस्थीका

आरोह अवरोहका कुरा बढी हुने गर्थे । राति सुत्दा पनि एकै बिछौनामा पल्टेपनि ऐजन ऐजन नै धकुरा हुन्थे । बिजुली बढी खर्च हुन्छ भनेर बिछौनामा घुसनासाथ कोठाको बत्ती निभाउँथे श्रीमान्ले अनि पत्नी दिनभरिका घटना दुर्घटनाको वेलिविस्तार लाउन थाल्थिन् । पति 'अँ अँ' गर्दै जान्थे । 'अँ अँ' गर्दा पनि जब उनलाई रुर्को लाग्न थाल्थ्यो अनि उनी टाउको मात्र हल्लाउँथे । अँध्यारोमा पत्नीले पतिले टाउको हल्लाएको देख्तिन थिइन् अनि रुर्कन्थिन्– "म कति जरूरी कुरा भन्दैछु, तपाईलाई सुन्ने फुर्सत पनि छैन । भैहाल्यो, भर्सेला परोस् तपाईको गुठीको कुरा म सुतें । मसँग तपाईले बोल्नु पनि पर्दैन ।" भनेर अर्कोपट्टि फर्केर सुत्थिन् उनी । अनि दुई दिनसम्म लोग्ने-स्वास्नीको बोलचाल बन्द । त्यसपछि फेरि त्यही क्रम चालू हुन्थ्यो ।

हाम्रा अरू साथीहरूको घरमा पनि यस्तो 'परालको आगो' बल्छ कि कहिलेकाही ?

☆ ☆ ☆ ☆

११३ उहिलेको एउटा पञ्चायतको कथा यसपटक । एउटा कुनै नगरपञ्चायतले आफ्नो काम-कुरो हेर्ने एकजना व्यवस्थापक चाहियो भनेर विज्ञापन गरेछ । दुई-चार जनाले दरखास्त हालेछन् । अब

अन्तर्वार्ताको बेला आएछ । प्रधानपञ्चले स्वयम् अन्तर्वार्ता लिन थालेछन् । सोधेछन् दुई र दुई कति हुन्छ ? कसैले भनेछ चार कसैले बाईस यस्तै-यस्तै । अनि एकजना उम्मेदवारलाई उनले त्यही सोधेछन्– दुई र दुई कति हुन्छ ? उम्मेदवार मेचबाट उठेछ, बिस्तारै ढोका खोलेर दुवैपट्टि च्याएछ, ख्याल खोलेर यताउता हेरेछ । अनि फर्केर आएर अनि साउती गरेजस्तै गरी प्रधानपञ्चलाई सोधेछ– "हजूर त्यल्लाई कति पार्न चाहनुहुन्छ ? हजूरले जति पार्न खोजिस्सिन्छ त्यति नै हुन्छ !"

स्पष्ट छ, त्यहीचाहिं उम्मेदवार छानिएछ ।

☆ ☆ ☆ ☆

११४ कलेजमा सँगै पढेका दुई जना साथी रहेछन् । धेरै वर्षपछि, काठमाडौंका होटेलहरूमा भइरहने सेमिनारका रिसेप्सनमा दुई जनाको भेट भएछ । एकजना सरकारी अफिसर भइसकेका रहेछन् अर्को व्यापारी । कुरैकुरामा व्यापारी साथीले अफिसर साथीलाई सोधेछन्– "होइन यार, यो सेक्सन अफिसर को जागीरले तैले कसरी खर्च चलाएको छस् ? जहान-बच्चा नभए पनि आफैलाई पनि त अलिअलि रमाइलो गर्न परिहाल्छ, कसरी पुग्छ त्यो तलबले ?" अफिसरले अलि लाज मान्दै भनेछन्, "त्यसो त

कहिलेकाहीं लेख्छु नि" । साथीलाई ऊ लेख्छ भन्ने थाहा थिएन, आश्चर्य मानेर सोधेछन्– "के लेख्छस् तं ?" अफिसरले नढाँटी जवाफ दिएछन्, "उही त हो नि, कलेजकै बेलामा जस्तो बुवालाई गाउँमा चिठी लेख्छु क्या !"

☆ ☆ ☆ ☆

११५ अधबैसे जोडी रहेछ । निकै उमेर भइसक्ता पनि जायाजन्म भएको रैनछ । अनेक प्रकार औषधि सेवन र शल्यक्रियापछि पत्नी दोजिया भइछन् । चिट्ट परेकी उनलाई अहिले पनि राम्री भएर ठाट्टिएर हिंड्नु पर्ने, जीउ फुल्दै आएपछि त्यो ऋन् ऋन् गाह्रो हुँदै आएछ । आठ महीना पुग्दा नपुग्दै त उनी निकै 'गर्भिणी' देखिन थालिछन् र उनलाई पर्नु पीर पर्न लागेछ । एकदिन असह्य भएर उनले श्रीमान्लाई सोधिछन्– "हेरिस्योस्न हजूर, आमा हुने बेलामा आइमाईको मुख बत्ती धपक्क बले जस्तो देखिन्छ भन्छन् म त्यस्तै उज्याली देखिन्छु ?" । श्रीमान्ले माथिदेखि तलसम्म हेरेछन् पत्नीलाई अनि भनेछन्– "धपक्क बलेको नबलेको त मलाई थाहा छैन मैयाँ, तर अहिले तिमी बत्तीको सय वाटवाला 'गुलुप' जस्तीचाहीं पक्कै देखिएकी छ्यौ !"

११६ एकजना डाक्टर साहेब रहेछन्, एकजना वकील। घनिष्ट मित्र होइनन् त्यस्तै साधारण चिनजान मात्रका। उनीहरूबीच नमस्ते नमस्तेसम्म चल्दो रहेछ। एकदिन उनीहरूको एउटा पार्टीमा भेट भएछ। कुरैकुरामा उनीहरूलाई धाहा भएछ, उनीहरू सित्तैमा सल्लाह मार्नेहरूबाट समान रूपले पीडित रहेछन्। वकीलले डाक्टरसाहेबसँग सोधेछन्– "तपाई कसरी छुटकारा पाउनुहुन्छ त्यस्तासँग ?" डाक्टरले भनेछन् "मलाई कसैले आपना रोगको वारेमा भनेर के गरूँ भनी सल्लाह मागे भने म भन्ने गर्छु 'लुगासुगा फुकालेर ऊ त्यो पर्दाको पछाडि गएर सुत्नुस् म हेरेर बताउँला' अनि त ती मान्छे बेपत्ता भैहाल्छन्। तपाई के गर्नुहुन्छ नि वकीलसाहेब ? त्यस्तो सित्तै सल्लाह मार्नेलाई तपाई के भन्नुहुन्छ ?" वकीलले वस्तुगत जवाफ दिएछन्– "म त त्यस्तालाई बिल पठाइदिन्छु।"

नभन्दै दुई दिनपछि डाक्टरसाहेबकहाँ बिल आइपुगेछ वकीलसाहेबको "पार्टीमा सल्लाह दिएको" भनेर।

☆ ☆ ☆ ☆

११७ आज एउटा नयाँ पाराको प्रेम-कथा हालूं। एकजोर दम्पति रहेछन्। उनका छोराछोरी सन्तान थिए

थिएनन् यस कथामा त्यो कुरा खुल्दैन, र त्यसको यहाँ कुनै महत्त्व पनि छैन । एकपटक श्रीमती बिरामी परिछन् । पहिले त श्रीमान्ले डाक्टर देखाउनेमा आलटाल गर्दै गएछन् । तर पत्नी अलि सिकिस्तै भएपछि ठूलै डाक्टर देखाउनु परेछ र लगेछन् । बिरामीलाई डाक्टरसाहेबले धेरैबेर लगाएर जाँचेछन् र अनि श्रीमान्लाई अलि परतिर लगेर भनेछन्– "मलाई दुःख लाग्यो तपाईको जहानको अब धेरै दिन छैन, एक महीनाभन्दा बढता उहाँ बाच्नुहुन्न ।" यो सुनेर श्रीमान् एकदम गम्भीर भएछन् र आखिरमा भनेछन्– "के गर्नु त डाक्टरसाहेब ? यतिका वर्ष त मैसे सहेर आएकै हूँ अब एक महीना अरू सहूँला, हुन दिनोस् ।"

☆ ☆ ☆ ☆

११८ हाम्रा उत्तरतिरका वासिन्दाहरूको एउटा कथा यसपटक । जुम्लामाथि, मुगु जाने पाखामा डेढ दुई सय भेंडा च्याङ्रा पालेर बस्ने एकजना मुगाली ठालू रहेछन् । एकदिन उनलाई नै घोडा लादेर जुम्ला अस्पतालमा ल्याइपुऱ्याएछन् । होश र बेहोशको दोसाँध रहेजस्ता उनलाई हेरेर डाक्टर साहेबलाई उनको मानसिक सन्तुलन ठीक छैन

कि भन्ने शंका लागेछ र जाँच्ने क्रममा उनले सोधेछन्– " भन्नुस् त काजी, तपाईंका एकशयको भेडाबथानबाट तीनोटा भेडा भीरतिर भागे भने कतिओटा बाँकी हुन्छन् ?" मुगलीले च्वाट्टै जवाफ दिएछन्– 'यौडो पनि बाँकी हुन्नान् ।' डाक्टर साहेबले धैर्य गरी भनेछन् "होइन, सन्तान्नब्बे ओटा बाँकी हुन्छन् होइन र ?" मुगालीले ठोक्किदै भनेछन् "तोलाई क्यै पनि था छैना । यो मोरा भेडा जात एउटा भीरबाट हामफाल्यो भाने जाम्मै त्याही हाम्फाल्छा, आनी क्या बाँकी हुन्छ । ?"

☆ ☆ ☆ ☆

११९ एक दम्पतिले पारपाचुकेका लागि अदालतमा निवेदन दिएछन् । कारणमा पतिले भनेको रहेछ, "गत पन्ध्र वर्षदेखि मेरो पत्नीले मलाई डाडू र पन्यौले ठुटारो हान्ने गरेकी छ ।" यो सुनेर न्यायाधीशज्यूले भन्नुभएछ– "उसोभए अहिलेसम्म किन तपाईंले उजूर नगरेको त ?" सत्यवादी पति महोदयले जवाफ दिएछन्, "के गर्नु हजूर, पहिले-पहिले त हान्थी मात्रै लाग्दैनथ्यो । अस्ति चाही टाउकैमा लाग्यो, यत्रो बडेमा डाडूले, अनि ।"

अंग्रेजी माध्यममा शिक्षा दिन्छौं र बेलाइती काइदा कानून सिकाउँछौं भनेर धाक लगाउने एउटा स्कूलमा हाम्रा सरकारी स्कूल-इन्सपेक्टर एकदिन स्कूलको निरीक्षण गर्न गएछन् । साना साना नानीहरू भएको एउटा क्लासमा पसेछन् उनी 'आफ्नो स्कूलका छात्रछात्री कतिको स्मार्ट छन् भन्ने धाक लगाउन स्कूलकी मोटीघाटी प्रिन्सिपल पनि साथै पसिछन् । इन्सपेक्टरले प्रिन्सिपलसँग सोधेछन्, 'तपाईंहरूले विद्यार्थीहरूलाई अवलोकन-अध्ययन (अब्जरभेशन) को पनि शिक्षा दिनुहुन्छ ?' भनेर । प्रिन्सिपलले 'दिन्छौं सर' भनेपछि इन्सपेक्टरले क्लासमा सानासाना नानीहरूलाई "लौ त तिमीहरू सबैजना आँखा चिम्ल मैले नभनेसम्म चिम्लिराख" भने अनि सोधे, "लौ भन त मैले अहिले के गरें ?" कोही बोलेनन् । वल्ल एउटा सानी केटीले हात उठाई इन्सपेक्टरले उत्साहित भएर "लौ भन त तिमी" भने । सानी केटीले भनी "सरले अहिले हाम्रो हेडमिसलाई 'किस' गर्नुभयो ।"

आज फेरि एकजना डेण्टिष्टको कथा । व्यापार बढाउन भनी एकजना दाँतका डाक्टरले आफ्नो पसलमा एउटा बोर्ड झुण्डाएका रहेछन् । त्यसमा लेखिएको रहेछ, "नदुखे दाँत उखेलेको फिस लाग्नेछैन," त्यो पढेर एकजना कञ्जूस खालका साहूजी उनी-कहाँ दाँत उखेलाउन आएछन् । डाक्टरसाहेबले उनलाई मेचमा बसाले र दाँत उखेलिदिए । दाँत उखेल्दा दुखेर साहूजी निकै चिच्याएछन् । दाँत दुखेको तोड त छैदै थियो त्यसमाथि डाक्टरसाहेबले फिस पनि माग्दा त उनलाई हुनसम्मको रिस उठेछ र भनेछन् "केको फिस ? दाँत उखेलेको फिस लाग्दैन भनेर लेखेको होइन ?" डाक्टरसाहेबले बिस्तारै भनेछन् 'त्यो लेखेको राम्ररी पढ्नोस् त । नदुखे दाँत उखेलेको पो फिस लाग्दैन भनेको छ । तपाईं त दुखेर कराउनु पनि भयो– फिस लागिहाल्छ नि ! ल फिस दिनुस् छिट्ट !"

एकजना गणितज्ञ, एकजना इञ्जिनियर र एकजना फिजिक्सका प्राध्यापक एउटा स्कूलको प्राङ्गणमा उभिएर त्यहाँ रुण्डा उडाउने डण्डाको उचाई कति होला, त्यो कुन तरिकाबाट निकाल्ने भनेर चर्काचर्की बहस गरिराखेका रहेछन्। त्यतैबाट एकजना सिकर्मी मिस्त्री जाँदै रहेछ । के गलबट्टी गरेको भनेर सोधेछ। कुरा बुझेपछि ऊ सरासर गएर त्यो रुण्डाको डण्डा त्यसको खामोबाट छिकेछ, त्यसलाई भैमा सुताएछ, त्यसपछि आफ्नो खल्तीबाट टेप झिकेर त्यो डण्डा नापेछ अनि भनिदिएछ 'ठीक २४ फीट छ नबेसी न कम।" यति भनेर त्यो डण्डा फेरि ठाउँमै उभ्याएर ऊ आफ्नो बाटो लागेछ । इञ्जिनियर र प्रोफेसरसाहेबहरू जिल्ल परेर हेरेको हेर्‌यै भएछन् । धेरैबेर पछि इञ्जिनियरसाहेबले भनेछन्, "कस्तो भान्छे ! हामीले उचाई नाप्न खोजेको, ऊ जान्ने भएर लम्बाई नापेर हिड्यो ! उल्लू !"

☆ ☆ ☆ ☆

अचेल नेपालमा फाइनान्स कम्पनीहरू थुप्रै चलेका छन् । हाम्रै रोटरियन साथीहरूले पनि त्यस्ता कम्पनी खोलेका छन्। ब्याङ्कहरूभन्दा सजिलो र छिटो काम हुने हुनाले त्यहाँ अलि बढी ब्याज तिर्न परे पनि ग्राहक धेरै जुम्मिन्छन्। यस्ता

संस्थाहरूमा निकै भिड पनि हुन्छ । धेरै जनासँग बोल्दा जवाफ दिदा बोल्नु पर्दा कामदार / कर्मचारीहरू थाकी पनि सकेका हुन्छन् । त्यस्तै एउटा फाइनान्स कम्पनीमा एकदिन एकजना महिला सिलाइ-व्यवसायका लागि केही ऋण-सहयोग माग्न आएकी रहिछन् । एक घण्टासम्म सोध्यासोध्यै गरेर फार महरू भरिसकेपछि अन्त्यमा उनले भनिछन्– "म्यानेजरसाहेब, अब मैले तपाईंलाई तिर्नुपर्ने जम्माजम्मी रकम यही, यहाँ तल लेखिएको अङ्क होइन त ?" म्यानेजरसाहेबले सहन नसकेर पनि आफ्नो रिस दबाएर भनेछन्– "हो हजूर, त्यही नै हो, तर त्यसमा नलेखे पनि दुई रूपियाँ चाहिँ तपाईंले थप तिर्नुपर्नेछ । त्यो चाहिँ यो एक घण्टासम्म मेरो कलम तपाईंले इस्तेमाल गर्नुभएको भाडा हो !"

☆ ☆ ☆ ☆

एरिजोना, (सं. रा. अमेरिका) को एउटा रोटरी क्लबको बुलेटिन 'द राबेल' ले आफना सदस्यहरूलाई एकपटक यस्तो सल्लाह दिएछः–

"कुनै मूर्ख मान्छेसंग केही बहस गर्न लाग्दा तपाईं एउटा कुराको ख्याल गर्नोस्– कहीं त्यो मूर्ख पनि त्यसै गरिराखेको त छैन ।"

ईशारा बुझियो ? ठट्टा बुझियो ?

१२५ मथुराबाट गोकुल जान जमुना तर्न डुङ्गाहरू पाइन्छन् रे । अलि टाढै जानुपर्ने भएकाले डुङ्गावालहरूले पैसा पनि अलि बढ्दै लिन्छन् । त्यसमा पनि मेलाको वेला र तीर्थयात्री या टुरिष्ट जस्तो देखियो भने त भाडाको रकम पनि बढ्दै जाने गर्छ भनिन्छ । त्यस्तै एकथरी नेपाली तीर्थयात्रीले एउटा डुङ्गावालालाई वृन्दावनसम्म जान कति लिन्छौ भनेर टुटेफुटेको हिन्दीमा सोधेछन् । माझीले भनेछ पूरै डुङ्गा लिए एक हजार रूपियाँ एकजना मात्रको भए सय रूपियाँ । थोरै सामलतुमल बोकेर हिंडेका हाम्रा नेपाली भक्तले भनेछन्– "वाफरेवाफ, त्यतिको रूपियाँ ! त्यसै भएर त र हेछ नि बासुदेवले कृष्णलाई बोकेर गोकुल पुऱ्याउँदा पैदलै जमुना तरेको ।"

☆ ☆ ☆ ☆

१२६ एकजना डाक्टरसाहेब हुनुहुँदो रहेछ– उहाँको डाक्टरी शीप कम तर बोली अत्यन्त चिप्लो उहाँका चिप्ला चिल्ला कुराले नै पनि बिरामीहरू उहाँको औषधिले फाइदा गरेन भन्न धक्काउँदा रहेछन् । तर एकपटक एकजना खस्रा, स्पष्टवक्ता गुरुजी पर्नुभएछ डाक्टरसाहेबका 'पेसेण्ट' । खोकी लाग्दो रहेछ गुरुजीलाई । डाक्टरसाहेबले आफ्नो

वुद्धिले एउटा औषधि लेखिदिनु भएछ पर्सिपल्ट आउनु भन्नुभएछ । पर्सिपल्ट गुरुजी फेरि आउनु भएछ । खोकी लागिरहेको थियो डाक्टरसाहेबले सुन्नुभयो । तर आफ्नै चिप्लो शैलीमा भन्नुभएछ- "ओहो माष्टरसाहेब, कस्तो छ ? आज त वडो सजिलोसँग खोक्दै हुनुहुन्छ नि !" सुनेर गुरुजी पड्केछन् 'सजिलोसँगत खोक्ने नै भएँ नि, हिजो दिनभरि र रातभरिदेखि प्रघाक्टिस गरिरहेछु, सजिलो हुने नै भयो नि खोक्नलाई !"

☆ ☆ ☆ ☆

१२७ एउटा कुरो तपाईहरूले मनन गर्नुभएको छ ?

हामीले बजारमा किनेर खाने कागतीको स्ववासमा कागतीको त के कुरा निबुवा पनि निचोरिएको हुन्न । त्यसमा खालि औषधि पसलमा पाइने केमिकल (रसायनिक धूलोहरू) मिसाएर तयार पारिएको हुन्छ । उता तपाईको घरमा ओछ्यानको काठको भुई पालिस गर्ने लेदो वनाउन भने कागतीका रसहरू मिसाइएका हुन्छन् ।

अचम्म होइन त मनुष्य जातिले गरेको प्रगति

तर, यसलाई ठट्टा भन्न मिल्ला ? धाप्पा चाहियो ।

१२८ पति-पत्नी दुवै विद्वान् रहेछन् । दुवैजना प्रोफेसर त्यसैले स्वभावतः र दुवैजना अत्यन्त भुलक्कड पनि रहेछन् । एकदिन पत्नी व्यस्त रहिछन् उनले पतिलाई, बजार गएर फलफूल तरकारी किनेर ल्याउन भनिछन् र थपिछन्– 'लेखेर लैजानुस् नत्र बिर्सनुहुन्छ ।' पतिले भनेछन्– "बिर्सन्न त्यही, आलु काउली, भण्टा, गोलभेडा र सुन्तला होइन "? बिर्सन्न भनेर गएछन् । दुईघण्टा पछि फर्केछन् । झोलामा कोचमकोच गरेर ल्याएको रहेछ– कापी, कलम, मसी, रूलर, क्लिप र पिनका बट्टाहरू ।" सबै देखेपछि पत्नीले भनिछन्– "मैले बिर्सनुहुन्छ लेखेर लैजानुहोस् भनेकी होइन ? बिर्सिहाल्नु भएछ नि ! खोई– टिपेक्स ल्याएको– करेक्सन फ्लुइड ?"

☆ ☆ ☆ ☆

१२९ यो कथा नेपालको होइन । अमेरिकातिरको हो । त्यसैले यसको सत्यतामा सम्पादक विश्वस्त छैन । भए पनि कथा यो हो–

एउटा धनीको छोरो राजधानीमा बसेर पढ्दै रहेछ । एकदिन बाबुले छोराको जरूरी चिठी पाएछन् । त्यसमा लेखेको रहेछ, "बुबा, मेरो एउटा खुट्टा कामै नलाग्ने भएर भाँचियो । म अस्पतालमा छु । एक हजार डलर पठाइदिनुस्, संकष्टमा छु, जरूरी ।" धनी पिताले पैसा त

पठाएनन् तर एउटा चिठी लेखि पठाएछन् "छोए, तिम्रा चिठीका अनुसार यो समेत तिम्रा चारओटा खुट्टा बेकम्मा भएर भाँचिइसके अब त तिमीलाई खुट्टाबेगर नै बस्ने बानी पनि परि सकेको होला त्यसैले अब अलिदिन आफ्नो बाँकी रहेका खुट्टाकै भरमा लण्ठ्याइ मण्ठ्याइ गरेर हिँडिहेर है।"

छोराले कति दिन त्यसरी घसेर हिड्नुपर्यो त्यो चाहिं केही भनिएको छैन !

☆ ☆ ☆ ☆

१३० एकजना डाक्टरसाहेब रहेछन् । हाडजोर्नीका विशेषज्ञ । भरखर भरखर पास भएर आएका राजधानीमा ग श्रेणीको सर्जन भएर जीवन गुजार्नु सट्टा बरु आफ्नै शहरमा उन्नति गर्छु भनी जनकपुर हो कि कता सानो क्लिनिक खोलेर बसेका रहेछन्। घर आफ्नै थियो, घरभाडा तिर्नु नपर्ने तर अलि अपायक ठाउँमा परेकाले धेरैले उनीकहाँ आउने मेसो पाएका थिएनन्। निकै कम बिरामी मात्र आउँथे उनीकहाँ। दिनभरि कुर्दा पनि बिरामी नआएको एकदिन उनको क्लिनिकको पिउनले आएर भनेछ "मालिक, आँहाके आँमके पेडमा एगुटा मान्से चढेको छ, त्यसलाई गारी गरेर भगाय देऊँ ?" डाक्टरसाहेबले ज्यालबाट हेरेछन्। आँपको बोट ठूलै थियो। नभन्दै एउटा केटो

निकै माथि पुगेर मसीना हाँगामा टेक्दै आँप टिप्न खोज्दै रहेछ। डाक्टरसाहेबको दिमागले तुरुन्त हिसाब गऱ्यो- केटो खस्यो भने कममा पनि खुट्टा नभए पनि हात त भाँचिन्छ नै ! उनले पिउनलाई भने– "केही भन्नु पर्दैन लड्न दे !"

☆ ☆ ☆ ☆

१३१ चीनमा ठूलो भैचालो गएका बेलाको कथा हो। दुईजना गाउँले किसानहरू भैचालाको बारेमा आफ्ना-आफ्ना अनुभव सुनाउँदै रहेछन्। एकजना अलि सुधो रहेछ अनि अर्कोचाहिं निकै धाकधुक्क लगाउनुपर्ने रहेछ। सुधो चाहिले भनेछ– "मेरो घरमा अरू त धेरै नोक्सान भएन तर धनसार चाहिं ढलेर पातालै भयो। त्यसमा भएको धान पनि सबै खतम भयो। तपाईंको चाहिं के भयो ?" भनेर पनि सोधेछ। अर्कोले भनेछ "मितज्यू, मेरो फारममा त उदेकै भयो नि ! भत्कने बिग्रने त केही भएन। तर कुखुराहरू राखेको खोर-घर हल्लंदा त फुलहरू कैले भित्र कैले बाहिर भए ! अनि त एउटै फुललाई कुखुराले तीन पटकसम्म पार्दै हुल्दै गरेको पनि देखियो। अचम्मै भयो !"

अब यो कथा पत्याउने नपत्याउने चाहिं रोटेरियनहरूकै जिम्मा !

१३२ हाम्रो पाटनका एकजना रोटेरियन ललितपुर जिल्लाको दुर्गम दक्षिण भेकमा भ्रमण गर्न गएका रहेछन् । प्यूटार पनि नाघेर उनी लुकुनी फेदीमा पुगेछन् । खान केही पाएका थिएनन् भोकले लखतरान भएका रहेछन् बल्ल फेला परेको एउटा भट्टीमा पसेर दुइटा फुल उसिनिदेऊ भनेर अराएछन् । खाएछन् । अनि पैसा कति पर्‍यो भनेर सोधेछन् । भट्टीनीले भनिछ– बीस रूपैं ! रोटेरियन साथी के गर्थे ? लुरूक्क परेर दुइटा 'कृष्णसार' बुझाएछन् । तर चित्त बुझेनछ र सोधिहालेछन्– होइन नानी, यतातिर कुखुराले कम फुल पार्छन् कि कसो ? भट्टिनी पनि कम रहिनछ । ठाडै जवाफ दिइछ– 'फुल ता हर्‍यां पनि कुखाले हाजूरहारूकै शाराँ जास्तै पार्छां । तर क्या भने हर्‍यां हाजूरहारू जास्ता पाठ्ठा धेरै आउँदैना क्या !"

☆ ☆ ☆ ☆

१३३ पागलखानामा बन्दीहरूको पनि भविष्य सुधोस् भनी प्रशासकले केन्द्रीय पागलखानामा कैले-काही कुनै विद्वान्‌बाट धार्मिक प्रवचन गराउने रिवाज चलाएका थिए । एकजना निकै मै हूँ भन्ने स्वामीजीलाई एकदिन प्रवचन गर्न बोलाइएको रहेछ । स्वामीजीको भाषणलाई एकजना बन्दी खूब ध्यानले सुन्दै रहेछ । त्यो देखेर स्वामीजी झन

जोस्सिएर धाराप्रवाह बोल्दै गएछन् । भाषण सकेपछि स्वामीजीले देखेछन्– त्यो उनलाई ध्यानपूर्वक सुन्ने व्यक्ति त्यहाँका प्रशासकसँग कुरा गर्दैछ । स्वामीजीलाई खसखस लागेछ– यत्ले मेरो बारेमा के भन्दैछ भन्ने जान्न । प्रशासकलाई सोधेछन् । पहिले त प्रशासकले बताउन आलटाल गरेछन् तर स्वामीजीले धेरै कर गरेपछि उनले भन्नै परेछ । भनेछन् "त्यो पागल मलाई भन्दै थियो– हेर्नुस् सुपरिण्टेण्डेण्ट साब त्यो त्यस्तो त्यस्तो बोल्ने मान्छे बाहिर छ, मलाई चाहिं तपाईंहरूले यहाँ थुनिराख्नु भएको छ– रे"

स्वामीजी त टोलाएको टोलायै ।

☆ ☆ ☆ ☆

१३४ अस्ति भरखरको कुरा हो । हाम्रा एकजना पश्चिमा मित्र, मन्त्रीको भाषण सुन्न राष्ट्रिय सभागृह जानुभएको थियो । आफ्नो आदतअनुसार उहाँ बस्न पनि अघिल्लै लहरमा टीभीले देखिनेगरी विराजमान हुनुभयो । दिउसो ससुरालीमा भव्य भोजन गरेर सभागृह पुग्नुभएका हाम्रा मित्रलाई मन्त्रीजीले बोल्न थाल्दा नै आँखा झुम्म पार्न थालिसकेको थियो । झन् मन्त्रीजीले सदाचारका बारेमा लामो प्रवचन शुरू गरेपछि त उहाँलाई खपिसक्नुभएनछ र टाउको लतारेर निदाउनुभएछ निदाएपछि स्वाभाविक थियो, उहाँ घुर्न पनि थाल्नुभयो । सँगै बसेका व्यक्तिलाई

यसले लाजमर्नु भएछ र उनले उहाँलाई कुहिनाले धुक्क दिएछन् । स्वप्नलोकमा ससुराली पुगेका हाम्रा मित्रलाई आफ्नी पत्नीले माया गरेर घच्घचाएको भान परेछ र तन्द्रैमा उहाँ बर्बराउनु भएछ, "हलौ हलौ एकैछिन पख, ससुराली आ'को बेलाँ पनि यति सबैरै कोही उठ्छ ?"

☆ ☆ ☆ ☆

१३५ यो तलको ठट्टा पढ्दा सम्पादकलाई जातिवादको दोष लगाउन पाइने छैन । कथा अमेरिकाको सानफ्रान्सिस्को शहरको चाइना टाउनको हो ।

एकजना भारिभरकम अधबैंसे अमेरिकन महिला आफ्नो तेस्रो तलाको ग्यालको ऐना सफा गर्दै रहिछन् खुट्टा चिप्लेर खसिछन् । तर खस्ता फोहर फाल्ने ठूलो ढ्वाङमै कागजपत्र र तरकारीको डंगुर माथि परिछन् र बाँचिछन् । फोहरमाथि उत्तानो परेर उनी हातखुट्टा हल्लाउँदै रहिछन्, त्यसै बेला त्यो बाटो जान लागेका एकजना अधबैंसे चिनिया सज्जनको उनीमाथि आँखा परेछन् । उनले ती महिलालाई उठाइदिएछन्, एक दुई पाइला हिंडाइदिएछन् । अनि आफूले जानेको पिजिन अंग्रेजीमा भनेछन्– "तपाई अमिकनहरूको सारै नराम्रो बानी । अलिकति पुरानो भयो कि मालताल फालिदिहाल्ने । तपाई पनि त अर्फ दश वर्षसम्म त राम्रै काम दिन सक्नुहुन्थ्यो नि ! किन फ्यालिदिएको होला ?"

१३६ ज्याउरे गीत र पप् संगीत मात्र मन पराउने रहेछन् एकजना उप-सचिवज्यू। उनकै कार्यालयमा काम गर्ने उनका मित्र सचिवज्यू चाहि रहेछन् शास्त्रीय-संगीतका भक्त। अनेकौं रागका ज्ञाता र भक्त पनि। रेडियो नेपालमा एकपटक शास्त्रीय-संगीतको सम्मेलन रहेछ। बडो कर गरेर सचिवज्यूले उप-सचिवलाई लिएर गएछन्। दुई-तीन घण्टा त्यो कार्यक्रम सुनेर बाहिर निस्कँदै गर्दा सचिवज्यूले भनेछन्, "मेरो त मन नै निर्मल पारिदियो फलानाले गाएको जै जै वन्तीले। मनभित्रै कसैले गुनगुन गरिरहे जस्तो लाग्यो। तपाईंलाई लागेन ?" उपसचिवले "मलाई पनि कसैले केही भनिरहेजस्तो त लाग्यो।" भनेपछि

खुशी हुँदै सचिवज्यूले उत्साहित भएर सोधे "भैले त्यस्तै हुन्छ भनेको हैन त ? अब त बुझ्नुभो ! वर भन्नुस् त तपाईंको मनमा के सन्देश आयो ?" उपसचिवले अलि जिल्ल पर्दै जवाफ दिएछन्– "मलाई त हजूर, कसैले कानमा आएर 'सुत बाबु सुत, निनी बाबु निनी' भनिरहेजस्तो लाग्यो । अनि म मस्तैसंग सुतिदिएँ ।"

☆ ☆ ☆ ☆

१३७ यस कथाको सत्यता हाम्रा (कोही छ भने) रक्सीहा साथीहरूले खुट्टचाउनु पर्नेछ । कथा चाहिं यो हो–

पत्नीले भनिछन्, "अंग्रेजी रक्सी खाएर आएका बेला तिमी मलाई 'डार्लिङ' भनेर लभ गर्छौं । नेपाली ठर्रा तन्काएर आएका बेला 'मेरी मायालु' भनेर गर्छौं । आज के धोकेर आयौ र यसरी बोक्सी राच्छेस्नी भनेर उडुकिदै छौ ?" जड्डिएर पतिले जवाफ दिएछ– "तेरै सराप लागेर त आज केही पनि जुरेन मोरी, केही खान पाएको छैन, ला !" भनेर एक लात पनि थपेछ लोग्ने भनाउँदोले ।

१३८ एउटा लोग्नेस्वास्नीको खुबै प्रेम रहेछ। खुब मिलेर बसेका रहेछन्। तर दैवको खेल हो पत्नीको अकस्मात् देहावसान भएछ। त्यो चोटबाट समालिनै पाएको रैनछ लोग्नेचाहिले, दुई महिनापछि उसकी आमाको पनि स्वर्गवास भएछ। अब कुन् विक्षिप्त जस्तो हुन पुगेछ ऊ। घरमा जो आए पनि भन्दोरहेछ– हेर्नोस्, स्वास्नी मरी अब आमा पनि बित्नुभयो। अब मेरो हेर्चाह कल्ले गर्छ कल्ले मलाई माया गरेर खुवाउने तुल्याउने गर्छ– भन्दै रुंदो रहेछ। बोलाउन आउने एकजना भद्र महिलाले उसको यो विलौना सुनेर एकदिन भनिछन्– "नरोऊ बाबु म तिम्रो आमाले जस्तो माया गरी तिम्रो हेरविचार गरिदिनेछु।" यति सुनेपछि ऊ झन् रून लागेछ। भन्दोरहेछ– "आमाले हेरेजस्तो मात्र गरेर केगर्नू? मेरो त आमाभन्दा पनि पहिले स्वास्नी मरेकी हो नि!"

☆ ☆ ☆ ☆

१३९ यो चाहिं हाम्रा एकजना रक्सीका सौखीन ब्रिज खेल्ने साथीको कथा हो। अचेल पप्लूको फेशन चलेको बेला ब्रिज खेल्ने साथीभाइ जुट्नै गाह्रो। जसोतसो गरी एकजना पुराना मित्रको आग्रहमा

चारजना ब्रिज खेलाडी साथीभाइ एकत्रित भएछन्, ड्रिङ्क्स् पनि छ भनेर पछि । उनी खेल्नभन्दा पिउनका सौखले सम्मिलित भएका थिए भन्ने उनका 'पार्टनर' लाई थाहा थिएन । दुई-तीन हात हारिसकेपछि एकपटक त सहनै नसकेर उनका पार्टनर च्याँठिएछन्– "होइन क्या हो यो, तपाईंले 'नोट्रम्प' कसरी बोल्नुभयो ?" तीनोटा एक्का र चार ओटा बास्सा मसँग छन्, तपाईंसँग के छर तपाईंले त्यसरी बोल्नुभयो ?" हाम्रा मित्रलाई र बस्सी निकै लागिसकेको थियो तर बोल्न बिर्सेका रहेनछन् । भने– 'मसँग के छ भन्या लौ हेर्नुस् यी यो एउटा गुलाम, यी दुइटा मीम र पेटमा चार पेग ! पुगेन ?"

☆ ☆ ☆ ☆

१४० सरकारी जागीरबाट रिटायर भइसकेका तर रसिला, हसमुख र फरासिला थिए हाम्रा एकजना मित्र । तर उनकी पत्नीचाहिं अलि शंकालु, डर पोक र किचकिचे थिइन् । पत्नीको नचाहिंदा डर र संकोचलाई पतिदेव ठट्टैमा टारिदिंदा रहेछन् । त्यसैले पतिपत्नीमा बीचबीचमा मीठो पाराको ठाकठाक ठुकठुक परिरहँदो रहेछ ।

एक दिन पशुपति दर्शन गरेर फर्केकी

पत्नीले स्याँस्याँ गर्दै पतिदेवलाई सुनाइन् "सुनिस्योस् न, त्यो हजूरको साथी सुदर्शन थियो नि ! हो ऊ त गएको हप्ता नै नेपालगञ्ज गएको रहेछ त्यहीं नै खतम भएछ ! हेरिस्योस् त, ऊ हजूरभन्दा त ५।७ वर्षले नै कान्छो थियो । के भएको होला यस्तो ?" पत्नी आत्तिएको सुनेर पतिदेवले भनेछन्– "हेर बुढिया, यो पारितिर जाने सरुवा-बढुवाको कुरा छ नि, त्यसमा हाम्रो नि. से. नि. को ज्येष्ठताक्रम, सिनियोरिटी लाग्दैन क्या ? त्यसैले ऊ चाँडै माथि पुग्यो, बुझ्यौ ?"

बुढियाले फेरि ठुस्सिने मौका पाइन् । पतिपत्नीमा बाह्र घण्टालाई बोलचाल बन्द !

☆ ☆ ☆ ☆

१४१ एकजना वक्ताले एउटा रोटरी क्लबमा बोल्ने कार्यक्रम हरेछ । उनले क्लबका एकजना वयोवृद्ध बुजुकसँग के कसो गर्नु उचित होला भनेर सल्लाह मागेछन् । नमागे पनि त सल्लाह दिन जाने यी दिग्गज बुजुकलाई के खोज्छस् कानो आँखा भनेजस्तै खुदो भएछ । लामै 'सल्लाह' छाटिदिएछन् । अनि अन्त्यमा सारांशका रूपमा यति भनेछन्:

पहिलो नियम उठेर बोल्नुस् ताकि सबैले तपाईंलाई देखून् । दोस्रो नियम शब्द नचपाउनुस् स्पष्ट बोल्नुस् ताकि सबैले तपाईंलाई सुनून् ।

अनि तेस्रो नियम टाइममै बोल्न छाड्नुस् र बस्नुस् ताकि सबैले तपाईंको प्रशंसा गर्न सकून् ।

१४२ चाकरी चुक्ली चापलुसी, चाचुचा गर्नेहरूको काम गर्ने आफ्नै तरीका हुन्छ । त्यस्तासँग बच्न माथिल्ला तहका कुनै-कुनै बुद्धिमान्हरू हाकिमहरूका पनि आफ्नै आफ्ै किसिमका तर्किब हुन्छन् । एकजना त्यस्तै चाचुचा र अर्का उनकै हाकिमको कुरा सुनौं ।

एउटा मन्त्रालय अन्तर्गतको कुनै कर्पोरेशनमा जीएम साहेब रहेछन् एकजना । काम राम्रो गर्ने हुनाले पार्टीको 'हिबप' ले पनि उनलाई अपदस्थ गर्न सकेको रैनछ । तर भाग्यको कुरा हो उनलाई यमराजले नै हटाइदिएछन् ! जीएम साहेबको राती अस्पतालमा मृत्यु भएछ, तर गुठियार फुकी जम्मा गर्दा गर्दै बिहानसम्म पनि उनको सद्गत हुन पाएको रहेनछ । यता बिहान सबैरै मन्त्रीज्यूको घरमा यी 'चाचुचा' सज्जन हाजिर ! एकाबिहानै आएका 'आफ्नो' मान्छेलाई मन्त्रीजीले पनि भेट दिनुभएछ । अलिकति कुरा भएपछि, मन्त्रीजीले ठाडै सोध्नुभएछ, "यति सबैरै किन आउनु भयो ?" चाचुचाले हात माड्दै बिन्ति गरे, 'हाम्रा फलाना जी. एम. साहेबको

हिजो राती नै स्वर्ग भयो । उहाँको ठाउँमा म जान पाउँथें कि विन्ति गर्न आएको" मन्त्रीजीलाई भित्रभित्रै रीस उठेकै थियो तर बाहिर त्यो नदेखाई भन्नुभयो, "मलाई त केही आपत्ती छैन, उनको ठाउँमा तपाईंलाई पठाइदिन । तर उनकै गुठियार मलामीहरूले मान्लान् र तपाईलाई उनको ठाउँमा हालन ? कोशिश गरिहेर्नुस् हुने भए ठीक छ !"

ज्यूदै सोलामा चढ्नु पर्ने लक्षण देखेपछि 'चाचुचा' कुलेलम ठोकेछन् !

☆ ☆ ☆ ☆

१४३ पाहुना– (बेसुरा गाना सुनिसकेपछि सानी केटीलाई)– अहाँ कति राम्रो गाएकी ! तिमीलाई गाउन खुब मन लाग्छ हो ?

केटी– लाग्दैन । मलाई त गाउनु भनेपछि मरेजस्तै लाग्छ । तर के गर्नु, ममीलाई पाहुना साउनाहरू धपाउनु छ भने मलाई गा गा भनेर कर गर्नुहुन्छ । अनि के गर्ने ?

☆ ☆ ☆ ☆

१४४ बिहे भएको रजत-जयन्ती मनाइसकेका एक जोडा दम्पतिको कथा हो यो । श्रीमान्ले एकदिन आफ्नो मन मिलेको साथीलाई मनको कुरा पोखेछन्– "यार मेरो वैवाहिक जीवनमा कुनै चार्म नै बाँकी छैन, के गर्ने होला ?" साथीले सल्लाह दिएछ,

"यस्तोमा कहिलेकाहीं यसो बाहिरतिर यसो आँखा डुलाउनुपर्छ, अरू नै कुनै केटीसँग अलिकति चक्कर चलाउनुपर्छ ।" श्रीमान् अलि डराएछन् भनेछन् "स्वास्नीले थाहा पाई भने नि ?" साथीले उक्साएछ "धत् यार, अहिले यो प्रजातन्त्रका जमानामा पनि डराउने हो, हाकाहाकी स्वास्नीलाई भन्ने नि !"

श्रीमान्ले आफ्नी पत्नीलाई यो साथीसँग भएको कुरा र उसले सल्लाह दिएको कुरा समेत नढाँटी भनेछन् । सबै सुनिसकेपछि स्वास्नीचाहिले भनिछन्– "वाहियात कुरा हो यो तपाईको साथीको ! मैले त्यही तपाईको साथीसँग चक्कर चलाएर हेरिसकें । केही काम लाग्दैन, बिर्सिदिनुस् यस्ता कुरा !"

☆ ☆ ☆ ☆

१४५ यसपटक कुरा बनाउन नजान्ने एकजना सोझी महिलाको कथा हालूं ।

६ जना बच्चाहरू लिएर यी महिला काठमाडौंको नाम चलेको एउटा बोर्डिङ स्कूलमा पुगिछन् । ६-६ जनालाई स्कूलमा भर्ना गर्नु सम्भव थिएन तैपनि खुलतुल लागेर प्रिन्सिपलले यी महिलासँग कुरा गर्न थालिछन् । औपचारिक एक दोटा प्रश्न गरि

सकेपछि प्रिन्सिपलले बच्चाहरूको उमेर सोधिछन्। महिलाले भनिन्– "यी नमिता र सुमिता ६-६ वर्षका, यी राम र श्याम ८-८ वर्षका अनि उनीहरू गंगा र जमुना १०।१० वर्षका"। प्रिन्सिपलले अचम्म मान्दै सोधिछन्, "होइन तपाईंको प्रत्येक पटक दुइदुइटा नै बच्चा जन्मन्छन् कि क्या हो ?" महिलाले सोझो पाराले जवाफ दिइछन्– "कहाँ दुइटा जन्मनु, हजूर। कहिलेकाहीं एउटा पनि जन्मदैनन्।"

☆ ☆ ☆ ☆

१४६ निकै लामो बिरामीपछि रामविक्रमकी श्रीमतीले प्राण छाडिन्। बडो चित्त काटिने गरी विलाप गर्दै पत्नीको दाहसंस्कार सकाएपछि घाटको क्रियापुत्रीको व्यवस्था गरी राति अबेरै उनी घर फर्केका थिए। बिहान सबेरै उनका पुरेतबाजे उनलाई बोलाउन भनी, समवेदना प्रकट गर्न भनी रामविक्रमका घर पुगेछन्। पुरदा त रामबहादुर घरमा काम गर्ने चमेलीसँग अंगालोमा बाँधिएर आगो तापिरहेका फेला परेछन्। पुरेतबाजेलाई एकैछिन आफ्नो आँखामा विश्वास पनि भएनछ। अनि उनले कराएरै भनेछन्। "क्या हो हजूर, हिजो दुलहीसाहेबको चिताको खरानी

सेलाउन पनि पाएको छैन, हजूरको यो चाला ! यो त भएन, अचाक्ली भयो ।"

यो सुनेर, केही पनि नभएजस्तो गरी रामविक्रमले रुञ्चे मुख लगाउँदै भनेछन्– "के गर्नु पुरेत बाजे, यो विरहमा यो दुःखले गर्दा मेरो चित्त नै ठेगानमा छैन । के गर्ने के नगर्ने भन्ने पनि मेरो मनले छानविचार गर्न सक्तैन ।" अनि चमेलीलाई अराएछन्– "जाऊ बा चमेली, पुरेतबाजेलाई तात्तातो चिया एक गिलाँस ल्याइदेऊ ।"

☆ ☆ ☆ ☆

१४७ आधुनिक अंग्रेजी मिडियाको बोर्डिङ स्कूलमा पढ्ने आफ्नो छोरालाई आफूहरूको पुर्ख्यौली परिवेशसंग परिचय गराउने उद्देश्यले सचिवज्यूले यसपटकको दशैं विदा पहाडको निकै भित्र पर्ने आफ्नो गाउँको घरमा लगे । 'तेरो हजूरबुबा ऊ त्यो गरोमा आफै हलो पनि जोत्नुहुन्थ्यो' भनेर उनले छोरालाई फूर्तिसमेत लगाए । छोरा खुब प्रभावित भएको देखेपछि घरको आँगन, पिंडी, चोटा कोठा सबै बेलिबिस्तार लगाउँदै देखाउँदै गए । अनि गोठमा पुगेर गोठको माथ्लो तला देखाउँदै भने "ऊ हेर् त्यहाँ माथि गाईले खाने परालहरू

राखेको छ ।" छोराले माथि पराल हेऱ्यो अनि भन्यो 'ओहो कति धेरै पराल!' त्यसपछि उसले माथि चढ्नलाई भनी राखेको लिस्नो देखेर सोध्यो 'त्यो के नि बुवा ?' सचिवजीले भने– "त्यसलाई लिस्नु भन्छन् माथि पराल लिन जान उक्लिने भऱ्याङ ।" छोराले निकै बेर घुमीघुमी त्यो लिस्नुलाई निरीक्षण गऱ्यो अनि निकै गम्भीर भएर भन्यो "हगि बुवा बिचरा गाईबाच्छालाई त्यो चढेर माथि जान त सारो पर्दो हो !"

☆ ☆ ☆ ☆

१४८ आधुनिक किसिमका, आधुनिक घरमा मात्र चोरी गर्ने बानी परेका दुईजना चोरहरूको कथा हो यो ।

चोर– क र चोर– ख एकदिन चोरी गर्न गएका ठाउँमा असफल भएछन् । असफलताको कारण के हो भन्ने बारे उनीहरूको बीचमा भारी छलफल भएछ भोलिपल्ट खोरमा । उनीहरूको कुराकानी यस्तो सुनिन्थ्यो–

चोर क– यार मैले त आफूले चस्मा लगाउनुपर्ने देखें अब ।

चोर ख– किन र, यार ? के भयो त्यस्तो ?

घोर क~ हिजै राती हेर्न, हामी घरको नम्बरवाल सेफ फोर्न भनेर गएको होइन ? भयो के थ' छ ? मैले त सेफको कम्बिनेशन घुमाएँ भनेको त शहनाई पो घनकन थाल्यो ! कहाँ रेडियोको स्विच पो घुमाउन पुगेछु !

१४९ एकजना नवधनाढ्यको कथा हालूँ यसपटक । पहाडको गाउँका गरीब भने हुने परिवारका एकजना थिए हरिवाजे । स्कूल कलेजका मुख नदेखेकाले मुस्किलले सहीसम्म गर्न सक्थे । तर अब त उनलाई मिष्टर उपाध्याय भन्नुपर्छ । के के धन्दा गरेर हो उनी करोडपति भइसकेका छन् अहिले उनी । रिङरोडमा भव्य घर बनाएका छन् । जतातै मार्बलैमार्बल ! पजेरो र कोरोला गाडी सदा खडा रहन्छन् पोर्टिकोमा ।

उत्ताउलो गरी सिंगारिएको उनको ठूलो बैठकमा ३० इञ्चीको सोनी टीभी लगाएको थियो तर आज उनका साला त्यहाँ पुग्दा भने सानो १४ इञ्चीको टीभी पो जडिराखेको देखे र सोधे– "भिनाजु त्यो ठूलो टीभी फिकेर किन यस्तो सानो टीभी हाल्न लागेको ?" मिष्टर उपाध्याय गम्भीर भए । उनले विस्तारै जवाफ दिए, "हेरन, तिम्रो दिदीलाई

र मलाई पनि डाक्टरले तपाईंहरू टीभी धेरै हेर्नुहुंदो रहेछ, त्यो हेर्ने कम गर्नुस् भन्यो । अनि के गर्ने ? अब यो १४ इञ्चीको भएपछि त टीभी हेर्न आधी जस्तो कम भइहाल्छ नि भनेर यो फेरेको ।"

१५० दुइटा बच्चा थिए नीरानानीका– ५ वर्षको छोरो राजू र ३ वर्षकी छोरी तृष्णा । आमा भान्छाकोठामा वसेर बेलुकाको खानाको परिवन्द मिलाउँदै थिइन्, अचानक सुत्ने कोठाबाट एकासी राजू रोएको आवाज आयो । आमा के भो भन्दै दौडेर कोठामा गइन् । सानी तृष्णाले दाजु राजूको कपाल तान्दिइछ र दुखेर उ रोएको रहेछ । सबै बुझेपछि नीरा नानीले भनिन्, "नरोऊ बा, बैनीलाई कपाल तान्दा दुख्छ भन्ने थाहा छैन नि त्यसैले तानेकी हो, अब गर्दिन, नरोऊ ।" छोरालाई फुलाएर नीरा फेरी भान्छामा गइन् । एकैछिनपछि फेरि कोठाबाट कोकोहोलो गरेर रोएको आवाज आयो– यस पटकचाहिं तृष्णा चिच्याएकी थिई र तिनी फेरि दौडेर कोठामा पुगिन् । राजूले उतासिँएर आमालाई भन्यो– "बैनीले अब थाहा पाई, आमा । कपाल तान्दा दुख्छ भन्ने अब उसलाई थाहा भयो, मैले बताइदिएं ।"

१५१ फूटवलका शौखीन दुईजना साथीको कुरा हो यो । धेरै राम्रो त होइन तर दुवैजना निकै खेल्थे फूटवल आफनो जवानीमा । अब त उनीहरूलाई हेर्ने मात्र शौख छ । एकदिन पाकचाले कुरै कुरामा सोध्यो– 'होइन यार रामचा, स्वर्गमा फूटवल खेल्छन् कि खेल्दैनन् होलान् हँ ?" रामचाले भन्यो "त्यो त थाहा छैन बा, तर यसो गरूं न, हामीमध्ये जो चाँडै जान्छ उसले स्वर्गमा बुझेर अर्कोलाई खबर गरूं न, हुन्न ?" त्यही 'हुन्छ गर्ने' भन्ने तय भयो । नभन्दै केही दिनपछि नै पाकचाको चोला उठ्यो । उसको तेह्रौं दिन पनि सकिएको थिएन, एकरात रामचाले सपनामा पाकचालाई देख्यो । देखनासाथ रामचाले सोधिहाल्यो, "के रेछ त, फुटवल खेल्दारहेछन् स्वर्गमा ?" सपनामै पाकचाले जवाफ दिएछ, "खेल्न त खेल्दा रहेछन् तर एउटा अपठेरो पऱ्यो । भोलि एउटा म्याच राखेको छ नेपाल र भारतका बीच । त्यसमा नेपाली टिममा सेण्टर फरवार्डचाहिं तिमीलाई बनाउने निधो भयो, मचाहिं फुलब्याक रे । के गर्ने ।"



मिनेटभन्दा बढी सकिदैन ।"

त्यसपछि उनले पूरै एक घण्टा आफूले भाषण गरिदिए ।

☆ ☆ ☆ ☆

१५६ एकजना शिक्षक नेपाली व्याकरण पढाउँदै थिए कक्षामा । उनले उदाहरण दिँदै भने– ज्यान भएकाहरूमा 'लाई' लाग्छ, ज्यान नभएकामा 'लाई' लाग्दैन । एकजना बुजुक केटीले उभिएर प्रश्न गरिन्– "सर उसोभने रायो सागमा ज्यान नभए पनि लाइ कसरी लाग्छ त ?"

☆ ☆ ☆ ☆

१५७ रोटरीले उत्तरोत्तर प्रगति गरिरहेछ । सदस्य सख्या बढिरहेछ । क्लवहरू, डिस्ट्रिक्टहरू हरेक साल बढ्दै गएका छन् । पाउल हृयारिस फेलो, स्कलर शिप, फाउण्डेशनका क्रियाकलाप सबै कुराको सधै वृद्धि भएको देखेकाले रोटरी भन्ने नाम नै वृद्धिको पर्यायवाची हो भन्ने परेको रहेछ एकजना रोटेरियन सज्जनलाई ।

एकदिन उनी एउटा ठूलो प्रेस (छापाखाना) को निरीक्षण गर्न गएका रहेछन् । त्यहाँका म्यानेजर ले उनलाई घुमीघुमी सब कोठा देखाएछन् । मेशीनको कोठामा पुगेपछि एउटा छाप्ने मेशीन देखाउँदै म्यानेजरले फूर्तिसाथ भनेछन्– "हजूर यो

रोटरी मेशीन हो । यसले एक घण्टामा तीस हजार थान अखबार छापेर निकाल्छ ।" रोटरीको नाम सुनेर यी रोटेरियनले भनेछन्, "हो ठीक भन्नु भयो । रोटरी यस्तै हुन्छ अर्को वर्ष यल्ले एक घण्टामा चालीस हजार थान निकाल्न थाल्नेछ ।"

☆ ☆ ☆ ☆

१५८ नेपालमा थुप्रै खुलेका रगतहरू जाँच्ने आधुनिक क्लिनिकको एउटा कथा हो यो ।

एकजना मैयाँ थिइन् । नवयुवती । सानो एउटा के बिमारी भइछन् । एउटा नामूद डाक्टर कहाँ जचाउन पुगिन् । अचेलको रीतिअनुसार डाक्टरसाहेबले थुप्रै कुरा टेष्ट गराई ल्याउन लेखिदिए । त्यसमा एउटा फास्टिङ ब्लड टेष्ट पनि रहेछ– केही नखाई रगत जाँच्नुपर्ने । अघिल्लो दिन रातिदेखि पानी पनि नखानू भनिएको रहेछ । केही नखाई पुगिन् उनी क्लिनिकमा । त्यहाँ फेरि पर्खाइयो निकैबेर । वल्लवल्लन रगत झिकियो उनको पाखुराबाट । उनलाई रगत पनि धुप्रै झिकेजस्तो लागेको थियो । त्यसपछि उनी पैसा तिर्न गइन् । नाजुक वदनकी थिइन्, भोकै थिइन् अनि भरखरै 'त्यतिका' रगत झिकिएकी थिइन् । उभिइरहेकी उनलाई रिसेप्सनिष्टले कम्प्युटरबाट थुतेर बिल

र रिपोर्ट दिइन् । त्यसको साथसाथै उनी त्यसै लल्याकललुक परेर ढलिन् । दुई चार मिनेटपछि होश खुल्दा क्लिनिकका डाक्टरले उनलाई जाँच्दै रहेछन्– अनि रिसेप्सनिष्टलाई रुपार्दै पनि रहेछन् । डाक्टर भन्दै रहेछन्– "मैले कति पटक भनेको होइन ? रगत जचाउने पैसेण्टहरूलाई यस्तो धेरै रकमको बिल यहाँ नदिनू, पछिबाट धरमा पठाइदिनू भनेको होइन ? नचाहिदो काम गरेर यी नानी मुर्छा परिहालिन् ।"

☆ ☆ ☆ ☆

१५९ एकजना बगलीमारा चोरलाई पुलिसले समातेछ । ठानामा हाकिमले त्यसलाई कारकेर गरेछन् । उसले इन्कारी बयान दिएछ । भनेछ– मैले कसैको मनीब्याग चोरेको याद छैन । चोरि एको त्यो पर्स देखाउँदै पुलिस हाकिमले सोधेछन्– तेरो खल्तीमा यो मनीब्याग कसरी आयो त ? यो तेरै मनीब्याग हो त ? चोरले अनकनाउँदै भनेछ "हजूर मनीब्याग त मलाई अलि नयाँ जस्तो लाग्दै थियो तर भित्रपट्टि यसो हेरेको त मैले सधैं चलाइर हने खेलाइरहने नोटहरू जस्तो लाग्यो अनि मैले आफ्नै होला भनी खल्तीमा हालेको हूँ ।"

१६० एकजना इञ्जिनियरसाहेब रहेछन्, कण्ट्राक्टको काम पनि गर्दारहेछन् घरखर्च चलाउन । एउटा ठूलै घरको काम पाएका रहेछन् । जग खनिदै रहेछ । अलि तल गएपछि एउटा केबुल तार फेला परेछ । तारमा बिजुलीको करेण्ट छ कि छैन थाहा नपाएकाले एकजना स्थानीय विद्युत् प्राधिकरणका लाइनम्यान बोलाएर ल्याएछन् । त्यस तारमा करेण्ट छ कि छैन ? त्यो काट्नुपर्‍यो भनेछन् । लाइनम्यानले यसो हेरेर तोक बोलिदिएछ– "छैन करेण्ट छैन, काट्नुभए हुन्छ ।" इञ्जिनियर साहेबलाई शंका लागेछ । फेरि सोधेछन्– पक्का छ तपाईंलाई करेण्ट छैन भन्ने ? उसो भए यसलाई तपाई काटिदिनुहोस् न– भनेछन् । अनि लाइनम्यानले भनेछ, "यसमा करेण्ट छैन भन्ने त मलाई पक्का छ । तर यसलाई छोइहाल्ने जति पक्का चाहिं म भएको छुइनँ । तपाई नै काट्नुस् तार ।"

☆ ☆ ☆ ☆

१६१ यो हाम्रै गाउँघरको तथाकथित 'तल्लो जात' को कथा हो अलि बूढै भएपछि कान्छी ल्याएको रहेछ ठूले मिजारले । स्वास्नीचाहिं उखानको "बूढो पोइको ओछेन लाउँदा जाँगर मरी आउँछ" जस्ती रहीछ । बूढाको खानपीन, सुख सुविधाको केही

वास्ता नगर्ने, बूढो चाँडो मरोस् अनि आफ्नो 'पियारो पोइ' सँग सुखभोग गरूँला भन्ने गर्दिरहिछ । बूढो मिजारले पनि यो थाहा पाएको रहेछ र एकदिन एउटा चाल खेलेछ ।

केही थाहा नपाएजस्तो गरी एकदिन उसले स्वास्नीलाई भनेछ– "हेर् कान्छी, त्यो पारीको पातले वनमा एउटा अजडको खरीको बोट छ त्यहाँ वनदेवी बस्दीरहिछन् । मैले आज उनीसँग कुरा गरें । वनदेवीले भनिन्– तेरो स्वास्नीको मनमा ठूलो पीर छ एकदिन मकहाँ पठाइदे उसको मनले मागेको कुरा म दिनेछु । अब, तं भोलि नै त्यहाँ जा र वर माग् ।" कान्छीले पत्याई र भोलिपल्ट त्यहाँ गई । तर त्यसभन्दा पहिले नै ठूले मिजार त्यहाँ पुगेर रूखको टोड्कामा लुकेर बसिसकेको थियो । कान्छीले वनदेवीसँग मेरो लोग्ने चाँडै मरोस् भनेर वर मागेको उसले सुन्यो अनि आइमाईको जस्तो सोर निकालेर उसले भित्रबाट करायो, "कान्छी माघ मासे घृतम् पुवा तस्य बूढो न जीवते (माघ महीनाभरि घ्यूमा पकाएको पुवा बेसरी खान दिनु अनि बूढो बाँच्दैन।)" कान्छीले घर आएर त्यसै गर्न थाली– एक महीना खूब मेजमानी खान पाएपछि ठूले मिजार पनि

रातो पीरो हुँदै आयो । उसमा जवानी चढेछ । कान्छीले नाठोभन्दा पनि मीठो माया पाउन थालीछ आफ्नो लोग्नेबाट । अनि त दुवै जना सुखसन्तोषपूर्वक रहन थालेछन् ।

☆ ☆ ☆ ☆

१६२ यो हाम्रै एकजना रोटेरियन साथी, अन्तर्राष्ट्रिय व्यापारीको कथा हो ।

व्यापारको सिलसिलामा कैले लण्डन कैले न्यूयोर्क कैले टोकियो र कैले भ्यानकुभरतिर पुगिरहनुपर्ने हुनाले उनलाई हप्तैहप्ता क्लब-मिटिङमा हाजिरी पुऱ्याउन धौधौ पर्छ । त्यसैले विदेशबाट घर आइपुगेका बेला सोमबार परेछ भने हत्तपत्त उनी 'एटेन्डेन्स' का लागि क्लबमा आइहाल्छन् ।

यस्तै अलि लामै हवाईयात्रा गरेर दिउसो मात्रै उनी गौचरमा उत्रिएका थिए अस्ति । साँझको मिटिङमा क्लब पुगे । 'जेट ल्याग' गएकै थिएन । आँखा खुला राख्न उनलाई ठूलै सकस पर्दै थियो । त्यसैले गर्दा अतिथि वक्ताले भाषण गर्न थाल्दा नै उनी मेचमा बसेको बस्यै घुर्न लागिसकेका थिए । भाषण चल्दै थियो । आफू निदाएको छैन भन्ने देखाउँन उनी बीचबीचमा आँखा खोल्थे र जिउ तनकाउँथे अनि फेरि निदाउँथे । वक्ताज्यूले पनि

यो लक्ष्य गरिरहेका रहेछन् । भाषण सकियो प्रश्नोत्तर पनि भइसक्यो । वक्ताज्यूलाई सहीनसक्नु भएछ । हुनपनि उनी अलि लाज नभएकै रहेछन् । अलिअलि हाँसेजस्तो गरी हाम्रा मित्रलाई हेरेर भने– "फलानाज्यू, तपाई अलि बढ्तै थाक्नुभएछ आज, कति बेर निदाउनु भयो ?"

हाम्रा मित्र अरू तन्द्रैमा थिए– शायद हड्बडाइमै थिए– 'कति' भनेको मात्र सुनेछन् र तुरुन्त सबैले सुन्ने गरी ठूलो स्वरमा भने उनले– "एक सय पैंतीस डलर ।"

☆ ☆ ☆ ☆

१६३ अलि पत्यार नलाग्ने ठट्टा सुनूँ यसपटक ।

एकजना अधबैंसे महिला रहिछन्, लोग्नेले छाडेकी, दुःखी । खूब मन्दिर जाँदि रहिछन् । माघको एउटा मंगलबार सकीनसकी सिढी चढेर सूर्यविनायक गणेश भगवानको पूजा गर्न पुगिछन् । गणेशको दर्शन गर्नासाथ उनले स्पष्टै गणेशजीले बोलेको सुनिछन्– "अहिले फर्केर घर पुग्नासाथ तिमी मसँग तीनोटा वर माग । तिमीले मागेको तीनै कुरा पूरा हुनेछन् ।" सपना जस्तो कुरा सुनेर उनी हतार-हतार घर फर्किन् । बाटामा ट्रलीबसमा कति जनाले उनीलाई नमस्ते गरे त्यो पनि उनलाई हेक्का रहेन । घर पुग्नासाथ उनी कोठामा पसिन्

र ढोका थुनेर गणेशजीको ध्यान गर्न बसिन् । गणेशजी पुनः उनको सामुन्ने प्रकट भए । "म तिमीले मागेका तीनांटा कुरा पूरा गरिदिन्छु । ल माग । तर तिमीले जे पाउँछ्यौ त्यसका डबल तिम्रो त्यो तिमीलाई छोड्ने लोग्नेले पनि पाउने छ" भने गणेशजीले । जे त होला भनी ती महिलाले भनिछन्– "पैलो वर एक करोड रूपियाँ दिनुहोस् ।" तुरून्त एउटा बाकस उनको अगाडि देखापऱ्यो, हात्तीहात्ती छापका नोटका गड्डा एक सय ओटा भरिएका ! उनलाई विश्वास भएन । फेरि भनिन्– "दोस्रो वर मेरो यो थोत्रो घरलाई महल बनाइदिनुहोस् ।" भन्न पाएको छैन उनको घरको रूपरंगै बदलियो– राजाको दरबार जस्तो महल भयो त्यो । त्यसपछि उनले गम खाइन् । उनले बुझिहेरिन् उनको त्यो 'मोरो' लोग्नेको हाल । नभन्दै ऊ पनि औलादौला धनी भएछ, उसको घर त ऋन् उनको भन्दा पनि डबल ठूलो र राम्रो भएको । अब तेस्रो वर माग्नलाई उनले केही समय लिइन् । अन्त्यमा गणेश भगवानलाई सम्झेर उनले भनिन्– "भगवान् मेरो तेस्रो वर यस्तो होस्– तपाईं तर्साएर मेरो सात्तो लिनुहोस्, डरले म आधा मरिजाऊँ, त्यति भए पुग्छ ।"

सुनिन्छ– उनको त्यो लोग्ने भनाउँदोको हालै हार्टयाटाक भएर मृत्यु भएछ ।

१६४ अलि डरपोक खालका रहेछन् एउटा अफिसका अधिकृतहरू, आआफ्ना स्वास्नीहरूसँग निकै डराउने । अफिसका महिला कर्मचारीसँग हाँसेर कुरा गर्न पनि डराउने उनीहरू स्वास्नीहरूलाई कसैले कुरा पो लगाइदिहाल्ला कि भनेर सधैं भयभीत रहन्थे । अब, त्यो अफिसमा एकजना पट्ठा अधिकृत सरुवा भएर आएछन् । साह्रै फरासिलो साह्रै मिलनसार । महिला कर्मचारीहरूसँग पनि चाँडै नै घुलमिल भैहालेछन् । हाँसखेल ठट्टा पनि चल्दोरहेछ उनीहरूको । यो देखेर पुराना अफिसरहरूलाई डाहा भएछ । तर के गर्न सक्थे र त्यो नयाँको कुरा काट्नुबाहेक ? एउटाले भनेछन्– "मोरो कस्तो छिल्लिएको, लाज पनि नभएको" अर्कोले भनेछन्, "हो त नि ! उसकी स्वास्नीले थाहा पाइभने के भन्ली ।" तेस्रोले पनि सही थापेछन् "आफ्नो स्वास्नीको पीठ पछाडि यस्तो गरिहिंड्ने कस्तो स्वास्नीको डर पनि नभाको । मैले त बुझनुभो ? आफ्नो श्रीमतीले नदेख्ने ठाउँमा आजसम्म केही गरेको छैन । उनको पछाडि मैले गर्न सक्ने भनेको त्यही एउटा कुरा हो– उनको बाको हुक मिलाइदिने ।"

१६५ काठमाडौंमा चलेको एउटा आवासीय विद्यालयमा एकजना मिसले आफ्ना नानीहरूलाई भनिछन्– "तिमीहरूको होमवर्क एउटा चित्र बनाएर ल्याऊ । तिमीहरूको डयाडीलाई मन पर्ने कुरा, फुटबलको, क्रिकेटको, कम्प्युटरको अथवा जेको भए पनि हुन्छ, तिम्रो बुबालाई मन पर्ने कुराको चित्र बनाएर ल्याउने ।" एउटी सानी राम्री नानीले हात उठाइन् । मिसले "के हो भन, सरला" भनेपछि सरलाले भनिन्– "मिस, हगि मेरो डयाडीलाई त मेरो ममी एक्दमै मन पर्छ, म ममीको चित्र बनाएर ल्याऊँ ?"

☆ ☆ ☆ ☆

१६६ स्वर्गको कथा हो यो । स्वर्गमा पनि प्रेम-सेम हुँदोरहेछ ! त्यहाँ पुगेका नेपाली दुई जना तन्नेरी तरुनीको प्रेम भएछ र हाम्रो विहे गराइदिनुस् भन्न चित्रगुप्तकहाँ पुगेछन् । चित्रगुप्तले– 'अहिले पुरेत छैनन्, पाँच वर्षपछि आऊ' भनेर फर्काइदिनु भएछ किनभने पुरेतहरूको साधारणतः स्वर्गमा प्रवेश निषेध हुँदोरहेछ । यी प्रेमी-प्रेमीका पाँच वर्षपछि फेरि पुगेछन् । अब त गराइदिनै पऱ्यो भनेर चित्रगुप्तले तलबाट पुरेत बोलाएर विहे गराइदिनुभएछ । प्रेम मात्र होइन स्वर्गमा पनि झगडा पनि हुँदोरहेछ ।

यी दम्पतिको पनि रहँदा बस्दा झगडा परेछ। अब डाइभोर्स गराइदिनुस् भन्न पुगेछन् उनीहरू चित्रगुप्तकहाँ, चित्रगुप्तले टाउकामा हात राखेर कराउनु भएछ– "कहाँबाट डाइभोर्स गराऊँ म– यो नेपाल हो र ? वकीलहरू यहाँ आइनै पुग्दैनन्। कहाँ पाउने मैले ? तिमीहरूलाई बिहे गराउन पुरेत मगाउन त यमराजसँग कति विन्तिभाउ गर्नुपऱ्यो ! अब वकील कसरी मागने ? कस्तो अपठेरोमा पाछौं मलाई तिमी नेपालीहरू !"

ती दम्पति डाइभोर्स गर्न अझै स्वर्ग पुग्ने नेपाली वकीलको प्रतीक्षामा छन् रे।

☆ ☆ ☆ ☆

१६७ निकै बिग्रेको थियो शिवालय। त्यहाँका पुजारीले गाउँका ठालुहरूलाई एकादशीका दिन एकत्र गरेर मन्दिरको दयनीय हालतको वर्णन गर्दै जीर्णोद्धार गर्न चन्दादानको आग्रह गरे। अरूले केही भन्न पाएकै थिएनन् त्यहाँको भट्टी पसलीको श्रीमान्ले उठेर भने– 'म १ हजार रूपियाँ दिन्छु।' पुजारीजीले टाउको हल्लाए– 'भट्टी पसलबाट उठेको पैसा यस्तो पवित्र काममा कसरी लगाऊँ ? त्यो म लिन सक्तिनँ।' भने यो सुनेर त्यहाँ एकजनाले पछिल्तिरबाट करायो– "लिनुस् पण्डितजी लिनुस्, आखिर त्यो सबै पैसा हामी सबैको गोजीबाट गएको त हो नि ! लिनुस्।"

पश्चिमतिरको कथा हो यो ।

एउटा ठूला मन्दिरका महन्तजी रहेछन्, घोडाहरूका खूब शौखिन । तरहतरहका, जातजातका घोडा जम्मा पारेको थिए उनले । उनको यो शौखको बयान सुनेर दक्षिणतिरको एकजना बेपारीले एउटा खूब राम्रो फूर्तिलो घोडा बेच्न ल्याएछ । महन्तजी घोडा देखेर मोहित भैहाले । मोलमोलाई पनि नगरी भनेकै रकम दिएर उनले घोडा किने । बेपारीले भन्यो, "घोडा असाध्यै राम्रो छ हजूर तर जोगी सन्यासीहरूका बीचमा पालिएकोले धार्मिक आदेशमात्र मान्दछ । यसलाई 'हिड्' भन्नुपर्‍यो भने 'भगवानका जय' भन्नुपर्छ, रोकिनलाई भन्नुपर्‍यो भने 'तथास्तु' भन्नुपर्छ । यस्तै यस्तै छ ।" अच्छा भनेर जाँचिहेर्नलाई महन्तजी घोडा चढे, अनि बिस्तारै 'भगवानको जय' भने । घोडा टुकुटुकुटुकु डुल्की जान लाग्यो दङ्ग पर्दै महन्तजीले बारबार 'भगवानको जय' भन्दै गए, घोडा पैयाँ ठोकेर कान्लाकान्ला नाघ्दै दौड्दै गयो । अकस्मात अगाडिपट्टि ठूलो भीर आइपुग्यो । आत्तिएर महन्तजीले 'तथास्तु तथास्तु' भन्दै चिच्याए । नभन्दै, भीरको डिलैमा पुगेर घोडा टक्क रोकियो । सुइय गरे सुस्केरा हाल्दै महन्तजीले निधार

को पसिना पुछे। अनि आफ्नो ज्यान बचेको देखेर 'भगवानको जय' भनेर हात जोरे।

महन्तजी र घोडा दुवैका क्षतविक्षत लाश मात्र फेला पऱ्यो त्यसपछि।

☆ ☆ ☆ ☆

१६९ चित्रगुप्तका इजलासमा दुईजना सँगसँगै पुगे, ज्ञानबहादुर र बुद्धिवीर। पृथ्वीमा छँदा नै यी दुईजनाको चिनजान थियो– दुवैजना सफ व्यापारी, तर प्रतिस्पर्धी। मनं पनि सँगै मरेछन्। ज्ञानबहादुरले बुद्धिवीरलाई सोधे तिमी कसरी मऱ्यौ? उनले जवाफ दिए– "मलाई मेरो स्वास्नीको चरित्रमा शंका थियो। एकदिन त्यसको नाठालाई ट्याप्पै समाउँछु भनेर कुथेलामै घर पुगें। चोटा कोठा कुनाकुना खोजें। केही पाइन। अनि होइन रहेछ भनेर व्यर्थै शंका गरेछु भनी साह्रै दुःख लाग्यो, त्यसैले हार्टएट्याक भयो र यता आइपुगें।" त्यो सुनेर ज्ञानबहादुरले थक्कथक्क मान्दै भने– "तिमीले एउटा ठूलो गल्ती गऱ्यौ, त्यो भान्छा कोठाको ठूलो डीपफ्रिज छ नि? त्यसमा तिमीले हेर्दै हेरेनछौ। हेरेको भए मलाई त्यहीं भेट्थ्यौ, तिमीलाई हार्टएट्याक पनि हुने थिएन अनि म पनि त्यो फ्रिजमा कठ्याग्रिएर मर्ने थिइनँ थुइक्क!"

१७० भुंडी ढुस्स हुँदै आयो खानामा रुचि वन्द भो ।
हात खुट्टा पहेंला भै चाया गालामहा वस्यो ॥
छोरीको यो अवस्थाले बाबु आमा अतालिए ।
पाठा भाकेर देवीमा, धामीका घर सोधिए ॥
धामीले जोखना हेऱ्यो, छाम्यो नाडी, निधारमा ।
'ठूलै बिगार पारेछ शत्रुले' भनी घोरियो ॥
"यसलाई निको पार्न लाग्दै समय लाग्दछ, ।
जीयमा क्यै नहोला है, नौ मैना तर लाग्दछ" ॥
आत्तिए बाबु आमा "लौ के खाएर बिगार भो ।
खुट्टाइ दिनुहोस्, चौता, अब हामी कसो गरौं ?"
अपठ्यारोमा पऱ्यो धामी कतिसम्म भनूं भनी ॥
अनि बुझाउँदै गूढ रहस्य धामीले भन्यो–
"मुखबाट छिरेको क्यै वस्तुबाट बिगार यो ।
परेको हैन बुझनुहोस् खाने प्यूने गरेर क्यै ॥
अर्के कुनै छिद्रबाट झुक्काएर पसेछ त्यो ।
त्यसलाई गरूं के म झारे'नि झरदैन यो ॥"

☆ ☆ ☆ ☆

१७१ मिलेटरी ठट्टा हो यो कर्णेल काकीमर्का ।
दुईजना उदीयमान महासेनानीहरू रहेछन् क र
ख, चाँडै नै सहायक रथीमा पदोन्नति हुने वाला ।
एउटा जोडपार्टीमा सँगै परेछन् । दुवैले तीन तीन
पेग चढाइसकेका रहेछन् । कले खलाई भनेछ–

"अर्को पेग पनि लिने होइन ?" खले चारैतिर आँखा घुमाउँदै भनेछ– "हुन त हुन्थ्यो तर मेरी श्रीमतीले 'रिमोट कण्ट्रोल' गरिरहिछ । हेरन कसरी ठूल्ठूला आँखा लगाएर एकटक मलाई हेरी राख्या'छ !" यो सुनेर सुइध्य गर्दै कले भन्यो "भाग्यमानी रहेछौ यार । तिम्रो त रिमोट कण्ट्रोल मात्र गर्दिरहिछन्, मेरीले त 'डाइरेक्ट' गर्छे– 'चिमोट कण्ट्रोल' !" यति मात्र कले भन्न पाएको थियो, नयाँ ग्लास ह्वीस्की लिन हात बढाएको मात्र थियो, ग्लास समाउन पाएकै थिएन उसले, नभन्दै उसका हातमा कसले हो कोकाकोलाको ग्लास थमाइदियो ! फर्केर हेऱ्यो खले । को हुन्थ्यो ? उनै रहिछन् ककी धम्मरधूस श्रीमती ।

☆ ☆ ☆ ☆

१७२ हाम्रो नगरपालिकाको चुनावताकाको कुरा हो यो । बाईस नम्बर ओडामा चुनाव प्रसारको गरमागर मी थियो । दुवै पक्षका उम्मेदवारहरू घरघर गएर भोट माग्दै थिए । एकजना भोटर, प्रधानजी भरखरै विदेशबाट फर्केर आएका, उतैको रंगमा थिए– उनले बेलाइती पारामा सुकुचालाई सोधे– "होइन सुकुचा भाइ, तपाईंहरूको मुद्दा के हो ? तपाई र चिरिभाइचाको सिद्धान्तको

फरक के हो मलाई सम्झाउनुस् त !" सुकुचाले आपनै तेपाली पाराले भने– "हेर्नोस् प्रधानसर, सिद्धान्तमा कुनै फरक र त्यस्तो ठूलो मुद्दा केही होइन । अहिले चिरिभाइचा छ त्यो कुर्सीमा, त्यस कुर्सीमा अब म बस्न चाहन्छु, त्यति हो ! त्यसैमा तपाईंको सहयोग चाहियो ! बुझ्नुभो ?"

प्रधानसरको बेलाइती पालिस सुकुचाको एकै वाक्यमा खलास !

☆ ☆ ☆ ☆

१७३ ठट्टै हो, यसको सत्यतामा ग्यारेण्टी बस्न सकिदैन । तैपनि कथा हार्लू ।

एकथरी गफाडीहरूको जमघट रहेछ एउटा बार, चिया पसलमा नारायणघाटमा । कुरा उठेछ मानिसहरूको सबभन्दा ठूलो मित्र सबभन्दा भलो गर्ने जनावर कुन हो भन्ने । गाई, कुकुर, मुसा, बिरालोदेखि सर्पसम्म सबैको नाम आइसक्यो तर कसैले कसैलाई मनाउन सकेन । अनि एकजना बुझक्कड उठे । उनले दुई तीन बोतल बियर लगाइसकेका थिए । तर भारी भए पनि उनको बोली लरबरिएको थिएन । उनले गम्भीर स्वरमा भने– "हेर मान्छेको सबैभन्दा ठूलो मित्र भनेको भाले घडियाल हो । " सबै हाँसे । कसैले पत्याएन । उनले प्रमाण

पेश गर्नुपऱ्यो । भने– "हेर, पोथी घडियाल एक-पटकमा एक हजार ओटा फुल पार्छे । त्यो भालेले ९९९ ओटा फुल खाइदिन्छ । जम्मा एउटा मात्र बाँच्छ । अब बिचार गर, त्यो भालेले ती सबै फूल नखाइदिएको र सबै बच्चा बाँच्ने भएको भए तिमीहामी अहिले यो नारायणघाटमा यसरी बसिरहन पाउँथ्यौं ? लौ भन ।"

सबै निरूत्तर । त्यस दिनको बाजी तिनै वृक्कडले जिते रे ।

☆ ☆ ☆ ☆

१७४ यो पनि एउटा बेलाइती ठट्टा नै हो–

एउटा त्यस्तै पार्टीमा गएका थिए श्रीमान् । फर्केर आएपछि स्वास्नीले सोध्न थालिन् पार्टी कस्तो थियो– 'राम्रै थियो' । कोको आएका थिए– 'जम्मै थिए, सब्बै थिए ।' खाना कस्तो थियो– 'उही त हो नि साविक' । अब स्वास्नीलाई खपी नसक्नु भयो । सोधिन् आइमाईहरूले के लगाएका थिए ? जवाफ दिन श्रीमान्लाई गाह्रो भयो । अलिबेर गम खाएपछि उनले भने– "टेबुलमाथि त ऊण्डै-ऊण्डै केही पनि लगाएका थिएनन् तलपट्टि चाहि हेर्ने मलाई हिम्मतै भएन ।"

के अर्थ लगाउने यसको ?

१७५ एकजना पाखे पहिलोपटक शहर आएको रहेछ। यसो घुम्दै थियो। व्याण्डबाजा बजाएर एउटा विहेका जन्ती जादै रहेछ। निकै चाख लिएर उसले जन्तीलाई हेऱ्यो। जन्ती गइसकेपछि, उसले त्यतै उभिरहेका एकजना शहरियालाई सोधेछ– "कसको विहे हजूर यो, कसको बिहे भएछ ?" शहरियाले पाखेलाई देखेर भनेछ– "जी मस्यू।" पाखेले घुमीघुमीकन शहर खूब हेऱ्यो। ३।४ दिनपछि ऊ पचलीतिर पुगेको थियो– ढुवांढुवां कां पुग्या फुकेर एउटा मुर्दा त्याउँदै रहेछन्। उभिएर हेऱ्यो उल्ले त्यो पनि। अनि मलामीहरू पास भइसकेपछि त्यसै गरेर अर्को एकजना भलाद्मीलाई सोध्यो, "को गएछ हजूर, को मरेछ ?" ती भलाद्मीले पनि उस्तै गरेर जवाफ दिएछन् "जी मस्यू।"

'जी मस्यू ?' पाखे जिल्ल परेछ। भनेछ "बिचरा जी मस्यूले धेरै दिन बिहेको मोज गर्न पनि पाएनछ। चारै दिनमा गएछ बिचरा कठैबरा।"

☆ ☆ ☆ ☆

१७६ हरिप्रसादको एउटा खराब बानी थियो। जस्तोसुकै खराब कुरा सुनेपनि भनिदिने– "भाग्यले त्यसभन्दा खराब केही भएनछ, हुनसक्थ्यो नि।" उनको यस आदतले उनका साथीहरू त आजित भइसकेका

थिए । त्यसै हुँदा उनलाई नाजवाफ पार्ने डर लाग्दो कुनै खवर तर्जुमा गर्ने निधो गरे एकदिन उनका साथीहरूले बेलुका अफिस सकेपछि पप्लू खेलमा सबै साथीहरू जमेका बेला एकजनाले कुरा उठाए– "सुन्नुभयो हरिप्रसादजीले बुद्धिमान्को कुरा ?" हरिप्रसादले "के भएछ हँ ?" भनेर सोधेपछि उनले भने– "हिजो राति बुद्धिमान घर पुग्दा त उनकी स्वास्नी हाम्रो त्यो अर्को साथी थ्यो नि, वृषधोज, हो त्यससंग सुतिराखेको देखेछ । रिसले आँखै नदेखेर आफ्नो दराजबाट पेस्तोल झिकेर वृषधोजलाई ढ्याम्मै हान्दिएछ, बिचरो त्यहीं नै खत्तम ! त्यो बुद्धिमानको रिस अझ साम्मे भएको रहेनछ । अनि त्यहीं सिरानतिर उसले सधैं राख्ने खुकुरी झिकेर स्वास्नीचाहिंलाई पनि हानेछ । एकै चोटमा स्वास्नीचाहिंको त टाउकै चट ! अनि त्यो रगत तपक्दैको खुकुरी लिएर बुद्धिमान्ले प्रहरी बीटमा पुगेर आत्मसमर्पण गरेछ । कस्तो बर्बाद भएको हेर्नोस्" हरिप्रसादले पप्लूको पत्नीवाट आँखै नझिकी भनेछन् "अँ ववादै भएछ हगि ! तर त्योभन्दा पनि खराव हुन सक्थ्यो नि, भाग्यले भएनछ ।"

साथीहरू सबै जिल्ल परेछन् । कुरा पेटमा नअटाएर अर्को साथीले सोधिहालेछ– "होइन हरिप्रसादजी, यसभन्दा खराब अरू के हुन सक्थ्यो ? के भन्नुभा' तपाईंले ? मैले त कुरै बुझिनँ ।" हरिप्रसादले हातको

एउटा चक्की तल फ्यांके, तल प्याकबाट अर्को चक्की लिए अनि बिस्तारै जवाफ दिए– "के खराब नहुनु नि ? हिजोको सट्टा अस्ति त्यो मोरो बुद्धिमान त्यसरी घर पुगेको भए म मर्ने थिइनं ? त्यो गोली मलाई लाग्ने थिएन ? के कुरा गर्नुभा' ।"

☆ ☆ ☆ ☆

१७७ अर्काकी पत्नीका साथ इत्तिने जिस्किने गरे
दोहरो खतडा पर्नेछ हेर तिमिभा भरे !
पैलो त लोग्ने आएर तिम्रो जात्रा गराउला
लात, डण्डा र घुस्साले यमलोकै पुऱ्याउला ।
फेरि दोस्रो अर्को चर्को छ, उसले पाचुके लिई
आएर तिमिलाई नै आफ्नो लोग्ने बनाउली ।

☆ ☆ ☆ ☆

१७८ पति-पत्नी थिए घरमा । अरू कोही थिएन । सानो घर । ज्यालढोकामा जाली लाएकै भएपनि बर्खाको सयम केही झिंगा पसिहालेछन् । झिंगा पसेको सहन सक्तैनथे दुवैजना, त्यसैले 'झिंगा मार' अभियान शुरू भएछ । लोग्नेचाहिं फ्याट्ट हान्थे मात्रै मार्न सक्तैनथे । स्वास्नीले निकै ओटा झिंगा मारिसकेको देखेर उनले सोधे– "कतिओटा मरे तिम्रा, मेरो त यौटै मरेन ।" स्वास्नीले हाँस्दै भनिन् "मैले यो पाँच ओटा मारिसकें, दुइटा भाले तीनोटा पोथी ।" झिंगाका पनि भालेपोथी छुट्याउन सकिन्छ भन्ने लोग्नेलाई थाहा थिएन । उनले

अचम्म मान्दै सोधे– "कसरी चिन्यौ भाले र पोथी ?" स्वास्नीले जवाफ दिइन् "ल, सजिलै छ नि, यी तीनोटा भान्छामा प्रेमर कुकरको वरिपरि घुमिरहेका थिए, अनि ती दुइटाचाहि सुत्ने कोठामा ड्रिङ्गम् राखेको दराजमा भुनभुनाउँदै थिए !"

☆ ☆ ☆ ☆

१७९ दुईजना साथी रहेछन्, श्यामवीर र हरिनाथ । एउटै अफिसमा काम गर्ने भएकाले दुवैले एउटै डेरा लिएका रहेछन् । हरिनाथले एउटा सानो कुकुर पालेको रहेछ, पोथी । माया गरेर कान्छी नाम राखेको थियो– कुकुरको उनले । श्यामवीर लाई कुकुर मन नपर्ने भएपनि साथीका लागि भनी 'कान्छी'लाई सहेको रहेछ । तर कान्छी ठूलो हुँदै आएपछि त्यसले बच्चा पनि पाउँछ अनि बसिनसक्नु हुन्छ भनेर उनले कान्छीको परिवार नियोजन गराउने कुरामा बल्लबल्ल हरिनाथलाई राजी गराएछन् । बरु डाक्टरकहाँ कान्छीलाई मै पुऱ्याइदिन्छु भनेर श्यामवीरले कुकुर लिएर गएछन् । एकैछिनपछि फोन आयो । श्यामले भने "मैले कान्छीलाई डाक्टरसाहेबकहाँ छाडिदिएको छु । भरे ६ बजेसम्म ठीक हुन्छ रे तिमी कान्छीलाई लिन जानू ।" यो सुनेर हरिनाथले फोनमै भने "नाइ ब्या, भरे लिएर आउने काम पनि तिमी नै गर । म त्यो कान्छीलाई यस कार्यमा मेरो अलिकति पनि हात छ भन्ने सुईको दिन चाहन्न ।"

१८० एकथरी आधुनिक फेशनेबल दम्पतिको कथा हो यो । भरखर थिहे भएको थियो दुई वर्ष पनि पुगेको थिएन होला । प्रेम विवाह तर खटपट शुरू भैसकेको थियो । एकदिन आफ्नो पुरानो साथीसंग मन फुकाएर लोग्नेको दुर्गुणहरूको फिरिस्त बताउँदै थिइन् । भनिन् "उसको कुरा कति गरौं ? प्रेमा हेर त मेरो गति, उसले गर्दा म कति दुब्लाइसकें देखिनौं ?" साच्चै नै उनी केही दुब्ली देखिएकी भनि थिइन् । प्रभाले सहानुभूति देखाउँदै भनिन् "हो, त्यो त । उसोभए रमा, तिमी यस्तो मोराल्लाई छाडी किन दिन्नौ ? देऊन डाइभोर्स ।" रमाले ईंनार्ईंना जस्तो गरेर भनिन् "अब त्यसै गर्छु । तर पछाड पैले मेरो यो वजन अरु भनि घटेर ४५ केजी पुगोस्, अनि डाइभोर्स दिन्छु ।"

☆ ☆ ☆ ☆

१८१ एकजना नामूद ठूला प्रोफेसर हुनुहुन्छ कैयौं विषयमा अनुसन्धान गरेर अन्तर्राष्ट्रिय ख्यातिसमेत कमाइसकेका । प्रोफेसरसाहेबको उमेर बढ्दै गएपछि सम्झना शक्ति कम भएपनि उहांको शोध-कार्यमा कुनै सिथिलता आएको थिएन । भएपनि उहांको बढ्दो शारिरीक दुर्बलताको ख्याल राखेर विश्वविद्यालयले आपनो सीमित साधनबाट पनि एकजना सहायक उपलब्ध गराएको थियो उहांलाइ । तर प्रोफेसरसाहेबको विर्सने बानीले

सहायकजी भने दिवक भैसकेका थिए । एकपटक नेटीभीले प्रोफेसरसाहेबका व्यक्ति-चित्र खिच्तै रहेछ । उहाँको कार्यशैलीका बारेमा केही जान्न बुझ्न भनेर टीभीको टीम यी सहायकजी कहाँ पनि पुगेछ । अरू कुरा सोधिसकेपछि प्रश्न गरिएछ– "प्रोफेसर साहेबको खोज कार्य अचेल केमा एकत्रित भएको छ ?" सहायकले मुखभरीको जवाफ दिएछन् "हिजोआज प्रोफेसरसाहेब आफ्नो अधिकांश समय आफ्ले लगाउने चस्मा खोज्नमै लगाउनु हुन्छ ।"

☆ ☆ ☆ ☆

१८३ दुइटी छोरी पाइसकेका चरेन्द्रजी पत्नीको प्रसूतिगृह प्रवेशको तेस्रो उपलक्ष्यमा डेलिभरी रूमको बाहिर पट्टि लेफ-राइट गर्दै थिए । भित्रबाट नर्स हाँस्दै उनीतिर आएको देखेपछि नजीकै गएर सोधे– "सिष्टर, दाडी बनाउने आयो कि फेरि पनि लिपस्टिक लाउने नै ?"

☆ ☆ ☆ ☆

१८४ यो महंगीको बेलामा एकैपटक तीनोटा जन्मेपछि मान्छेको सन्तुलन कसरी रहोस् ? प्रोफेसर महर्जनको हालत यस्तै भएको थियो । पाटन हस्पिटलमा मोटी सिस्टरले एउटै किस्तीमा राखेर उनलाई उनका सन्तान देखाउन ल्याइन् । प्रोफेसरले गौरसँग तीनौटैलाई हेरे अनि भने– "सिष्टर, यो बीचको चाहि दिनुस् मलाई !"

१८५ एकजना भूतपूर्व जमिन्दारसाहेब थिए– हिंग नभए पनि हिंगको टालो थियो उनीसंग । तर काठमाण्डूमा आफ्नो केही गन्ती नहुने हुनाले पुरानै फुर्ती लगाएर, गाउलेहरूलाई धाकधक्कूले कजाएर भोरुसलमै बस्थे । यदाकदा राजधानीका नेताहरू पनि उनीकहाँ पुगिरहन्थे । यस्तै एक पटकको कुरा हो । उनको 'हवेली' मा गाउँले नेताहरू र सदरिया राजनीतिकहरूको जमघट थियो । कुरै कुरामा पहिलो सालको चुनावको कुरा उठ्यो । उनले चुनावको वेला बूथसम्म नगएका, भोट नहालेको कुरा चल्यो । शिष्टाचारवस पनि सहरीया नेताजीले उनलाई किन भोट हाल्न जानुभएन भनी सोधे । जमिन्दारसाहबले धोस जमाउने मौका पाइहाले । भने– मलाई अहिले कति आनन्द छ । कस्तो सन्तोष छ । कमसेकम यस्तो भ्रष्टचार गर्ने धाँधली गर्नेहरूलाई मैले त छानेर पठाएको होइन भनेर गौरव त गर्न सक्छु । भोट हाल्न गएको भए के भन्थें म ?

☆ ☆ ☆ ☆

१८६ यस्तै एउटा रोटरी क्लबमा एकजना अतिथि वक्ताले बोल्दाबोल्दा सदस्यहरूलाई 'बोर' गरिसकेको थिए । अन्त्यमा भाषण टुंग्याउँदै उनले क्षमा मागे– "मैले अलि बढ्तै बोले क्यारे । क्षमा गर्नुहोला मैले आज

घडी नभएकोले समयको मलाई हेक्कै रहेन"

यसो सुनेपछि एकजना वाक्क भएको श्रोताले भनिदिएछन् "घडी नभए पनि अगाडि नै टाँगिराखेको भित्ते पात्रो त हेरेको भए हुन्थ्यो नि !

☆ ☆ ☆ ☆

१८७ एकजना साहूले एउटा रिसेप्सनिष्ट टाइपिष्टका लागि विज्ञापन गरेको थिए। स्वाभावतः धेरै जनाले निवेदन दिए। अन्तरवार्ता हुन लाग्यो। एकजना निक्कै राम्री तरुनीको पालो थियो। धेरै कुरा सोधिसकेपछि साहूजीले केटीको आँखामा आँखा गाडेर सोधे– "तपाई साँच्चै कुमारी नै हो, कन्या-केटी नै हो त ?" तरुनीले बुझिहाली यसै प्रश्नको जवाफमा उसको भाग्य निर्भर गर्छ भनेर। उसले बाठी भएर विस्तारै जवाफ दिई "हजूर म कुमारी नै छु, तर यस कुरालाई म त्यति महत्त्व दिन्न !"

☆ ☆ ☆ ☆

१८८ एकजना लुसे किसिमको विद्यार्थी रहेछ। अनि त्यही टोलमा रहेछन् एकजना नखमाँउली केटीका धनाड्य पिता। छोरीको बिहेको पीरले उनलाई सताइरहेको रहेछ। एकदिन त्यो लुसे उनीकहाँ पुगेछ। भक्भकाउँदै भन्न लागेछ "हजूर कुरो के भने मलाई हजूरले अ... बक्सन्छकि भनेर ...

विन्ति गर्न आएको"। केटो हात माड्दै रहेछ– साहूजीले भनिहालेछन् "हुन्छ हुन्छ दिउँला, तिम्रो बाबुलाई पठाऊ" केटो झन् आत्तिएर भनेछ "बुवा त पहाडमा हुनुहुन्छ । मलाई नै बस्योसुन । म बुबाले पठाउनासाथ तिरिहाल्छु, मैले एक हजार रूपिया विन्ती गर्नलागेको"

साहूजी जिल्ल परेछन् अनि जड्किएछन् "एक हजार रूपियाँ रे ? चिन्नु न जान्नु म तिमीलाई एक हजार रूपियाँ कसरी दिऊँ आफै भन त ! मैले त मेरो छोरी माग्न आएका हौकि भनेर पो भनेको !"

☆ ☆ ☆ ☆

१८९ यो कथा लडाईको समयको वेलाइतको हो र भनिन्छ सत्यकथा हो ।

खाने हरेक कुरा रासनमा थियो । सरकारले हरेक चिजको मात्रा तोकिदिएको थियो र हरेक वस्तु 'कण्ट्रोल'मा मात्र वितरण हुन्थ्यो । लडाई चरम चुलीमा थियो । हरेक थोकको अभाव थियो । अरू कुराभन्दा पनि फुल (कुखुराको फुल) देख्न पनि पाएका थिएनन् जनताले केही दिनदेखि । यस्तैमा अमेरीकाबाट एकजहाज फुल आइपुग्यो । सिपाहीहरूलाई लडाईको मोर्चामा पठाउने जति छुट्याएपछि अलिकति 'कोटा' नागरिकहरूलाई

बिक्रिवितरण गर्न भनी कण्ट्रोलका पसलहरूमा पठाइए । एउटा पसलमा आइपुगेका फुलहरू आमा हुने, पेटबोकेका आइमाईहरूका लागिमात्र भनेर तोकिएको थियो । एकजना तरुनी आइन् फुल किन्न खोजिन् । पसलेले भनिदियो पेट बोकेकाहरू गर्भवतीहरूका निमित्त मात्र हो यो ।" तरुनी एकैछिन अकमकाईछ अनि भनिछ "हेर्नुस् जनी गर्नोस् । यो एक दर्जन फुल लुकाएर राखिदिनुहोस् आज एक रातलाई । भोलि म यो लिन आउनेछु । भोलिसम्ममा म गर्भवती भएरै आउनेछु । विश्वास गर्नुस् !"

पसलेले कुरो बुझ्यो रे ! उसले ती तरुनीका लागि एक दर्जन फुल छुट्याएर राखिदिएछ ।

☆ ☆ ☆ ☆

१९० एकजना स्वास्नीका लोग्ने रहेछन् आफूलाई निकै जान्ने बुझ्ने भन्ठान्ने । एकदिन बाटोमा उनका एकजना आफन्तले यसो तानेर भनेछन् "हेर्नुस् बाबु लोग्ने स्वास्नी भनेको सबैका हुन्छन् चलाचल पनि गरिन्छ स्वास्नी भएपछि । तर आफ्नै स्वास्नी भयो भन्दैमा त्यसरी सबैले देख्नेगरी मनपरी गर्नु हुन्छ ?" हिजो तपाईंको चर्तिकला सबै मैले देखें । त्यो गर्दा खेरि ख्याल लगाउनु पर्दैन ?"

स्वास्नीका लोग्नेले ऊकंदै भने– "खै देख्नुभएछ तपाईंले । म हिजो रातिदेखि घरमै गएको छैन । देखें भन्दियो भै गो । कहाँ एर देख्नुभएको तपाईंले । वाइहात !"

१९१ गरीब भनेर मात्र हुदैन । उनीहरूका पनि आफ्नै किसिमका सौख हुन्छन्, चुचुल्ले जिब्रो हुन्छन् । तराइका एकजना जमिन्दारका घरमा त्यसदिन कुनै त्यौहार रहेछ । अनेक प्रकारका काम गर्ने मान्छेहरू चाहिन्थे । उनका हरूवा चरूवा सबै कुनै न कुनै काममा लागि सकेका थिए । दाउरा चिर्ने काम बाकी नै थियो । यस्तैमा गाउँमा अरूवा परूवा कामगर्ने, गरीब रमुवा आउँदै रहेछ । देखेर जमिन्दारजीले भन्नुभएछ "ए रमुवा यो भारी दाउ चिरे देउ, त । तिमीलाई दिउसो घरमा भात खान दिऊँला ।"

रमुवाले अडिए जमिन्दार साहेबलाई खूब सँग हेऱ्यो अनि भन्यो "पहिले आज घरमा केके पाकेकोछ हेरूँ , अनि मिठो मिठो पाकेको रहेछ भने चिरिदिउला"

त्यसदिन दिउसो खाने वेला सम्म दाउरा त्यसै थियो कसैले चिर्ने काममा हात हालेको थिएन

☆ ☆ ☆ ☆

१९२ जोगी भनेर मात्र हुन्छ रे । उनीहरूलाई संसारी ज्ञाज प्रसस्त हुन्छ । यही हेरूँ न यो दशैको कथा ।

नौरथा लागिसकेको थियो । धादिङका गाउँहरूमा मान्छेलाई सासफेर्ने फुर्सत थिएन । ती पल्ले गाउँकी बाग्ले घर बुढी व्यस्थ थिएन ।

त्यस्तैमा एकजना जोगी पुगे त्यहाँ । "कै दिनोस् भाइ, यो दशैको वेला" भनेर अलक जगाए । वाग्लेनी व्यस्त थिइन् नै फर्के । मसग क्यै छैन ऐले बाबा, जानुस जोगी पाका ज्ञानका थिए । विस्तारै भने- "भैगो माइ, मैले तपाई जन्मेको बेला पच्चीसवर्ष देखि हरेक दशैमा यहाँबाट केही भिक्षा लिएरै गएको थिएँ यस पटक यस्तै भै हाल्यो । चालीस वर्ष पुग्न लागेकी वाग्लेनी बजैले तुरुन्तै भनिन् "कस्तो नचिनेको मैले बाबालाई ! वस्नोस् बाबा, एकै छिन् म भिक्षा तयार पार्छु"

बाबालाई थाहा थियो । यो उमेरको अबोध अस्त्र कैल्यै विफल हुदैन । उनी सन्तुष्ट भए रै फर्के ।

☆ ☆ ☆ ☆

१९३ एकजना पहाडीया बिरामीलाई जाँचिसकेपछि डाक्टरसाहेबले भनेछन्– "एकदम रामो छ तपाईको स्वास्थ्य, केही रोग छैन ल !" यो सुनेर खुशी हुँदै विरामीले सोधछन्– "उसो भए म ९० वर्षसम्म बाँच्छु त डाक्टरसाहेब ?" प्रश्न सुनेर डाक्टर उल्टै प्रश्न गर्छन् "तपाई ऐले कति वर्ष हुनुभयो ?

"पचास वर्ष"

"तपाई चुरोट रक्सी क्यै खानुहुन्छ ?"

'खान्न डक्टरसाहेब'

"जुवा सुवा खेल्नुहुन्छ ?"

"अहँ लक्ष्मीपूजा एकदिनबाहेक कैले कौडा छुँदिन"

"अनि यसो कैलेकाही रमाइलो गर्न कतै जाने गर्नु भा'छ ?"

"छैन डाक्टरसाहेब, त्यस्तो कुनै खराब आदत मेरो छैन, एक नारी ब्रह्मचारी हूं म"

यति सुनेपछि डाक्टरसाहेबले जिल्ल परेर सोधेछन्–

"होइन उसोभए अर्को चालीस वर्ष के खानलाई बाँच्न चाहनुहुन्छ त तपाई ?"

☆ ☆ ☆ ☆

१९४ यो पनि डाक्टरी क्लिनिककै कुरा पर्‍यो । तराईका एकजना आफ्नालाई देखाउन आएका रहेछन् श्यामजी डाक्टरसाहेबकहाँ । सानो अपरेशन गर्नपर्छ ऐले नै गरिदिन्छु भनेर लागेछन् डाक्टर साहेब सिरिञ्ज तयार पार्न । श्यामजीले डाक्टरसाहेबलाई सोधे "यो के गर्न लाग्नुभयो भनेर । डाक्टरसाहेबले यो इञ्जेक्सन दिएपछि सजिलो हुन्छ उहाँलाई केही थाहा हुन्न" भनेछन् । अनि श्यामजीले भनेछन् "आ, डाक्टर साहेब पर्दैन इञ्जेक्सन दिन । यो लाटालाई ऐले पनि केही थाहा छैन, किन दिइरहनै इञ्जेक्सन ?"

१९५ हाम्रा रोटरी क्लवहरूमा मुख्य अतिथि वक्ताहरूको परिचय दिने क्रममा अलि बढ्तै तारीफ गरिन्छ, निकै बढाई चढाई नै प्रशंसा गरिन्छ अतिथि वक्ताको । एकपटक यस्तै परेछ । एकजना अति नम्र र प्राध्यापक वक्तालाई निम्त्याइएको रहेछ एउटा क्लवमा । परिचय दिने काम अध्यक्षले एकजना महिला सदस्यलाई सुम्पनु-भएछ। ती रोटेरीयन महिलाले प्रोफेसरसाहेवको बयानमा समुद्रै लहराइदिनु भएछ । अन्त्यमा जब प्रोफेसर साहेवको बोल्ने पालो आयो उहाँले उठेर भन्नु भएछ– "मेरो विद्वत्ता र बोलाइको यत्रो प्रशंसा शान्तिजीले गर्नुभयो, म आफैं अत्यन्त उत्सुक छु मैले बोलेका सुन्न । मेरा मुखारविन्दबाट कति मोती झर्छन् त्यो हेर्न म पनि पर्खिरहेको छु !"

☆ ☆ ☆ ☆

१९६ अब साझा यातायातले महिला कण्डक्टर भर्ना गर्ने रे । विज्ञापन गरेको छ । त्यो काम भयो र आइमाई कण्डक्टरहरू भए भने कस्तो होला साझाका नीला बसहरूभित्र, कल्पना गरूँ ।

बूढो अधबैसे यात्रु: ए नानी खोई मेरो भाडा लिन आएको ? अघिदेखि पैसा हातमा लिएर बसेको बस्यै छु । यता त आउँदै आउनु भएन । म ह्वाँ

सल्लाघारी ओर्लन पर्ने मान्छे बालाजु आइपुगिसकें।
ल लिनुस् पैसा र दिनुस् टिकट ती कलिला हातले !"

☆ ☆ ☆ ☆

१९७ शहराँ मात्र होइन अब लामो दूरीका नाइट बसमा पनि महिला कण्डक्टर भएरे। मलेखु पुग्दा नपुग्दै धेरै जना घुर्न लागिसकेका थिएरे तर हाम्रा र सिक बूढा एकटक लगाएर कण्डक्टरनानीलाई हेऱ्या-हेऱ्यै छन्। बूढाले हेऱ्या नानीले नदेखेकी पनि होइनन्, तर देख्यानदेख्यै गरिरहिन्। अब त क्यै लागेन भनी नानीले मुख खोलिन्– होइन वा, तपाईं खाँदा पनि खानुहुन्न, सुत्दा पनि सुत्नुहुन्न एकनास मलाई हेऱ्या-हेऱ्यै गर्नुहुन्छ के हो यस्तो ?" बूढाले मुख खोले– नानी, पैले त मलाई वा नभन्दिनुस्न वा। वल्ल कस्तो न सम्बन्ध जोडुँला भन्दैछु, तपाईं चाहिं वा भनिदिनुहुन्छ। यो सातौं पटक भयो म यो वीरगञ्जको बस चढेर हिंडेको। तपाईंलाई नै हेर्न। वल्ल आज तपाईंले बोलि त दिनुभयो। औधी खुशी लाग्या छ। नानीका घरमा को को छन्, घर काँछ भन्नुस्न वा" कण्डक्टर नानीले भनिन्– घरमा बूढा छन्, एउटी छोरी छे, स्कूल जान्छे, घर धान्कोटमै छ"

बूढा चित् ! शायद साऱ्हा यातायातले त्यसैदिन एउटा नियमित ग्राहक (यात्रु) गुमायो !

१९८ रोटरीमा अध्यक्षले मात्रै होइन अरु पधाधिकारीहरूले एकवर्ष पछि पद त्याग गर्नै पर्छ। हाम्रा अध्यक्षज्यूको कार्यकाल सकिनै लागेको थियो। त्यसैबेला एकजना सदस्यको 'बर्थडे' परेको रहेछ त्यो दिन क्लबको चिया खाने ठाउँमा जिलेबी। जेरी। सजाएर राखेको रहेछ। तर अध्यक्षज्यूलाई त्यो जेरी उहाँकै विदाइका लागि राखिएको हो भन्ने परेछ। उहाँ गद्गद् हुँदै क्लबका सचिवलाई धन्यवाद दिनुभयो "तपाईंहरू मलाई यति माया गर्नु हुँदो रहेछ, धन्यवाद छ। आज मेरो लाष्ट डे ...." तर, अध्यक्षज्यूले गलामा भक्कानु पर्‍यर 'लाष्ट'को 'ट' उच्चारण गर्न सक्नुभएन अनि कृष्णले कुरूक्षेत्रमा 'नरोवा कुञ्जरो वा' भनेको जस्तो भएछ। ललितधाराले अर्को 'एउटा ठट्टा' भेट्टाइहाल्यो।

☆ ☆ ☆ ☆

१९९ एउटा व्यक्तिगत ठट्टा पनि गरिहालूं। रोटरीमा रो. धिताल र रो. कमलमणिका बीच बातबातमा घोचपेच र ठट्टा-मस्करी चल्छन् भन्ने बदनाम दुवैलाई यी कुराको ज्ञान छ। तर दुवैजना आपनै नानीदेखि लागेको बानीबाट लाचार छन्, उनीहरू यो छोड्न सक्तैनन्। एकदिन धितालजीको सन्मानमा एउटा समारोह आयोजना गरियो र त्यसमा कमलमणिजीलाई बोल्न आग्रह गरियो भने उहाँले

सम्भवत यसो भन्नुहुन्छ– "धितालजी र म अत्यन्त निकट छौं, केटाकेटी बेला देखिनै । मेरो लागि पऱ्यो भने धिताजीले नगर्ने केही कुरा छैन, त्यस्तै धितालजीका लागि त्यस्तै पऱ्यो भने मैले नगर्ने कुरा केही छैन । त्यसैले हामीहरू हाम्रा सम्झौताअनुसार एक अर्काका लागि केही पनि गर्दैनौं ।"


ROTARY
INTERNATIONAL

मुद्रक: जगदम्बा अफसेट प्रा. लि.